CC-0. In Public Domain. Digitization by eGangotri

कर्णाली लोक संस्कृति

खण्ड ५

साहित्य संगीत कला



.0CS5914SL
४६क

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड ५

कर्णाली लोक संस्कृति

साहित्य संगीत कला

प्रदीप रिमाल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।

306.0T9९48५५
नि४६क

सर्वाधिकार प्रकाशकमा निहित छ ।

प्रथम संस्करण, वि. सं. २०२८

मुद्रक

मातृभूमि प्रेस, घण्टाघर, काठमाडौं ।
फोन. नं. १२५२०, १३५२०

CC-0. In Public Domain. Digitization by eGangotri



श्री ५ महाराजाधिराज कर्णाली अञ्चलस्थित राराको किनारमा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

"ए ! रारा ! बताऊ !
रारा भनेको तिमी को हौ ?
स्वर्ग कि अप्सरा ? –
अथवा इन्द्रको कोपले गर्दा
झर्‍यौ पृथ्वीमा, धेरै वर्ष अघिदेखि
रहिआयौ यस सुनसानमा उपेक्षित ?
भन ! भन– बिन्ति छ मेरो
अथवा– स्वर्ग नै ठान्यौ तिमीले झुक्केर
आई अनि बस्यौ यस पृथ्वीमा
एशियाको धुकधुकीमा
रारा– मा, नेपालमा
नेपालीको यो प्यारो देशमा ?"

कविवर श्री एम. बी. बी. शाह

'फेरि उसैको लागि' बाट उद्धृत

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्‌खण्डले दिइआएका योग–दानको विशेष महत्त्व छ ।'

हुन पनि हिमवत्‌खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ , ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्‌को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्‌खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो । मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ ।'

मलाइ आशामात्र होइन पूर्ण विश्वास पनि छ , श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म–सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ ।

केदारमान व्यथित

२०२६ साल जेठ

कुलपति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योग–दानको विशेष महत्त्व छ ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ , ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो । मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ ।'

मलाइ आशामात्र होइन पूर्ण विश्वास पनि छ , श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म–सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०२६ साल जेठ

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेक्षण सम्बन्धमा

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले श्री सत्यमोहन जोशी, हाम्रा सह–सदस्यको नेतृत्वमा कर्णाली अञ्चलको लोक संस्कृति सर्वेक्षणनिमित्त एक टोली पठाएकोमा सो कार्य सफलतापूर्वक सम्पन्न भएको देख्ता अझ मुख्यतः जुम्ला सिंजाखोला उपत्यकाको जन–जीवन सम्वन्धित विषयहरूको खोजपूर्ण तथ्यहरूको अवलोकन गर्दा मैले यो प्रतिष्ठानकै गौरवपूर्ण उपलब्धि हो भन्ने सहर्ष स्वीकार गरेको छु। हाम्रो देशमा कैयौं सांस्कृतिक भण्डार छन् तथा कैयौं अमूल्य तथ्यहरू रत्न जस्तै कुना-काप्चामा लुकेका छन्, तिनको खोजी गरेर जनसमक्ष राख्नु हाम्रो कर्तव्य हो, यिनै-बाट हाम्रा इतिहास र संस्कृतिले यथार्थ रूप लिन पाउँछन्। अतः यस कार्यले प्रेरणात्मक भई सब विद्वान्लाई कार्यमा सुन्याउला भन्ने मेरो धारणा छ। यस्तो सुयोग्य उत्तम कार्यको निमित्त म श्री जोशीजीमा हार्दिक बधाइ अर्पण गर्दछु तथा उहाँका सहयोगी सर्वश्री प्रदीप रिमाल, प्रा. चूडामणि बन्धु, विहारी कृष्ण श्रेष्ठ र स्थिरजङ्गबहादुर सिंलाई पनि साधुवाद प्रकट गर्दछु।

बालकृष्ण सम
उपकुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

नेपाली वाङ्मय, नेपाली साहित्य, नेपाली नाटच र संगीत नेपाली कला र नेपाली संस्कृतिको उत्थान र विकास गर्ने आफ्नो लक्ष्यअनुरूप सुनियोजित तरीकाले काम गर्नको निमित्त नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले पञ्चवर्षीय योजनाको तर्जुमा गरेको छ । यस योजनाअन्तर्गत विभिन्न क्षेत्रहरूमा कार्यको शुभारम्भ भइरहेको छ ।

प्रस्तुत 'कर्णाली लोक संस्कृति, खण्ड ५, साहित्य सङ्गीत कला' नामक पुस्तक संस्कृतिसम्बन्धी योजनाअन्तर्गत कर्णाली अञ्चलमा कार्यान्वित भएको 'लोक संस्कृति सर्वेक्षण' को उपज हो । २०२६–२७ को आर्थिक वर्षमा पञ्चवर्षीय योजनाको प्रथम वर्षमा संस्कृति उपविभाग नं २ ले दुर्गम क्षेत्र कहलिएको कर्णाली अञ्चलमा उक्त लोक संस्कृति सर्वेक्षणको परियोजना कार्यान्वित गरेको थियो । त्यसमा संस्कृति उपविभाग नं. २ का आयोजक र त्यसै उपविभाग नं. २ का लोक साहित्य सहायक श्री प्रदीप रिमालका अतिरिक्त, गृह पञ्चायत मन्त्रालयअन्तर्गत पञ्चायत तालीम प्रशिक्षण केन्द्रका उच्च प्रशिक्षक एवं मानवशास्त्रका विशेषज्ञ श्री विहारीकृष्ण श्रेष्ठ, राष्ट्रिय योजना आयोग प्रादेशिक योजना शाखाका अधिकृत एवं भूगोल शास्त्रका विशेषज्ञ श्री स्थिरजङ्गबहादुर सिं र त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं भाषाशास्त्र–विशेषज्ञ श्री चूडामणि बन्धु सम्मिलित हुनुहुन्थ्यो ।

पूर्वनिश्चित कार्य योजनाअनुसार लोक संस्कृति सर्वेक्षण टोलीले कर्णाली अञ्चलको सिंजाखोला उपत्यकामा हाटसिंजा पञ्चायतको हाटसिंजा गाउँमा आफ्नो केन्द्र कायम गरी यतैबाट लोक संस्कृति सर्वेक्षणको विस्तृत कार्यको शुभारम्भ वैज्ञानिक तरीकाले गऱ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्यतया निम्नलिखित विषयहरूमा विस्तृत रूपले काम सुसम्पन्न भयो:—

१. ऐतिहासिक अन्वेषण

२. भौगोलिक अन्वेषण

३. सामाजिक–सांस्कृतिक अन्वेषण

४. भाषा अन्वेषण

५. लोक साहित्य, संगीत र कला अन्वेषण

यी पाँच विभिन्न विषयहरूबाट के कति उपलब्धिहरू प्राप्त भए भन्ने कुरामा कर्णाली लोक संस्कृति नामले प्रकाशित भएका खण्ड १, खण्ड २, खण्ड ३, खण्ड ४ र खण्ड ५ का सम्बन्धित विषयवस्तुहरू भएका पुस्तकहरूले नै बताउनेछन् । अतः यस सन्दर्भमा विशेष भन्नु केही छैन । तैपनि, यहाँ यी उपलब्धिहरू कसरी हासिल हुन आए भन्ने विषयमा दुई शब्द लेखी स्पष्ट गर्नु युक्तिसंगत हुनेछ ।

लोक संस्कृति सर्वेक्षणको सम्पूर्ण कार्य अवधि ५० दिनको मात्र थियो । हुनत कर्णाली अञ्चल जस्तो दुर्गम एवं विशाल क्षेत्रमा लोक संस्कृति जस्तो व्यापक विषय लिई ५० दिनभित्र काम सुसम्पन्न गर्नु अपर्याप्त नै थियो । वास्तवमा कर्णाली अञ्चलका चार विकास जिल्ला (जुम्ला, तिब्रीकोट, मुगु र हुम्ला) मध्ये एक जिल्लामा मात्र विस्तृत रूपले घुमी निरीक्षण गर्न पनि ५० दिन पर्याप्त हुँदैन, अनि लोक संस्कृति सर्वेक्षण कार्यको त कुरै भएन । यस कुराको ज्ञान लोक संस्कृति सर्वेक्षण टोलीलाई पनि नभएको होइन । तर लोक संस्कृति सर्वेक्षण टोलीले आफ्नो परियोजनामा ५० दिनभित्र सारा कर्णाली अञ्चलको लोक संस्कृति सर्वेक्षण गर्ने भन्ने लक्ष्य चाहिँ राखेको थिएन । अतः सिंजाखोला उपत्यकामा लोक संस्कृति सर्वेक्षण टोलीले जुन आफ्नो योजनावद्ध कार्य सुसम्पन्न गऱ्यो, त्यो मुख्यतया हाटसिंजा पञ्चायतभित्रको हाटसिंजा गाउँमा कार्यान्वित गरेको एक केस स्टडी (*case study*) अर्थात् एक सीमित क्षेत्रभित्रको कार्य मात्र हो भन्ने कुरो पाठकले बुझि-दिनुपर्छ । हुन त यस प्रारम्भिक प्रतिवेदनको रूपमा प्रकाशित पुस्तकमा उक्त केस स्टडीको अतिरिक्त, कर्णाली अञ्चलभित्रका अन्य जिल्ला, दरा र गाउँसँग सम्बन्धित कुराँहरू पनि यसमा धेरै परेका छन्, तर ती सब सिंजाखोला उपत्यकासँगै सम्बन्धित विषयवस्तु ठान्नुपर्दछ । वास्तवमा ती सब लहराले पहरा ताने झैं तानिएका कुरा-हरू हुन् । यसैले यस पुस्तकमा सिंजाखोला उपत्यकालाई मुख्यतया केन्द्र मानिएको भए तापनि, यसले कर्णाली अञ्चलकै लोक संस्कृतिको वास्तविक चित्रको एक झल्का उतारेको छ भन्नुमा पनि अत्युक्ति हुनेछैन । तर कर्णाली अञ्चलभरिकै लोक संस्कृतिको विस्तृत रूप उतार्न निमित्त भने कर्णाली अञ्चलका अन्य विभिन्न क्षेत्र-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूमा लोक संस्कृति सर्वेक्षणहरू कार्यान्वित गर्नु बाँकी नै छ ।

सिजाखोला उपत्यकामा खानीको रूपमा रहेका लोक संस्कृतिका अङ्ग प्रत्यङ्ग-हरूको पूर्ण रूपले संगालो गरी ती सबको अध्ययन र अन्वेषण गर्न सक्नु सम्भव थिएन । यसैले यस क्षेत्रमा लोकगीत, लोककथा, लोकनृत्य आदिको संकलन गर्दा तिनीहरूको संख्यामा भन्दा तिनीहरूमा पाइने विविधता र विशेषतामा जोड दिइयो । छानिएका लोकगीत, लोककथाहरू टेप गर्नुको साथै ती सबलाई तत्कालै लिपिबद्ध गरी ती सबका टिप्पणी र पृष्ठभूमि तयार गर्ने काम पनि सम्पन्न गरियो । यसरी काम गर्दा लोकगीत, लोककथा आदिको चोखोपना कायम भयो र लोक-जीवनसँग त्यसको जुन सम्बन्ध कायम भएको छ त्यसलाई जस्ताको तस्तै उतारियो । तर यसमा सिजाखोला उपत्यका प्रमुख रूपले कार्यक्षेत्रमा सीमित भए पनि तुलनात्मक दृष्टिले प्रसङ्गवश प्राप्त हुन आएका कर्णाली अञ्चलका अन्य क्षेत्रहरूका लोकगीत, लोककथा, लोकोक्ति आदिको पनि संकलन गरियो ।

लोक संस्कृति सर्वेक्षणको यो नयाँ कदमको काममा अनेक त्रुटि र कमजोरीहरू पनि देखा नपर्लान् भन्न सकिदैंन । तर यो प्रयोगात्मक रूपमा भएको अन्वेषण क्षेत्रको पहिलो काम हो । यसबाट प्राप्त भएको अनुभवले तथा यस सम्बन्धी विद्वद्-वर्गहरूबाट प्राप्त हुने सुझाउहरूले अन्य अञ्चल अथवा केन्द्रहरूमा कार्यान्वित हुने लोक संस्कृति सर्वेक्षणलाई अझ बढी वैज्ञानिक र सफल बनाउनेछन् भन्ने कुरामा दृढ विश्वास गर्न सकिन्छ । अनि लोक संस्कृति सर्वेक्षणको यस परम्परालाई स्थायी रूपले कायम गर्न सकेको खण्डमा यसबाट हुने लाभले नेपाल र नेपालीको मात्र गौरव नबढी नेपाली लोक संस्कृतिप्रति विश्वको जिज्ञासाको पनि सही रूपले पूर्ति हुँदै जानेछ भन्नुमा अत्युक्ति हुनेछैन ।

आजको हाम्रो पञ्चायती व्यवस्था र राष्ट्र–निर्माणको युगमा नेपाल अधिराज्य-भित्रका विभिन्न अञ्चलका विभिन्न भेकमा विभिन्न प्रकारले छरिएको लोक–संस्कृति-भित्र हामीहरू के के भेटाउन सक्छौं भन्ने कुरा आज सबैले बुझिदिनुपरेको छ, विशेषतः विद्यार्थीहरूले । हामीले पहिले आफूलाई आफैले चिन्नुपर्छ, यसैले हामीले आफ्नो देशभित्रको कुनै पनि साझा संस्कृतिको अङ्गलाई उपेक्षा गर्नु हुँदैन; अन्यथा हाम्रो देशको महानतामा धक्का लाग्नेछ । हुन सक्छ, हाम्रो देशको कुना–काप्चामा बस्ने दाजु–भाइ, दिदी–बहिनीहरूको रहन-सहन, बोली-वचनमा एक अर्कोसँग तुलना गर्दा त्यसमा विभिन्नता होला तर त्यसै विभिन्नतामा देखा पर्ने लोक–संस्कृतिको विविधतामा नेपालको वैभव र एकता छ भन्ने कुरो हामीले भुल्नु हुँदैन । अतः यस

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकले (कर्णाली लोक संस्कृतिअन्तर्गतका खण्ड २ देखि ५ का अरू पुस्तकहरूले पनि) उक्त तथ्यको आधारमा कर्णाली लोक संस्कृतिभित्र निहित सांस्कृतिक रूपरेखा, सांस्कृतिक गुण, सांस्कृतिक समन्वय तथा सर्वमान्य सांस्कृतिक विशेषता आदिको रूपरेखा प्रस्तुत गरेर नेपाली लोक सांस्कृतिक अन्वेषणको क्षेत्रमा नौलो पथ प्रदर्शन गर्नेछ। साथै यसले कर्णाली अञ्चलका सिंजाखोला उपत्यकाका बासिन्दाहरूले आदिकालदेखि त्यहाँका वरिपरिका डाँडा-काँडा, वन-जङ्गल, खोला-नाला, बगर-फाँटका सेरो-फेरोमा के कस्तो जीवन यापनका क्रम चलाए, के कस्तो परिवर्तन ल्याए, तिनीहरूले परम्परागत रूपमा के कस्तो इतिहास र संस्कृतिको सिर्जना गरे तथा तिनीहरूले मान्ने गरेका ग्रामीण देव-देवताहरूले समेत (विशेषत: मष्टाले) कसरी तिनीहरूको जीवनको नियन्त्रण गरे र गरिराखेका छन् भन्ने कुरा पनि संक्षिप्त रूपले दर्शाउने नै छ।

अन्त्यमा कर्णाली अञ्चल जस्तो दुर्गम कहलिएको क्षेत्रमा आइपरेका अनेक बाधा कठिनाइहरूका सामना गरी कर्णाली लोक संस्कृति अन्तर्गत लोक साहित्य, सङ्गीत, कलासम्बन्धी अध्ययन र अन्वेषण गरी प्रस्तुत पुस्तकलाई यस रूपमा तयार गर्नुहुने श्री प्रदीप रिमालजीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अनि उक्त काममा उहाँलाई सघाउ पुऱ्याइदिने ती सबै महानुभावहरू पनि धन्यवादका पात्र भएका छन्। विशेषत: तिब्रीकोट बोहरा गाउँका श्री महाशङ्कर देवकोटा, जुम्ला लुडखुका मा. श्री तुङ्गनाथ पाध्या, श्री लक्ष्मीनिधि उपाध्याय, श्री गौरीकान्त न्यौपाने, श्री पद्म शरण पाध्या, हार्टसिंजाका श्री धनलाल हमाल र उहाँका साथीहरूले जुन प्रशंसनीय सहयोग गर्नुभयो, त्यो विशेष उल्लेखनीय भएको छ। यसै प्रसङ्गमा केही लोकगीतहरूको स्वर लिपिबद्ध गर्ने काममा सहयोग गर्ने श्री रङ्गराव कादम्बरीलाई पनि धन्यवाद दिन्छु।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति उप विभाग नं. २
वि. सं. २०२८

विनीत
सत्यमोहन जोशी
सह-सदस्य

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

विषय	पृष्ठ
१. लोक गीत	**१–२३**
(क) मागल	२
(ख) रत्यौली गीत	६
(ग) डाङ्ली सार्दाको गीत	७
(घ) तुलछा	७
(ङ) दोहरी	८
(च) देउडा गीत	९
(छ) बान्हमासे	१०
(ज) भैलो	१०
(झ) दशैंको गीत	१२
(ञ) भजन	१३
(ट) दाईं गीत	१३
(ठ) पडेली	१४
(ड) मष्टाको भाकल गीत	१७
(ढ) जाडोको गीत	१७
(ण) पशु–पन्छी वारेका गीतहरू	१८
(त) रूने–धुने	२२
(थ) भुओ खेल	२३
२. लोककाव्य	**२४–३१**
(क) साइमल साईको चाँचडी	२४
(ख) राराको पैंकेलो	२५

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
(ग) सोभन साईको विलाप	२५
(घ) काशीराम पैंकेलो	२६
(ङ) लाटी देउतीको पडेली	२९
३. **लोकनाच**	३२– ३४
(क) देउडा नाच	३२
(ख) ढाल नाच	३२
(ग) हुड्का नाच	३३
(घ) चोपाउँदाको नाच	३३
(ङ) चाँचडी नाच	३३
(च) धामी नाच	३४
(छ) ढोली नाच	३४
(ज) मुगाली नाच	३४
४. **लोकवाद्य–वादन**	३५– ३८
५. **लोक कथा**	३९– ६१
(क) संसारको सृष्टि	४०
(ख) बुद्धि–विचार	४३
(ग) छोरीका आस वड्डाऽ नाश	४६
(घ) कूचे बूढा	४८
(ङ) लाटा र बाठा	५२
(च) पाटनको भूत	५७
(छ) छिङ्छिम लामा	६०
६. **गाउँखाने कथा**	६२– ७०
७. **उखान–टुक्काहरू**	७१– ९४
८. **शिलपकला, वास्तुकला र चित्रकला**	९५– ९७
९. **लुगा, गहना र सिंगारपटार**	९८– ९९
१०. **खानपिन र परिकार**	१००–

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
११. आमोद–प्रमोद	१०१–
१२. चाड र मेला	१०२–१०५
१३. केही स्थानीय भूतप्रेतहरू	१०६–१०७
१४. सपनामा विश्वास	१०८–१०९
१५. सगुन र अपसगुन	११०–
१६. बाल लोक साहित्य	१११–११८

चित्र–सूची

१. धामी र धमिनी 'धामी नाच' को फन्कोमा
२. ढोलीनाचको रमिता
३. देउडा नाचको एक झलक
४. ढाल नाचको जोशिलो दृश्य
५. धामी पतुर्न लागेको दृश्य
६. खूट हान्न सिपालु दमाईहरू
७. लामा थाडाको सिउ बाघ
८. शुकनासिका शैलीको ढुंगे देवल
९. आफ्नै वेष भूषामा सजिएको मुगाली नृत्य
१०. मष्टाको देव थलीको प्रवेशद्वार
११. मष्टा देवलाई चढाइने ढुंगाको मूर्ति
१२. बाज
१३. डाँफे
१४. ठेटुवा छिप्न लागेकी आइमाई
१५. बुट्टेदार चिलिम र सुल्फाहरू
१६. मागल गाउन सिपालु मुग्लेरीहरू
१७. सिंजा दाप् जिउलाको मगरा (ढुङ्गे धारा)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



जुम्ला खलङ्गास्थित श्री चन्दननाथ र भैरवनाथका मन्दिरहरू

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लोकगीत

लोकगीत लोक-संस्कृतिको महत्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् । प्राचीन आर्यहरूले पुस्तौं- पुस्तासम्म सामवेद मुखाग्र पार्दैआए जस्तै लोकगीत पनि पुस्तौं-पुस्तौंदेखि जनजिभ्रोमा झुन्डिँदै आएको हुन्छ । " बूढा मरे, भाषा सरे " भन्ने लोकोक्तिलाई लोकगीतले चरितार्थ पार्छ । हाम्रा कर्णाली अञ्चलका लोकगीतहरूले पनि नेपाली लोक-संस्कृतिको विकास गर्नुको साथसाथै राष्ट्रिय जागरण ल्याउने काममा पनि निकै सघाउ पुऱ्याउनेछन् भन्ने विश्वास गर्न सकिन्छ ।

कर्णाली अञ्चल लोकगीतमा निकै धनी छ । यहाँ समय-समयमा गाइने थरी-थरीका लोकगीतहरू पाइन्छन् । यिनमा मागल, चुड्किला, पडेली, चाँचडी, भारत (कर्खा), दोहरी,देउडा, खेतीपातीका र पशुपन्छीका लोकगीतहरू मुख्य हुन् । अरू अञ्चलका गीतहरूमा जस्तो यताका लोकगीतहरूमा छिटो-छरितोपन कम पाइन्छ । यताका लोकगीतहरू धेरैजसो ठाडो र लामो भाकामा गाइने चलन भएकोले पुराना ढाँचाका गीतहरू झैं सुनिन्छन् । यतातिर लोकगीत गाउँदा तालबाजा बजाउने चलन कम छ । लोकगीतका भाका अर्थात् लयहरू त्यत्तिका फुर्तिला र चुड्किला खालका नभए पनि गीतका गेडा (शब्द) हरू र भावना भने निकै सरल र उच्च कोटीका हुन्छन् । यस्ता गहकिला साहित्यले सिंगारिएका लोकगीतहरूले नेपाली लोक-संस्कृतिको क्षेत्रमा निकै ठूलो ठाउँ ओगटेको पाइन्छ ।

यहाँका लोकगीतहरूलाई मोटामोटी तीन भागमा विभाजित गर्न सकिन्छ-

(१) प्राचीन ढाँचाका लोकगीत (यसमा केही मागल र पडेलीहरू पर्छन् ।)
(२) देउडा शैलीका लोकगीत (यसमा चुड्किला, दोहरी र देउडाहरू पर्छन्)
(३) झ्याउरे ढाँचाका लोकगीत (यसमा आजकाल चलेका चल्तीका गीतहरू पर्छन्)

CC-0. In Public Domain. Digitization by eGangotri

मागल

कर्णाली अञ्चलभरि नै मागल सुन्न पाइन्छ । मंगल–कार्यको बेलामा गाइने 'मागल' 'मंगल' शब्दको अपभ्रंश बुझिन्छ । खास गरेर बालो (छोरा) जन्मेको खुशीयालीमा, छैटीमा, न्वारानमा, व्रतबन्धमा,– बिहेमा, मष्टाको स्थानमा, घरको जग हाल्दा, छाना लाउँदा, रोपाइँ गर्दा र तीर्थ गर्न परदेश जाँदाको साइतमा मागल गाउने गरिन्छ । छोरी जन्मँदा भने मागल गाइन्न । स्वास्नीमान्छेले मात्र मागल भन्ने गर्छन् । यिनीहरूलाई मुग्लेरी भन्छन् । मागलका भाकाहरू ठाडा र लामा हुन्छन् । यिनका साथमा बाजा बजाइँदैनन् ।

छोरा जन्मँदाको मागल

हेर ! हेर ! सअदेउ[A] बरमा[B] आजखेरि
दिन कैसा हुनन् ॥
आजखेरि दिन ऐसाछुन्,
[C](चन्द सूर्य उदयका)॥
उँधोती हेर बरमा धूलो र धुल्यौटो
उँभो हेर बरमा कागत मसी ॥

ग प
स्वरलिपि :– सा रेरे — रे — म — मरे — सा — –
हे ऽऽ ऽ र ऽ ऽ ऽऽ ऽऽ ऽ ऽ ऽ
सा — रेरे – – गरे सा – – सा , , ,
हे ऽ ऽऽ ऽ ऽ ऽऽ ऽ ऽ ऽ र० ० ०

म
रे रेम पम पध – – – – – – सां पधप मपध पप
हे ऽऽ ऽऽ ऽऽ ऽ ऽ ऽ ऽ ऽ ऽ र सऽऽ ऽऽऽ ऽऽ
प
– – धध — म – – – – मम , , , ,
ऽ ऽ ऽऽ अ ऽ ऽ ऽ ऽ ऽ देउ ० ० ० ०

[A] सहदेव । [B] ब्रह्मा । [C] संग्रह गरिएको गीतको रेकर्डमा उक्त टुक्रा परेको छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

म

म – पप –म मप प – – मप ध – प — मप

दे ऽ ऽऽ ऽउ वऽ ऽ ऽ ऽ ऽऽ ऽ ऽऽ ऽऽ

धसां ध – पध धप म – म – – पध पम

ऽऽ ऽ ऽ र्माऽ ऽऽ ऽ ऽ ऽ ऽ ऽ ऽऽ ऽऽ

रे – – – गरे सा – सा , , , ,

ऽ ऽ ऽ ऽ ऽऽ आ ऽ ज ० ० ० ०

प

सारे मरे सारे म – – – मप धप धप धप मग

जऽ ऽऽ ऽऽ ऽ ऽ ऽ ऽ ऽऽ ऽऽ ऽऽ ऽऽ ऽऽ

प

म मप धप ध म – – रेसा रेग रे – – – – – रे – –

ऽ ऽऽ ऽऽ ज खे ऽ ऽ ऽऽ ऽऽ ऽ ऽ ऽ ऽ ऽ ऽ र ऽ ऽ

– – – – – , , , ,

ऽ ऽ ऽ ऽ ऽ ० ० ० ०

गीतको अन्त्यसम्म यस्तै प्रकारले लय जान्छ । उपरोक्त गीतको स्वर शुद्ध मल्हा-रको धूनमा छ ।

उपर्युक्त मागलमा–छोरा कुन साइतमा जन्म्यो, त्यो कत्तिको भाग्यमानी छ भनेर मुग्लेरीहरू ब्रह्माजीलाई सोध्दछन् । संगीतको दृष्टिकोणले हेर्दा यो गीत ज्यादै प्राचीन ढाँचाको देखिन्छ ।

बालोको नाउँमा दान गर्दाको मागल

यता छोरा जन्म्यो भने ठूलो उत्सव मनाउने गरिन्छ । छोराको खराब ग्रहदशा पन्छाउन उसको नाउँबाट दान गर्ने चलन छ । त्यसबेला गाउँघरका आइमाईहरू जम्मा हुन्छन् र मागल गाउने गर्छन् ।

न्याँ तली विजैपुर वैदेवीको[D] थान
कुन ज्यूले नचाइन् खेलाइन्,

[D]तिब्रीकोटस्थित एक देवी ।

CC-0. In Public Domain. Digitization by eGangotri

फुन ज्यूले दिए बालको दान ॥
बज्यैज्यूले नचाइन् खेलाइन्
बाबुज्यूले दिए बालको दान ॥
जिज्याज्यूले[E] नचाइन् खेलाइन्
बाबुज्यूले दिए बालको दान ॥

बालो नचाउँदाको मागल

छोराको छैटी र न्वारानको रातमा गाउँले र इष्टमित्रहरूले वाबियोको कूचोको बालो बनाएर त्यसमा बालकले लाउने भोटो र काँठो (घाँटीमा बाँध्ने रुमाल) लगाइदिन्छन् । अनि त्यस कूचोलाई आइमाई र लोग्नेमान्छेहरूले हातमा लिएर बालक खेलाए झैं मागल गाउँदै नचाउने गर्छन् । यस मागलमा भाविनीले बालकलाई भाग्यमानी बनाइदेऊन् भन्ने अभिलाषा व्यक्त गरिएको पाइन्छ । त्यस दिन बालकका आमा–बाबुहरूलाई गाउँघरका छर-छिमेकी, इष्ट–मित्र र नातेदारहरूले दूबो लगाइदिन्छन् र दूबा–पीठो (खसी, सिमी, केराउ, लाडु, च्यूरा, नैंनसूतको फेटा आदि) कोसेली दिन्छन् । छोरो जन्मेको घरमा भोज–भतेर लाग्छ । त्यस बेला गाइने मागल यस प्रकारको हुन्छः—

चर्दो है कस्तुरा वाइसै पाटन[F]
रहँदो है कस्तुरा ढांड[G]
आफू अ बालो डोकीअ सिंदो[H]
ल्यै आयो घोडीका टाँड[I]
आफू अ बालो डोकीअ सिंदो
ल्यै आयो कंपनी टाँड
आफू अ बालो डोकीअ सिंदो
ल्यै आयो ल्हासाको वोडो
आफू अ बालो डोकीअ सिंदो
ल्यै आयो आड बाज[J]
आफू अ बालो डोकीअ सिंदो
ल्यै आयो मौरीका घाड

[E]आमा । [F] लेकमाथिको चौर, जुम्लाभरि वाइसओटा यस्ता पाटन छन् भन्ने सुनिन्छ । [G]कस्तूरी लुक्न हुने साना साना ढुंगाहरू भएको लेकाली ठाउँ । [H]सुल्दो । [I]ताँती । [J]असल जातको बाज ।

CC-0. In Public Domain. Digitization by eGangotri

चर्दो हैं कस्तुरा पुरौअ पाटन

रहँदो हैं कस्तुरा ढाँड

उपरोक्त गीतमा बयान गरिएका कस्तूरी, घोडा, वाज, मौरी आदिले त्यहाँको आर्थिक जीवनमा महत्व राख्ने वस्तुहरूलाई संकेत गरेको पाइन्छ । यी चीजहरूका बेपारले पनि त्यहाँको आर्थिक जीवनलाई निकै भर दिएको देखिन्छ ।

मष्टाको मागल

मष्टाको स्थानमा गाइने मागललाई चुड्किलो पनि भन्ने चलन छ । यस लोकगीतलाई भजनको पंक्तिमा पनि राख्न सकिन्छ । साउन पूर्णिमाको दिनमा मष्टाको स्थानमा स्त्री र पुरुष दुवैले यो गीत गाउने गर्छन् । स्त्री पुरुष दुवैले यो गीत गाउने चलन चलेको हुँदा यसलाई चुड्किलो नाम दिइएको होला । यो निकै पुरानो पुख्यौंली लोकगीत हो । यो गीतअनुसार मष्टा देउताका नौ दिदी बहिनीहरू (नवदुर्गा भवानीहरू)लाई बूढू मष्टाले आफ्नो घरमा निम्ता गर्छन् । यस बेला बूढू मष्टा र नवदुर्गा भवानीहरूका बीच गीतद्वारा संवाद चल्छः—

नवदुर्गा भवानी—**नवदुर्गाका एक मष्ट भाइलु**

एक मष्टा भायालुका भोलि माइत आउँला

भोलि माइत आया पछि के र दाइजो देउला ?

बूढू मष्टा— **गौंत र गोवर बैना**[ए] **त्यैं र दाइजो लेउली**

नवदुर्गा भवानी—**गौंत र गोबर त आपना भीत**[K] **खाउँला ॥**

नवदुर्गा भवानीहरूले 'हामीलाई के दाइजो दिन्छौ ?' भनी बूढू मष्टालाई सोध्दछन् । बूढू मष्टा भन्छन्, 'गौंत र गोवर दिउँला ।' नवदुर्गा भवानीहरू भन्छन्, 'गौंत र गोबर त हामी आफ्नै पौरखले खान्छौं ।'

पछि बूढू मष्टाले 'लुगा, गहना र मीठा मीठा खानेकुराहरू दिन्छु' भन्ने वचन दिएपछि नवदुर्गा भवानीहरू माइत जान्छन् । प्रस्तुत गीत टुक्रिएकोले सबै कुराहरू यहाँ बयान गरिएका छैनन् ।

रोपाइँको मागल

रोपाइँमा गाइने अरू-अरू लोकगीतहरूका अतिरिक्त यसै वेलामा मात्र गाइने छुट्टै मागल पनि कर्णाली अञ्चलमा सुन्न पाइन्छ । खेतीपातीसँग गाँसिएको यो यहाँको प्रसिद्ध लोकगीत हो । यस लोकगीतमा निकै राम्रोसँग ऋतुको र प्रकृतिको

[ए] बहिनी । [K] पौरखले ।

CC-0. In Public Domain. Digitization by eGangotri

बयान गरिएको छ । रोप्नेरी (रोपार) हरूले धान रोप्तै यो गीत गाउने गर्छन् । खेतको आलीमा बसेर ढोली (दमाई) हरूले दमाहा, सनई र झ्याली बजाउँछन् ।

ऋतु रानाय[L] भिट्टा[M] पाती पल्हाइ गयो
: ऋतु रानाय ॥
घाड मौरी ठंकी[N] गयो–ऋतु रानाय
गाड[O] प्याउरी[P] फुली गयो–ऋतु रानाय
ऋतु–ऋतु[Q] लागी गयो–ऋतु रानाय ॥

उपर्युक्त गीतको अर्थ यस प्रकार लाग्छ– खेतका आली र गराहरूका भित्तामा पात पलाउन थाले । घारबाट मौरीहरू वेगले उडेर मह जम्मा गर्न लागे । खोलाको किनारमा प्याउली (एक प्रकारको वर्खे फूल) फुल्न थाले, ऋतुहरूका ऋतु रोपाइँ गर्ने ऋतु लाग्यो ।

बिहेको मागल

ब्याउली अन्माउने बेलामा आइमाईहरूले विरहपूर्ण भावमा मागल गाउने गर्छन् । कर्णाली अञ्चलमा ब्याउलातिर ख्योडा, रत्यौली र ब्याउलीतिर मागल गाउने चलन छ । यस वेला गाइने मागलमा आफ्नी चेलीबेटी विवाहिता भएर घर जान लागेको बेलामा दर्शाइने माया र ममता पाइन्छ । बाहिर आँगनमा दमाईहरू वाजा बजाइरहेका हुन्छन्, मुग्लेरीहरू यसरी मागल भनिरहेका हुन्छन् –

मेरी ओड्ने डवटिय[R] भाइका रुमाल
बाबुज्यूका दिया घर पर्‍यौं जंजाल ॥
सातै भाइकी यौटी बहिनी नाम राखे चैतला
बाबैज्यूका संग्रै[S] लाग्या आइगए माइतला ॥

रत्यौली गीत

ब्याउली लिन गएको रातमा ब्याउलाको घरमा रौस्या आइमाईहरू जम्मा भएर खूब नाच-गान गर्दछन् । मनोरंजनका लागि थरीथरीका ठट्टा र उटपटचाङ खेलहरू पनि खेल्छन् ।कर्णाली अञ्चलमा पाइने रत्यौली गीतको नमूना यस प्रकारको छ—

[L] मौरीको रानु, (मौरीहरूको मुख्य रानु भए जस्तै ऋतुहरूको मुख्य रोपाइँ गर्ने ऋतु हो भन्ने भावमा ।) [M] आली र खेतको गरा । [N] वेगले उड्नु । [O] खोला । [P] प्याउली फूल । [Q] ऋतुको पनि ऋतु । [R] काम्लोको ओढ्ने । [S] सम्झना ।

CC-0. In Public Domain. Digitization by eGangotri

हे दाँवल,[T] दाँवल
गाइकन गलाउती[U] छैन
भैंसीका दाँवल ।।
मुडमा[V] लाल फेट्टा पैरी
खेल मेरो छाँवल[W] ।।
शिरमा रातो सिंदूर पैरी
खेल मेरो छाँवल ।।

डाङ्ली सार्दाको गीत

कर्णाली अञ्चलमा धानको बिउलाई डाङ्ली पनि भनिन्छ । रोपाइँ गर्न साइत हेराइन्छ । पहिलो दिनमा धानको गाभो खेतमा गाड्न जसको हातबाट जुर्छ, उसैले रोपाइँ शुरु गर्छ । यसरी साइत हेराई पहिलो पटक बिउ गाड्ने कामलाई डाङ्ली सार्ने भनिन्छ । यस बेला गाइने निम्न–लिखित गीत यहाँको प्रसिद्ध लोकगीत हो । जोतार (लाठे) र रोप्नेरी (रोपार) हरुले यो गीत गाएर रोपाइँ गर्न थाल्दछन् । खेतका आलीमा बसेर दमाईहरूले बाजा बजाउँछन् ।

डाँडाकाँडा उदाइ गया चन्दर सूरज्या
यिनु[X] गडा[Y] जोतिहाल्या हलै[Z] र बलदो[A]
केसुले त सायोभायो[C] केसुले इलछो[D] लायो ?
दूध दहीले सायोभायो ल्हौनीले[E] इलछो लायो
यिनु गडा रोपी हाल्या जाड्ु र मारसी
शंकर जोशी हेरी हाल ! तिम्री रानी दुलहनी
सारली डाङ्ली ।।

तुलछा

यतातिर तुलछा नामको एक थरी धान हुन्छ । यसै धानको जीवनगाथा लोकगीतमा गाइएको पाइन्छ । धानको बिउ राखेदेखि काटी–कुटी खाउन्जेलसम्मको बाह्रै महीनाको बयान लोकगीतमा गरिएको छ । लोग्नेमान्छे र आइमाई दुवैले यो गीत गाउने गर्छन् । यस गीतको साथमा नाच्ने चलन पनि चलेको देखिन्छ ।

[T] दाम्लो । [U] घाँटीमा । [V] टाउकोमा । [W] दौंतरी, साथी । [X] यी । [Y] गरा (खेतको) । [Z] हलो । [A] गोरु । [B] कसले (केले) । [C] हिल्याएर दबदबाउँदो पार्नु । [D] आलीं । [E] नौनी ।

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णाली अञ्चलका बूढापाकाहरूले यो लोकगीत जोगाएर राखेका छन् ।

चैतको महीना तुलछा[F] पानीभरि बसौली
वैशाख दश तुलछा चढीचुच्चे[G] ननौली
जेठको दश तुलछा अघि अघि सरौली
असार महीना तुलछा कोरीबाटी बनौली
साउन महीना तुलछा गर्भसुती बनौली
भदुअ महीना तुलछा परसुती[H] बनौली
असोज महीना तुलछा पियाँल्लडी[I] बनौली
कात्तिक महीना तुलछा खलाभरि भरौली
मंसिर दश तुलछा कोठी[J]–भकारी भरौली
पूसका दश तुलछा ढिकी–खल भरौली
माघका दश तुलछा ताउली भरि पाकौली
फागुन महीना तुलछा खेत–मल बनौली ।।

दोहरी

नेपाल अधिराज्यका अरू अरू अञ्चलहरूमा जस्तै कर्णाली अञ्चलमा पनि प्रशस्त दोहरी गीतहरू पाइन्छन् । ठिटा र ठिटीहरूका बीच जुहारीको रूपमा चल्ने दोहरी गीतमा माया-प्रीतिसंवन्धी कुराको वयान गरिएको हुन्छ । यस्ता दोहरी गीतहरूले ठिटा र ठिटीहरूका वीचको माया–प्रीतिलाई झन् वलियो पार्छन् । दोहरी गीतलाई प्रतियोगितात्मक गीतको नाम पनि दिन सकिन्छ । दोहरी गीतमा ठिटा र ठिटी-हरूले जति सकेको मीठो भाका र सुन्दर साहित्य कथेर सवाल–जवाफको रूपमा आ-आफ्ना मनका माया–प्रीतिका भावना व्यक्त गर्दै जान्छन् । सवाल–जवाफअनुकूल गीत लगातार गाउँदै जान नसकेमा ठिटा–ठिटीहरूका वीच हार–जीत छुट्टिन्छ ।

कर्णाली अञ्चलमा आफूले मान्नुपर्ने जेठावाठाहरूका अगाडि ठिटा–ठिटीहरू दोहरी गीत गाउन ज्यादै संकोच मान्दछन् । सवैका अघिल्तिर दोहरी गाउने ठिटा-ठिटीहरू गाउँघरमा उत्ताउला र छिल्लिएकामा गनिन्छन् । यसैले यतातिर दोहरी गाउन ठिटा–ठिटीहरूले एकान्त ठाउँ रोज्छन् । खास गरेर साउन पूर्णिमामा मनाइने मष्टाको पैंठ (पर्व) मा माघे संक्रान्तिमा, वैशाख पूर्णिमामा, वन–जंगलमा, मेलामा, ओडारमा र गोठमा सिंजाली ठिटा–ठिटीहरूका वीच खूव दोहरी चलेको देखिन्छ ।

[F] जुम्ली मार्सी । [G] चरीचुच्चे । [H] प्रसूति । [I] पहेंलपुर । [J] धान हाल्ने एक प्रकारको भाँडो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यता रोदीघरको चलन छैन। यहाँका दोहरी गीतहरूमा बाजाहरूको प्रयोग गरिन्न। आ–आफ्ना हृदयभित्र गुम्सेर बसेका माया–प्रीतिका उकुसमुकुस भावना-लाई मीठा मीठा भाकाहरूमा बाँधेर ठिटा–ठिटीहरूले सोझै गाउने गर्छन्। यतातिर गीतको थेगो फेर्नुलाई नै भाका फेर्नु भन्ने चलन छ। भाका फेर्नुको अर्थ गीतको लय फेर्नु हैन।

केही सिंजाली दोहरी गीत नमूनाका निम्ति प्रस्तुत गरिन्छन्। यो पहिलो दोहरीलाई नंबरी भाकाको गीत भनिन्छ।

ठिटीः– **वारि गुल्मा[J] पारि गुल्मा माझ गुल्मा धान**
धान भित्त मोत्युचडो[K] गुलेलीले हान
बिहानको सरौटे[L] जाडो डौटी तानातान
राम्फ्यामी[M] गुर्गुजी[N] गर्ने भूवामाईका थान
आज मु भण्डारा दिंदो लोक आइजा खान॥

ठिटाः– **ढल्न्या बाँझ हलैनिय[O] ठिक्या बाँझ फालो**
भट्टयाचौर[P] साँगु लाइन्या जिम्मुवालको पालो
दैलेखैमा जागिर खान्या जिम्मुवालकै सालो
मै त बूढो मै त बालो मै त लाउँला धर्मोशालो
नेपालैमा पाक्या धान काँसी छप्क्यो बालो
जता जाउली लालहीराय[Q] वैन हान्छु जालो।

ठिटीः–**भोट भोक्ती[R] जाडचा[S] जास्या जाड बाबुका मीत**
खोल्यागाड[T] मिसिन खोज्दो कर्णालीसित॥

उपर्युक्त दोहरी गीतको अन्तिम पंक्तिमा 'ठिटीले म जस्तो शुद्ध र विशाल कर्णालीसित तँ जाबो बर्खे खोला मिसिन खोज्छस्?' भनेर जवाफ दिन्छे, दोहरी टुंगिन्छ। ठिटीले जित्छे, ठिटोले हार्छ।

देउडा गीत

देउडा नाचमा गाइने गीतलाई पनि दोहरी भनिन्छ। नाचसँगसँगै ठिटा र ठिटीहरूले देउडा गीत गाउने गर्छन्। यस गीतमा पनि बाजा बजाउने चलन छैन। देउडा गीत सूदूर पश्चिमाञ्चलतिरको प्रसिद्ध लोकगीत हो।

[J] गाउँको नाउँ। [K] मोतीचरो। [L] सिरसिरे। [M] झ्याम झ्याम बाजा बज्नु।
[N] गुड्गुड् नगरा बज्नु। [O] हलोको निम्ति [P] ठाउँको नाउँ (मुगुमा पर्छ)।
[Q] लालहीरा नाउँकी प्रेमिका। [R] धेरै। [S] भोटे। [T] सानो बर्खे खोला।

CC-0. In Public Domain. Digitization by eGangotri

ठिटा:–मुखियाको छोरो जन्म्यो दुनियाँको नाती
पुल हाली मैदान जोती हिंड्ने छु म माथि ॥
ठिटी:–जेठासी रूडाले[U] लँगो कात्तिकी भएन
ओठ मुख मल्याइलो[V] भयो गलाउँदो[W] भएन ॥

तल्लो दुई पंक्ति गीतको अर्थ यस प्रकार लाग्छ :–

जेठमा पानी नपरेकोले कात्तिकमा धान भएन, हाम्रो माया–प्रीति पनि अपूरो भयो, जस्तै– मुखमा मात्र गुलियो लाग्यो, घाँटीभित्र जान पाएन ।

बाह्रमासे

यो अर्को बाह्रमासे नामको लोकगीत पनि माया–प्रीतिसंबन्धी दोहरो गीत हो । आफ्नो प्रेमी परदेश जान लागेको बेलामा प्रेमिका उसलाई भेट्न जान्छे । दुवै प्रेमी र प्रेमिकाहरू बिछोडको वेदनामा डुब्छन् । त्यस बेला दुवैले आ–आफ्नो मनको विरह पोखेर बाह्रै महीनाको बयान गरिएको यो बाह्रमासे दोहरी गीत गाउँछन् ।

ठिटा:–भातु भने भान्छाको खाउँला तर्कारी चाहिएला
हजूरसित हाँस्न खेल्न को महीना पाइएला ॥
ठिटी:–माघ मास धर्मो महीना फागुनमा पल्लपय[X]
चैत मास जिउ बेड्ने वैशाखमा ठाडा धूप
जेठको दाब्दुबे हिलो असारमा हिल्या जांग्रा
साउनको सिताय[Y] शरीर भदुअ लट्पटे कामु[Z]
असोजका अनौठो दिन कात्तिक धान ढाल भाइयो
मंसिर सुकिल्ला डल्ला भेट पूस पाइयो ॥

भैलो

भैलो नेपालको प्रसिद्ध समूह लोकगीत हो । तिहारको चाडमा घर–घरको भलो चिताउँदै भैलो गाइन्छ । भैलोमा भैलो गाउने गीतारुहरूले दाताको असल होस्, भलो होस् भन्ने अभिलाषा व्यक्त गरेको पाइन्छ । कर्णाली अञ्चलमा मंसिर पूर्णिमाको दिन सानी भैली गाइन्छ । सानी भैली सकिएको पन्ध्र दिनपछि अर्थात् औंसीका दिनदेखि पाँच दिनसम्म ठूली भैली खेलिन्छ । चार दिनसम्म खेलिने भैलोलाई भैली र पाँचौं दिनमा खेलिने भैलोलाई चाहिं छाडा भैली पनि भनिन्छ । छाडा भैलीको दिन

[U] अनावृष्टि । [V]गुलियो । [W]घाँटीभित्र पस्नु । [X]पलाउने [Y]शीतल । [Z]काम ।

CC-0. In Public Domain. Digitization by eGangotri

देउडा नाचको एक झलक

ठेटुवा छिप्न लागेकी आइमाई

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्राय: सबैले भैलोमा भाग लिन्छन् । पाँच दिनसम्म ढिकी जाँतो, घट्ट आदि चलाइँदैन । अन्त जस्तो पंचकको लक्ष्मीपूजाको दिनमा यहाँ भैलो गाउने चलन छैन ।

भैलोमा केटाकेटी र तन्नेरीहरू मिलेर घरको दैलो-दैलोमा गई भैलो भन्छन् । दमाईहरू पनि बाजा बजाउँदै भैलो माग्न हिड्छन् । यस गीतमा जान्ने दुई–तीन जनाले भट्टयाउँछन् र बाँकी अरूले भैलो भन्छन् । यता गाइने भैलोको भाका र गेडाहरूमा अन्त सुनिने भैलोको भन्दा निकै फरक पाइन्छ । यता सुनिने भैलो यस प्रकारको छ:—

(१) आइ पनि वार – भैलो
(२) दर बुध वार – "
(३) दरामे खोली – "
(४) बासैन झोली – "
बासैन भित्त – "
(६) आऱ्या न ताऱ्या – "
(७) पीपल डाल्या – "
(८) पीपल पाती – "
(९) रायाकी छाती – "
(१०) बाखरी खानु – "
भैलै र चेला – "
(१२) भैलै सुआला – "
(१३) डोडने हैनौं – "
(१४) ऋतुका वात – "
(१५) ऋतु जनाउने – "
(१६) आकाश सिला – "

---

(१) अव बार आयो (वेला आयो)। (२) हाम्रो पालो चल्यो । (३) दरा र खोलामा । (४) असल कपडाको झोला । (६) वारि र पारिका । (७) पीपलको हाँगा जस्तै लच्छिन । (८) पीपलको पात जस्तै शुद्ध । (९) एकमतो भएर । (१०) खसी खानु । (१२) भैलो माग्न हामीलाई सुहाउँछ । (१३) अरू वेला हामी घरघर मागेर खाने हैनौं । (१४) यो ऋतुको कुरो हो । (१५) ऋतु जनाउन । (१६) आकाश छोए ।

CC-0. In Public Domain. Digitization by eGangotri

(१७) पाताल जडा – भैलो
(१८) दुवाजन जेडिया – "
(१९) पाथाजन भरिया– "

उपर्युक्त गीतको अर्थ यस प्रकार लाग्छः—

अब हाम्रो (भैलो माग्नेहरूको) वेला आयो, पालो आयो । हामी वारिपारि दरा खोलाका (मान्छे) असल कपडाको झोला बोकी बाँस झाँगिएझैं हूल बाँधेर भैलो भन्न आयौं । तिमी पीपलका हाँगा र पात जस्तै शुद्ध र लच्छिनका छौ (तिमीले यस वर्ष छोरा पाएका छौ, तिम्रो भैलो–दर पनि बढेको छ) । तिम्रो असल होस्, भलो होस् । यो ऋतुको कुरा हो । हामी सधैं माग्ने मान्छे हैनौं । तिमी बढेर आकाश छुने र दूवो झैं मौलाएर पातालसम्म जरा गाड्ने होऊ । तिम्रो घरको खसी हामीलाई खान देऊ । तिमी अन्न भरिएको पाथी जस्तै परिपूर्ण भए ।

दशैंको गीत

सिँजा लामाथाडा स्थित कनकासुन्दरी देवीको थानमा दशैंको पर्वमा ठूलो मेला लाग्छ । देवीको पूजा गर्न हज्जारौं मान्छेहरू भेला हुन्छन् । त्यस वेला सिँजालीहरूले (लुड्खु पंचायतका मान्छेहरूले) सगोलमा एउटा बोका किनेर कनकासुन्दरी माईको थानमा लैजान्छन् । त्यहाँ दमाईहरू बाजा बजाएर नाची रमाइलो मनाइरहेका हुन्छन् । सिँजालीहरूले त्यस बोकाको जिउभरि नून, चूक, खुर्सानी र ध्वाँसो दलिदिन्छन् र गीत गाउँदै तिनीहरूले त्यस बोकालाई दमाईहरूका अघितिर धकेलिदिन्छन् । दमाईहरू 'हूम्' गर्दै बोका समाउन अघि सर्छन् । तर सिँजालीहरू हत्तपत्त बोकालाई आफैंतिर तान्छन् । एक छिनपछि गीत गाउँदै, उनीहरूले बोकालाई फेरि दमाईहरू तिर धकेल्छन् । दमाईहरू 'हूम्' गर्दै बोका समाउन फेरि अघि सर्छन् । तर सिँजालीहरू बोका आफैंपट्टि तान्छन् । यसरी दमाईहरूलाई झुक्याई झुक्याई उनीहरू रमाइलो मनाउँछन् । अन्त्यमा उनीहरू त्यस बोकालाई दमाईहरूका बीच छोडिदिन्छन् । दमाईहरूले बोकालाई झम्टन्छन् र जिउँदो बोकालाई टोक्न थाल्छन् । बोकाको जिउमा लगाइएको नून, चूक, खुर्सानी दमाईहरूका आँखामा पर्छ । ध्वाँसो चाहिं उनीहरूका मुखभरि पोतिन्छ । जात्रुहरू रमाउँदै तमाशा हेर्न थाल्छन् । दमाईहरूले जिउँदो बोकालाई दाँतले लुछीलुछी मार्छन् । यसो गर्नाले

(१७) पातालमा जरा गाडे । (१८) दुवो जस्तै फष्टाए । (१९) भरिएको पाथी जस्तै समृद्धिशाली भए ।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँले भक्तहरूसँग देवी प्रसन्न हुन्छिन् भन्ने विश्वास यहाँको लोकजीवनमा छ । यस चलनले आदिम काललाई सम्झाउँछ ।

यस वेला गाइने गीत यस किसिमको हुन्छः—

थालकिय बटुकिय वटुकेउँदी मेवा
हामी सबै मिलीकन गडीमाईको[A] सेवा-हूम्
पञ्चबली चढाईकन गडीमाईको सेवा – "
राँगा बोका चढाईकन गडीमाईको सेवा – "
पञ्च बाजा बजाईकन गडीमाईको सेवा– "
पञ्चकलस थापीकन गडीमाईको सेवा – "
शङ्ख घाँट[B] बजाईकन गडीमाईको सेवा – "

भजन (कृष्णको बाँसुरी)

तीज पञ्चमीको व्रत बसेको वेलामा र घरमा देवदेवीको पूजा लगाइएको वेलामा सिँजा उपत्यकाका बाहुन जातिमा भजन गाउने चलन छ । बाहुन बाहेक अरू जातिले भजन गाएको प्रायः देखिदैन । प्रस्तुत भजन आधुनिक ढाँचाको छ । खास गरेर यहाँ बाहुनहरू अरूभन्दा बढ्ता पढ्न लेख्नमा सिपालु हुन्छन् । उनीहरूलाई आधुनिक विचार र आधुनिक साहित्यले दिनदिनै प्रभाव पार्दै गइरहेको छ ।

गंगाजीले बग्नै छोडिन् मुरलीको तान सुनेर
गाईमाताले चर्नै छोडिन् मुरलीको तान सुनेर
ल्याउरोले[C] दूध पिन छोऱ्यो मुरलीको तान सुनेर
वरमाजीले वेदै छोरे मुरलीको तान सुनेर
विष्णुजीले गादी छोरे मुरलीको तान सुनेर
लक्ष्मीजीले ध्यानै छोरिन् मुरलीको तान सुनेर ।।

उपर्युक्त भजनमा मुजुरा, घण्ट, डमरु आदि बाजाहरू बजाइन्छन् । यहाँ खैंजडी पाइँदैन । यता मष्टा देउताको चुड्किलोदेखि लिएर राम, शिव, कृष्ण र देवदेवीका भजनहरू समेत सुन्न पाइन्छन् ।

दाईं गीत

विशेष गरेर कात्तिकको अन्त्यतिर कर्णाली अञ्चलमा धान काटिन्छ । काटेको धान खलामा थुपारेर दायाँबाट बायाँ गोरु घुमाउँदै दाईं गरिन्छ । गोरु बाँध्न

[A] कनकासुन्दरी । [B] घण्ट । [C] बाछो ।

CC-0. In Public Domain. Digitization by eGangotri

खलाको बीचमा मिनु (काठको लामो कीला, यसलाई अन्त मेयो पनि भनिन्छ) गाडिन्छ । दाईं गर्दा गर्दै मिनुको टुप्पामा सियाँलचडी (एक जातको चरा, यसलाई सिमलचरी पनि भनिन्छ) आएर वस्यो भने धान–धनीलाई ठूलो सकाल पर्छ भनिन्छ । यसबारेको एउटा सिँजाली लोककथा पछि कथाको स्तम्भमा आउनेछ ।

दाईं हाल्दा गाइने लोकगीत लामो र ठाडो भाकाको हुन्छ । दाईं हाल्नेले गोरुलाई मिनुवरिपरि घुमाउँदै यो गीत गाउँदा गोरुहरू गीतको लयमा लट्ठिएर एकाग्र भई खलावरिपरि फनफनती घुम्छन् । यस गीतको साथमा कुनै वाद्य वजाइन्न । यो गीत गाएर दाईं हाल्नाले सकाल पर्छ भन्ने जनश्रुति छ ।

हुइयाँ रे बा बा हुइयाँ !
हुइयाँ रे बा बा खला भरी दे !
दाङ् देउखुरीको सकाल ल्याइदे !
हहह···ललल···है है है !
हुइयाँ रे बा बा हुइयाँ !
हुम्ला जुम्ला भरिको सकाल ल्याइदे !
छी !···छी ! छी ! सुई ! सुई ! सुई !
डोटी अछामको स ल्याइदे
हुइयाँ रे बा बा हुइयाँ !

पडेली

धामीको जिउमा मष्टा चढेपछि स्वयं धामीले मष्टाको प्रतिनिधित्व गर्दै गाउने गीतलाई पडेली भनिन्छ । भिन्न भिन्न मष्टा र भिन्न भिन्न देउतीहरुका आ–आफ्ना पडेलीहरु हुन्छन् । आँगमा देउता (मष्टा अथवा देउतीहरु) चढ्न थालेपछि गादीमा वसेर घण्ट वजाउँदै धामीले पडेली भन्न थाल्छ । खास गरेर पडेलीमा मष्टा र देउतीहरुले आ–आफ्ना कार्यकलापहरुवारे वयान गरेको पाइन्छ । यो कर्णाली अञ्चलका जनताको पुर्ख्यौली गीत हो । पडेलीलाई यहाँको जनजीवनले पवित्र देववाणीको रुपमा ग्रहण गर्छ ।

महाबही जगन्नाथको पडेली

महाबू पाटनको जगन्नाथ (देवता) को धामी गोपीचन्द्र समालले भनेको यस पडेलीलाई उनै धामीका सन्तान महाशंकर देवकोटाबाट यहाँ संग्रह गरिएको छ । बैशाख पूर्णिमा, साउन पूर्णिमा र कात्तिक पूर्णिमाका दिन मष्टाको पूजा गरी धामी



बाज

डाँफे

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

पतुर्दा (काम्न लाउँदा) यो पडेली गाइन्छ । धामीले आफ्ना भक्तहरूलाई पडेली गाएर सुनाउन थालेपछि दमाईहरूले ढुमे (दमाहा) नगरा, झ्याली, सुनाई (सनाई) वजाउँछन् ।

अहैंनी ! [D] नरैंनी ! [E] नरैंका टोक्यैंनी ! [F]
खरुल्ली [G] काटिदेऊ, मुडुल्ली [H] बनाइदेऊ ॥
पानीका सामल बतासका पैरन
काँडाका ओछ्यान ढुंगाका सिरान
अहैंनी ! नरैंनी ! नरैंका टोक्यैंनी
[I]हुर्र हुर्हु री ! हुर्र हुर् ! गुर्र गुर्गुरी गुर्र गुर् !
पाटनका फलबारी बुकीका आसन
गुरौंसी [J] फुलेका कस्तुरी बासन
उई लामाथाडाअ [K] उई जुम्लीडाँडाँअ [L]
सिउ [M] बाघ जुजायाँ [N] एक रंग [O] देखायाँ ॥

उक्त पडेलीको अर्थ यसरी लाग्छ—

ओहो, मान्छेहो ! तिमीहरू सब अजान केटाकेटी हौ ! रातभरि जाग्राम बस, केही नखाओ, कपाल खौरी मुडुलो बन, लुगाको सट्टा बतास ओढ, ढुंगाको सिरानी हाल, पानीको सामल खाओ । बुकी र गुराँस फुल्ने यस पाटनमा कस्तूरीको वास्ना चल्छ । हेर, मैले लामाथाडामा कालो र सेतो जोडा बाघ जुधाएर तमाशा देखाएको थिएँ । म ठूलो शक्तिशाली छु ।

पडेलीको स्वरलिपि :–

धसा	रेग	गमग	रेग	रे	रेग	रे–गरे	साध
अ ऽ	हैं ऽ	नी ऽऽ	ऽ ऽ	न	रैं ऽ	नीऽऽऽ	ऽऽ
×				×			

[D] धामीले काम्दाको "ओहो" भनेजस्तै विस्मयादिबोधक शब्द । [E] मान्छेहो ! [F] केटाकेटी । [G] जागा भएर रात काट्नु । [H] कपाल खौरेर मुडुलो हुनु । [I] धामीको भावावेशमय शब्द । [J] गुराँस । [K] प्राचीन राजदरबार भएको सिँजाको एक ठाउँ । [L] जुम्लाको जुम्ल्याहा (दुइटा) डाँडा, यिनै दुइटा डाँडाका नाउँवाट जुम्ला नाउँ रहन गएको हो भन्ने सुनिन्छ । [M] बाघ । [N] जुधाएँ । [O] तमाशा ।

CC-0. In Public Domain. Digitization by eGangotri

धसा	रेग	गरे	सां	सा	सां	सां	–
नऽ	रैंऽ	काऽ	ऽ	टो	क्यै	नी	०
×				×			
सारे	रेग	मग	रेग	रे	रेग	गरे	साध
अऽ	हुँऽ	नीऽ	ऽऽ	न	रैंऽ	नीऽ	ऽऽ
×				×			
धसा	रेग	गरे	सा	सा	सा	सा	–
नऽ	रैंऽ	काऽ	ऽ	टो	क्यै	नी	०
×				×			
सारे	रेग	मग	रेग	रे	रेग	गरे	साध
खऽ	रूऽ	ल्लीऽ	ऽऽ	का	टीऽ	देऊ	ऽऽ
×				×			
धसा	सारे	गरे	सा	सा	सा	सा	सा
मुऽ	डुऽ	ल्लीऽ	ऽ	ब	नाइ	दे	ऊ
×				×			
धसा	रेग	ग–मग	रेग	रे	रेग	रे–गरे	साध
पाऽ	नीऽ	काऽऽऽ	ऽऽ	सा	मऽ	लऽऽ	ऽऽ
×				×			
धसा	रेग	गरेसा		सा	सा	सा	–
बऽ	तास	काऽऽ		पै	र	न	०
×				×			
सारे	रेग	मग	रेग	रे	रेग	गरे	साध
काँऽ	डाऽ	काऽ	ऽऽ	ओ	छ्याऽ	नऽ	ऽऽ
×				×			
धसा	सारे	गरेसा		सा	सा	सा	–
ढुंऽ	गाऽ	काऽऽ		सि	रा	न	०
×				×			

ताल – चार मात्रा

यस पडेलीमा स्थानीय प्राकृतिक सौन्दर्यको निकै सुन्दर वर्णनको साथसाथै मष्टाको अलौकिक शक्तिको रोमाञ्चकारी वयान गरिएको पाइन्छ । बुकी, कस्तूरी, गुराँस र पाटन आदि शब्दहरूले नेपाली साहित्यलाई राष्ट्रिय रंगले सिंगारिदिएका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

मष्टाको भाकलगीत

यहां कुनै काम फत्ते पार्ने अभिलाषाले र आइपरेको संकष्ट हटाउने इच्छाले मष्टाको भाकल गरिन्छ । भाकल गरे अनुसार काम पूरा भएमा यहाँका जनताले मष्टालाई काठका र धातुका मूर्तिहरू चढाउने गर्छन् । प्रस्तुत यस गीतमा मष्टा र अरू देवदेवीहरूलाई समेत किसिम किसिमका मूर्तिहरू चढाउने भाकल गरिएको पाइन्छ ।

जडा[P] काटी भाङ् तुमाखु[Q] टुप्पाको सूरती रे
बाह्र भाई मैठाकन[R] चढाउँला मूरति रे
वढा देव मुक्तिनाथलाई चढाउँला मूरति रे
नौ दुर्गा भुवानीकन[S] चढाउँला मूरति रे
बडादेव चन्दननाथलाई सुनको मूरति रे
मैठका धामीकन सुनको सूत बाधौंला रे

जाडोको गीत

वर्षमा पाँच छ महीना हिउँ पर्ने कर्णाली अञ्चलका जनताले जाडो बारेको लोकगीत गाउनु स्वाभाविक हो । कर्णाली अञ्चलका अधिकांश जनता जाडोसुहाउँदो लुगा लगाउन पाउँदैनन् । ध्वाँसो लाग्ने सल्लाका दाउरा बालेर आगो तापी जाडो काट्ने गर्छन् । जाडोवाट विरक्तिएर गाइने जाडोको एक लोकगीत यस प्रकारको छः—

वैशाख–जाडो पस्यो दुला
जेठका–जाडो निउका पुला[T]
असार–जाडो पुग्यो डोटी
साउन–जाडो कुइडा [U] लोटी
भदुअ–जाडो डाली र बोट
असोज–जाडो आइपुग्यो ओट [V]
कात्तिक–जाडो खला र खेत
मुंसिर–जाडो गला रेट
पूसको जाडो हाईहाई हाईहाई !

[P] जरा । [Q] तमाखु । [R] मष्टालाई । [S] भवानीलाई ।[T] मूठा । [U] कुइरो । [V] ओटालो, आँगन, घरनजीक ।

CC-0. In Public Domain. Digitization by eGangotri

माघको जाडो हाई हाई दाँत खाई
फागुन जाडोको राख मान
चैतको जाडोको काट कान ॥

उपर्युक्त लोकगीतमा बाह्र महीनाभित्र हुने जाडोको गतिविधिको वर्णन निकै सुहाउँदो ढंगले गरिएको छ ।

स्थानीय पशुपंछीबारेका गीतहरू

अरू अरू लोकगीतहरूका साथसाथै स्थानीय पशु र पंछीहरूका बारेमा गाइने लोकगीतहरू पनि कर्णाली अञ्चलमा निकै छन् । अग्ला अग्ला पाटनहरूमा भेडा, घोडा र गाईवस्तुहरू चराउने गोठालाहरूले बाज, कस्तूरी, डाँफे र मौरी आदिका लोकगीतहरू गाएर त्यहाँको वातावरणलाई नै संगीतमय तुल्याएका हुन्छन् ।

कस्तूरीको गीत

एकान्त पाटनमा गोठालाहरूले यो गीत गाउने गर्छन् । प्रस्तुत गीतअनुसार–कस्तूरी मार्न शिकारी पाटनमा जान्छ । उसले त्यहाँ उफ्री उफ्री नाचिरहेको कस्तूरी देख्छ । छिटो छिटो गएर उसले त्यो कस्तूरी समाउन खोज्छ । तर कस्तूरी लेकै लेक भागेर वेपत्ता हुन्छ । अनि विरहमा शिकारीले गालामा हात लाएर गीत गाउँछ । यस गीतमा कुनै बाजा बज्दैन । यस गीतमा 'राजा रजौटा र 'दैया♥ म दुइटा' भन्ने थेगो गाँसिएको छ ।

राजा रजौटा–पाटन वस्ने कस्तुराय
दैया म दुइटा–पाटनमै बासन[W]
राजा रजौटा–सर्प[X] खाने नाच्ने खेल्ने
दैया म दुइटा–पाथरमा[Y] आसन
राजा रजौटा–उईँ उफ्रिने उईँ खुम्चने
दैया म दुइटा–हुन्या खैरो रङ्को
राजा रजौटा–के लाग्दो हो पापी मुनमा[Z]
दैया म दुइटा–कस्तूरीका आस
राजा रजौटा–त्यै विय[A] पाटनमा घुम्नु
दैया म दुइटा– कैँ पाइन्छ कि बास

♥ प्रेमी । [W] वास्ना । [X] कस्तूरीले सर्प खान्छ, सर्पले गोवर खान्छ, कस्तूरीले फेरि त्यो सर्प खान्छ र गोवरवाट कस्तूरीको विना वन्छ भन्ने कुरा यता सुनिन्छ । [Y] ढुंग्रामा । [Z] मनमा । [A] निम्ति ।

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रजौटा–हिउँद हिउँ बसंदा
दैया म दुइटा–मलाई छ कस्तुराको माया
राजा रजौटा–मैदेखि तर्संदा
दैया म दुइटा–फल[B] सर्न्या चैत वैशाख
राजा रजौटा–चल्ला[C] जेठ असारका
दैया म दुइटा–माउ[D] पुर्सादेखिन् लाग्दा
राजा रजौटा–नाच्ने खूब कछारका[E]
दैया म दुइटा–पहाडका डाँडाकाँड
राजा रजौटा–कस्तुराले भरी
दैया म दुइटा–ए कस्तुरी छौ मन्जुरी
राजा–रजौटा–लिन्या जीवन हरी
दैया म दुइटा–जम्मै पाटन मौलीआल्यो[F]
राजा रजौटा–कस्तुराका वासले
दैया म दुइटा–दिन काट्छु, रात काट्छु
राजा रजौटा–कस्तुराको आसले

डाँफेको गीत

राष्ट्रिय चरामा छानिएको डाँफेको लोकगीत पनि यहाँ संग्रह गरिएको छ। प्रस्तुत यस 'लोकगीतमा डाँफे कसरी नौरंगी भयो ?' भन्ने बयान गरिएको छ। डाँफेको सुन्दरतामा मोहित भएर सिँजाली गोठालाहरूले यो लोकगीत गाएको सुनिन्छ। गोठाला गएको वेलामा एकान्तमा वसी आनन्दसँग गाइने यस लोकगीतमा पनि कुनै वाजाको प्रयोग गरिँदैन।

रानीवन डाँफे खिल्क्यो[G] – कनैयाँ
गाडका माछाले सुन्यो – "
ताँदेखि त्यो डाँफ्या उड्यो – "
हीराको खानाउँदो[H] बस्यो – "
हीराकै पाता चुट्यो – "
तँ माथि मायाउँदो[I] पहिन्यो– "
टल्याक्क टुलुक्क हेर्‍यो – "

[B] बीजारोपण हुनु। [C] टुसाउनु। [D] भाले–पोथी। [E] भीर–पहरा।
[F] मगमगायो। [G] बास्यो। [H] खानीमाथि। [I] टाउकोमाथि।

CC-0. In Public Domain. Digitization by eGangotri

माघको जाडो हाई हाई दाँत खाई
फागुन जाडोको राख मान
चैतको जाडोको काट कान ॥

उपर्युक्त लोकगीतमा बाह्र महीनाभित्र हुने जाडोको गतिविधिको वर्णन निकै सुहाउँदो ढंगले गरिएको छ ।

स्थानीय पशुपंछीबारेका गीतहरू

अरू अरू लोकगीतहरूका साथसाथै स्थानीय पशु र पंछीहरूका बारेमा गाइने लोकगीतहरू पनि कर्णाली अञ्चलमा निकै छन् । अग्ला अग्ला पाटनहरूमा भेडा, घोडा र गाईवस्तुहरू चराउने गोठालाहरूले बाज, कस्तूरी, डाँफे र मौरी आदिका लोकगीतहरू गाएर त्यहाँको वातावरणलाई नै संगीतमय तुल्याएका हुन्छन् ।

कस्तूरीको गीत

एकान्त पाटनमा गोठालाहरूले यो गीत गाउने गर्छन् । प्रस्तुत गीतअनुसार– कस्तूरी मार्न शिकारी पाटनमा जान्छ । उसले त्यहाँ उफ्री उफ्री नाचिरहेको कस्तूरी देख्छ । छिटो छिटो गएर उसले त्यो कस्तूरी समाउन खोज्छ । तर कस्तूरी लेकै लेक भागेर वेपत्ता हुन्छ । अनि विरहमा शिकारीले गालामा हात लाएर गीत गाउँछ । यस गीतमा कुनै बाजा बज्दैन । यस गीतमा 'राजा रजौटा र 'दैया[♥] म दुइटा' भन्ने थेगो गाँसिएको छ ।

राजा रजौटा–पाटन बस्ने कस्तुराय
दैया म दुइटा–पाटनमै बासन[W]
राजा रजौटा–सर्प[X] खाने नाच्ने खेल्ने
दैया म दुइटा–पाथरमा[Y] आसन
राजा रजौटा–उई उफ्रिने उई खुम्चने
दैया म दुइटा–हुन्या खैरो रङ्को
राजा रजौटा–के लाग्दो हो पापी मुनमा[Z]
दैया म दुइटा–कस्तूरीका आस
राजा रजौटा–त्यै बिय[A] पाटनमा घुम्नु
दैया म दुइटा– कैँ पाइन्छ कि बास

♥ प्रेमी । W वास्ना । X कस्तूरीले सर्प खान्छ, सर्पले गोवर खान्छ, कस्तूरीले फेरि त्यो सर्प खान्छ र गोवरवाट कस्तूरीको विना बन्छ भन्ने कुरा यता सुनिन्छ । Y ढुंग्रामा । Z मनमा । A निम्ति ।

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रजौटा–हिउँद हिउँ बर्संदा
दैया म दुइटा–मलाई छ कस्तुराको माया
राजा रजौटा–मैदेखि तर्संदा
दैया म दुइटा–फल[B] सर्न्या चैत वैशाख
राजा रजौटा–चल्ला[C] जेठ असारका
दैया म दुइटा–माउ[D] पुर्सदेखिन् लाग्दा
राजा रजौटा–नाच्ने खूब कछारका[E]
दैया म दुइटा–पहाडका डाँडाकाँड
राजा रजौटा–कस्तुराले भरी
दैया म दुइटा–ए कस्तुरी छौ मन्जुरी
राजा–रजौटा–लिन्या जीवन हरी
दैया म दुइटा–जम्मै पाटन मौलीआल्यो[F]
राजा रजौटा–कस्तुराका वासले
दैया म दुइटा–दिन काट्छु, रात काट्छु
राजा रजौटा–कस्तुराको आसले

डाँफेको गीत

राष्ट्रिय चरामा छानिएको डाँफेको लोकगीत पनि यहाँ संग्रह गरिएको छ। प्रस्तुत यस 'लोकगीतमा डाँफे कसरी नौरंगी भयो ?' भन्ने बयान गरिएको छ। डाँफेको सुन्दरतामा मोहित भएर सिँजाली गोठालाहरूले यो लोकगीत गाएको सुनिन्छ। गोठाला गएको वेलामा एकान्तमा वसी आनन्दसँग गाइने यस लोकगीतमा पनि कुनै वाजाको प्रयोग गरिँदैन।

रानीवन डाँफे खिल्क्यो[G] – कनैयाँ
गांडका माछाले सुन्यो – ''
ताँदेखि त्यो डाँफ्या उड्यो – ''
हीराको खानाउँदो[H] बस्यो – ''
हीराकै पाता चुट्यो – ''
तैं माथि माथाउँदो[I] पहिन्यो– ''
टल्याक्क टुलुक्क हेर्‍यो – ''

[B] बीजारोपण हुनु। [C] टुसाउनु। [D] भाले–पोथी। [E] भीर–पहरा।
[F] मगमगायो। [G] बास्यो। [H] खानीमाथि। [I] टाउकोमाथि।

CC-0. In Public Domain. Digitization by eGangotri

ताँदेखि त्यो डाँफ्या उड्यो – "
मोतीको खानाउँदो वस्यो – "
मोतीकै पाता चुट्यो – "
तैंमाथि माथाउँदो पहिन्यो– "
ढल्याक्क ढुलुक्क हेऱ्यो – "
टल्याक्क टुलुक्क हेऱ्यो – "
सुन, चाँदी, पीतल पहिन्यो– "
त्यो भरिपूरि भयो – "
ताँदेखि नौ रंगी भयो – "

बाजको गीत

कर्णाली अञ्चलका अग्ला अग्ला लेकमा वाज पाइन्छन् । वाज छोप्ने ठाउँलाई थलो भनिन्छ । केही वर्षअघिसम्म यहाँवाट वाज लगेर भारतमा बिक्री गर्ने चलन थियो । त्यसैले त्यस वेला बाज शिकार गर्ने काम एउटा पेशाको रूपमा चलेको थियो । यहाँका जनताहरू वाजलाई चराहरूको राजा मान्दछन् । निम्न–लिखित वाजको लोकगीतमा बाज–शिकारीले वाज छोप्न नसकेर विरहको भावना पोखेको पाइन्छ । यो गीत ठाडी भाकामा वाँधिएको छ । यो भाका सिँजाको नामी भाका हो ।

भोटान [J] बाज पड्यो भन्दा मेरालेलि चील
कैल्या साइय[K] फुटाललाई[L] पैतालाको खील ॥
बाख्री गुवालाले पन[M] घाँस काट्नु स्वान[N]
बाजै तिम्मा[O] सौंरडीले[P] सित्तित न्वायोन ॥
परेवाको थला वस्न्या बाजको हो चारो
बाज तेरा मयाजालले मलाई भयो साह्रो
कैल्या[Q] तों छोपिन्या होस् थला पाइन्या बाज
बेली[R] मलाई फ्ल्क्या लाग्या भेट्न्या छु कि आज ॥
बाजकीलाई काट्या खसी खायो छ मैनाले
रातभरि निद लायोन बाज तेरा सैनाले[S] ॥

[J] शिकारी भन्छ– भोटतिर झन् धेरै बाज पाइन्छन्, तर ती मेरालागि चील समान छन् । [K] बाजलाई साई पनि भनिन्छ; जस्तै कुच्चैसाई (निकै बूढो बाज) चल्ले साई (जवान बाज) । [L] फुटाउला । [M] पनि । [N] सुहाएन । [O] तिम्रा । [P] सम्झनाले । [Q] कहिले । [R] हिजो । [S] सपनाले ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरलिपिः– ध सारेगरे सारेग गं सा सा सा सा सा

भो टा ऽऽऽ ऽऽ न वा ज प ड्यो भ न्दा

ध सारेगरे सारेग सारेग रेसारे सारेगरेग

लौ मे ऽऽऽ रा ऽऽ ऽ ऽ ऽ ले ऽऽ खिऽ ऽ ऽ ऽ

ग सा सा सासा–

ची ल ऽ ऽ ऽ ऽ

धसारे सारेग सारेगरे रे–ध रेसारेसा

लौ ऽऽ कै ऽऽ ल्या ऽऽऽ साऽइ ये ऽ ऽ ऽ

गरेगरे रेग सा सासासा –सा – –

ऽऽ ऽऽ लौ ऽ फु टालौला ऽ ऽ ऽ ऽ

धसारे सारेग रेग रेसासारे धसारे सासारे

ऽ ऽ ऽ पै ऽ ऽ ताऽ लाऽ ऽ ऽ कोऽ ऽ ऽ ऽ ऽ

रेसासा सासा

खि ऽऽ ल ऽ

यस्तै प्रकारले सबै गीत गाइन्छन् ।

मौरीको गीत

कर्णाली अञ्चलतिर घर–घरमा मात्र हैन, पहाडको पहरा–पहरामा समेत घार थापेर मौरी पाल्ने चलन चलिआएको देखिन्छ । मौरी पाल्ने काम यहाँको एउटा पेशा जस्तै हो । घर-खर्चबाट बचेको मह बेचिन्छ । यसले यहाँको आर्थिक जीवन-लाई सानोतिनो टेवा दिन्छ । बीस पच्चीस रुपैयाँमा मौरीघारको किन–बेच पनि हुन्छ । मौरीबारेको यो लोकगीत यहाँका आइमाई र लोग्नेमान्छे दुवैले खेतीबारी गर्दा र वनजंगल आउँदा–जाँदा गाउने गरेको सुनिन्छ । यो गीत सिँजाखोलाको नामी 'गोइली' भाकामा बाँधिएको छ । सिँजाली भाषाअनुसार गोइलीको अर्थ 'गम्भीर' हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मौरी किन्या महकोलाई[T] गाङ्गकिन्या दहीकोलाई
रित्तो घाडो[U] कैखा[V] भर राखी देउँ कैखीलाई[W] ॥
बाहिर कँले निस्किँदा हुन् भित्त[X] बस्ने राना
छोडिलेउ कि छँदैछ कि मौरी चिल्ने बाना[Y] ॥
पहाड गुरौंसी फूल केशर साद्दो[Z] हेर मौरी !
काहीं मह पाइन्छ कि भनी आयाँ हौरी[A] ॥
घाड मौरी भेर फाट्यो[B] चैत वैशाख दिन
घर छोडी रानो बाइगो[C] भाइको लागि बिन[D] ॥
§डोटी हैन डँडेलधुरा पीमी[E] हैन नौरा[F]
फेरि भेट कहिले होला भेर फाटेका मौरा ॥
*मान्ठकन मह भयो मौरीकन केशर
अबुदेखि मौरी तेरो मु[♥] पड्न्या नाइँ भर ॥

रुने–धुने

यता माइत आएकी चेलीबेटी (छोरी) घरबाट विदा हुने वेलामा छरछिमेकका आइमाईहरू जम्मा हुन्छन् र आमा, छोरी र जम्मा भएका सबै आइमाईहरूले रुँदै गीत गाउने गर्छन् । यसलाई रुने–धुने भनिन्छ । विदा हुने वेलामा मूलढोकामाथि दहीचामल र गोवरको टीका लगाइन्छ । त्यसपछि रुँदै करुण रसको यो गीत गाएर छोरीलाई घर पठाइन्छ ।

[T] महको लागि । [U] घार । [V] कसको । [W] कसलाई । [X] भित्र । [Y] वानी । [Z] सार्दो । [A] हस्याङफस्याङ गरेर । [B] हूलबाट छुट्टिनु । [C] छुट्टिएर जानु । [D] चित्त दुख्नु, वचन लाग्नु । [E] ठाउँको नाउँ । [F] गाउँको नाउँ । [♥] म ।

§चैत वैशाखका दिन मौरीका भाइभाइहरू आफ्ना गोला (हूल) बाट छुट्टिन्छन् । यहाँ गीतारुले 'आफसमा चित्त दु:खाएर वचन लागी मौरीहरू छुट्टिएका हुन्' भन्ने भावना व्यक्त गरेको छ ।

*मेल नभएर गोलाबाट एक पटक फाटेपछि ती मौरीहरूको आफसमा फेरि भेट हुँदैन भन्ने यहाँका जनताको भनाइ सुनिन्छ । त्यसैले "आफूलाई केशर ल्याउने र मान्छेलाई मह दिने मौरी हो ! अबदेखि म तिमीहरूको भर पर्दिनँ" भन्ने कुरा यस पंक्तिमा व्यक्त गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी–मेरो बाबाको चञ्चला[J] शिर होस्,
  रूपको संगार सुनको दुवार[K]
आमा–मेरा बाबा[L] फेरि भोडौल्या[M]
  यी मेरा लाएका हीरा तुथो फर्कस् ।।
  छकाल[N] लाग्याका गोरु बाहाँ[O] आइजालान्
  तँ त कहिले आउली मेरी लाउन्या[P]
छोरी–मेरी जियो[Q] मेरा खाने थाल कैले दिऔली ?
  मेरी सुत्ने मेडोमा[R] को सिउला[S] ?

भुओखेल

कर्णाली अञ्चल मुगु जिल्लामा तन्नेरीहरू मिलेर मङ्सीर औंसीको रातमा भुओ भन्ने खेल खेल्दछन् । गाउँको बीचमा राती क्रो (दियालो) हातमा घुमाएर गीत गाउँदै यो खेल खेलिन्छ । भुओखेलको गीत यस प्रकारको हुन्छ :–

एक जना–भोसो
सबै जना–पैले भुवो कहाँ उठ्यो ?
एक जना–ताउलाखार–भोसो
सबै जना–ताउलाखारको भुवोले क्यौं[T] खान्की खायो ?
एक जना–नूनै खान्की खायो–भोसो
सबै जना--ताइँदे[U] भुवो काँ आयो ?
एक जना–-तुंकोट आयो--भोसो
सबै जना--तुंकोटका भुवोले क्यौ खान्की खायो ?
एक जना--सुनै खान्की खायो--भोसो

[J] धन । [K] द्वार । [L] छोरी । [M]बोलाउँला । [N] विहान । [O] साँझ । [P]प्यारी । [Q] आमा । मूल चूल्हो वरिपरि सुत्ने न्यानो ठाउँमा । [S] सुत्ला । [T] के । त्यहाँदेखि ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोककाव्य

ऐतिहासिक अथवा पौराणिक कथाहरूमा उल्लिखित वीर पुरुषहरूका गाथा (जीवनी) बारे गाइने लामा लामा गीतहरूलाई लोककाव्यको नाम दिनु स्वाभाविक हुन्छ । यस्ता लोककाव्यहरूलाई कर्णाली अञ्चलतिर भारत भनिन्छ । अन्त गाइने-हरूले गाउने यस्तै गाथालाई कर्खा पनि भन्ने गरिन्छ । कर्णाली अञ्चलमा गाइनेहरू प्रायः नभएका हुनाले यस्ता लोककाव्यहरू दमाई जातिका हुड्केहरूले गाउने गर्दछन् । 'भारत' बाहेक अरू लामा लामा लोकगीतहरू यता चाँचडीका नामले पनि प्रसिद्ध छन् । चाँचडी सबै जातिका मान्छेहरू गाउँछन् ।

साइमल साईको चाँचडी

अघि यता बाइसी राजाहरूका पालामा 'घाडो[☉] पार्ने' चलन थियो । त्यस बेला ती राज़ाहरूले समय–समयमा गाउँलेहरूको संपत्ति–हरण गरी मनपरी गर्ने गर्थे । तिनीहरूका अन्याय र अत्याचारदेखि सारा जनता दुःखी थिए । यो चलन साइमल साईले आफ्नो राज्यमा बन्द गरिदिए । सुधारवादी साइमल साईको उदार हृदयको प्रशंसा र गुणगान गर्दै यो चाँचडी कर्णाली अञ्चल जुम्ला जिल्लाका जनताले आजसम्म गाउँदै आएका छन् । यो गीत शुभ कार्यको वेलामा गाइन्छ । यता एउटा लामो (ठाडो) भाकाले गाइने र एउटा छिटो भाकाले गाइने दुई थरी चाँचडीहरू पाइन्छन् ।

काँ जाँदाऔ साईमल साईयौ ताल[V] कँचन पैरी
वाह्लकल्या[W] बोखु[X] लाई पटुकीलाई सँरी[Y] ॥
मागल गाउन्या साईमल साइले आफ्नो राज बनाइल

[☉] संपत्ति–हरण गर्ने चलन । [V] तास, किनखाप । [W] बाह्लफेरे (लुगा) । [X] वखु । [Y] बाँधी ।

CC-0. In Public Domain. Digitization by eGangotri

काजीको कजेलो[Z] लस्काई[A] हाम्रा कान सुनाइल ॥
[ʊ] बाइस खाडल भाँडा हुन्या साइमल साइका दिन
राजाका लुटान हन्यौ तिम्मो जय नहोला किन ॥
सुन फुल्ले फुलौला तिमी दुवा जैथा हौला
सत्ताइस जाग्ना[B] जाकी भोट-माल[C] गरौला ॥

राराको पैंकेलो

प्राचीन ग्रीक कथाहरूमा हर्कुलसका बहादुरी पढ्न पाइए जस्तै हाम्रा कर्णाली अञ्चलका लोककाव्य र लोककथाहरूमा 'पैंकेलो' को बहादुरी सुन्न पाइन्छ । यहाँ असाधारण बल र अलौकिक पुरुषार्थ भएको पौराणिक अथवा ऐतिहासिक व्यक्तिलाई 'पैंकेलो' भनिन्छ । यहाँका लोककथा र लोककाव्यहरूमा पैंकेलोले समाज- सुधारको निम्ति सधैं सत्यको पक्ष लिएर निर्दोष र असहाय व्यक्तिहरूलाई सहारा दिएको पाइन्छ । प्रस्तुत लोककाव्यमा रोपाइँ गर्न लागेका गाउँलेहरूलाई अजिङ्गरले निल्न लागेको बेलामा त्यस अजिङ्गरलाई मारेर पैंकेलोले सबै गाउँलेहरूलाई बचाएको कुराको बयान गरिएको छ ।

गाउँलेहरू – रारा जिउली साँपुसेरा[D] घइक्कुना[E] हलबल्ल[F]
बैरी साँप खान लाग्या के गरूँ अक्कल ॥
पैंकेलो – पख पख गाउँल्या भाइयौ, मेरो अक्कल देखाऊँ
जोली[G] बल्ल निल्न्या साँप सातै गीँड बनाऊँ ॥
ल्याइदेओ मेरा भाइयौ, मेरा जोली तरबार
यै साँप गिँड्याएर बनाऊँ रारा दरबार ॥

अद्यापि साँपुसेरा रारा गाउँमा ढुंगाको एक हल गोरु र सात टुक्रा भएको विशाल सर्प छँदैछ । ढुंगाको त्यस अजिङ्गरको मुखभित्र पाँच छ जना मान्छेहरू अटाउँछन् ।

सोभन साईको विलाप

सोभन साई अन्तिम जुम्ली राजा हुन् । विक्रम संवत् १८४६ मा गोर्खाली पल्टनले जुम्लामा हमला गरेपछि उनी भागेर तिब्बत गएको कुरा इतिहासमा

[Z] जमीन जग्गा र छोरा । [A] खोसेर । [ʊ] साइमल साईका पालामा जनता धनी भएर बाइस खाडल भाँडाकुँडा जम्मा भएको थियो भन्ने बुझिन्छ । [B] भेडा बाखाको लदान । [C] भोट र मदेश । [D] ठाउँको नाउँ । [E] हट्टाकट्टा । [F] हलगोरु । [G] जोडा ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ । गोर्खाली पल्टनले जुम्ला जित्न लाग्दा सोभन साइले विलाप गरेको कुरा लोककाव्यको रूपमा कर्णाली अञ्चलमा आजसम्म पाइन्छ । आफ्नो राज्य छोडेर विदेशिने वेलामा जनताछेउ सोभन साईले यसरी विलाप गरेका थिए:—

लेक–थला गाड–घट्ट सबै हरी लग्या
मौराका घाड जैथा मेरा रैती औ !
आज कुदिन लाग्या ॥
लाला पाटन[H], ल्हासा घोडा, चैत्या कटुवाल्या
भैरी भन्न्या भोट्या जाडचा[I] भेडा रखवाल्या ॥
पूर्व भेडीसाँढ[J] राख्याँ भाउवयँ[K] लाग्योन
पसिमतिर राँगो राख्याँ उत्तर राख्याँ मौरा
दखिन राख्याँ जाडचा कुकुर भाउ वयँ लाग्योन ॥

आफ्नो राज्यको रक्षा गर्न सोभन साईले पूर्व दिशामा हान्ने लडाकू साँढ- भेडा, पश्चिमतिर हान्ने राँगो राखेका थिए । यिनलाई गोर्खाली पल्टनले काटेर खाए । उत्तर दिशामा यिनले चिल्ने मौरीका गोलाहरू राखेका थिए । यिनलाई गोर्खाली पल्टनले पोलिदिए । दक्षिणपट्टि छोडेका टोक्ने भोटे कुकुरहरूलाई यिनीहरूले मारिदिए भन्ने जनश्रुति अद्यापि सुनिन्छ ।

काशीराम पैंकेलो

यो कर्णाली अञ्चलको प्रसिद्ध लोककाव्य हो । यता हुड्केहरू यसलाई भारत भनेर गाउँछन् । यस लोककाव्यमा काशीरामको वीरताको वखान गरिएको छ । यो काव्य हुड्केले (मुख्य गुरुले) हुड्का वजाएर गाउँदै जान्छ, अरू दुई–तीन जना चेलाहरूले वीचवीचमा "हो, हो, हो, !" भन्दै जान्छन् । प्रस्तुत यो लोककाव्य ज्यादै लामो हुँदा जस्ताको तस्तै यहाँ उतार्न संभव नभएकोले काव्यको कथाको सारांश गद्यमा लेखिएको छ । नमूनाको निमित्त मात्र वीच-वीचमा केही पद्यका टुक्राहरू दिइएका छन् ।

मेलावा रानाका सातौटी रानीहरू थिए । तिनीहरूमध्ये कान्छी रानीवाट काशीराम पैंकेलो जन्म्यो । काशीराम सानै उमेरदेखि खूव वलियो र लडाकू थियो । तन्नेरी भएपछि मलंगडको राजालाई जिती ऊ त्यहाँको राजा भयो । काशीराम पैंकेलोले

[H] ठूलो मैदानी पाटन । [I] भोटेलाई जाड पनि भनिन्छ । [J] साँढभेडा । [K] केही सीप ।

CC-0. In Public Domain. Digitization by eGangotri

मलंगडमा राज्य गर्न थालेपछि उसकी घरकी स्वास्नीलाई सौतिनी आमापट्टिको उसको भाइ झंकेरु भन्नेले स्वास्नी राख्यो। पैकेलोकी अंधी बूढी आमालाई पीर पऱ्यो। बूढीले उसलाई "तेरो खाने थालाँ झंकेरुले खान्छ, तेरो सिने मेडोमा झंकेरु सिन्छ, तैंलै खेल्ने खाँडो- कटेरो (हातहतियार) झंकेरुले खेल्यो", भनेर चिट्ठी लेखी पठाई।

आमाको चिट्ठी पाएर पैकेलो घर फर्क्यो। उसकी स्वास्नीले हत्तपत्त कोठी (धान हाल्ने काठको भकारी) मा झंकेरुलाई लुकाई। ओटीमा उभिएर पैकेलोले स्वास्नीसँग पानी खान माग्यो। हत्तपत्त स्वास्नी चाहिले मह, दूध, घ्यू, दही, मही ल्याएर लोग्नेलाई दिई। पैकेलोले "जुन वेला जे चाहिएला, त्यही मागुंला, अहिले पानी ले" भनेर उसलाई अह्रायो, स्वास्नीले पानी ल्याएर दिई। गोडा धोएर पैकेलो घरभित्र पस्यो। लुकेर बसेको झंकेरु पैकेलोको डरले कोठी नै हल्लिने गरी काम्न थाल्यो। उसले स्वास्नीलाई 'किन कोठी हल्लिएको ?' भनी सोध्यो, उसले 'कालीकैली भुवानी आएकीले कोठी कामेको हो, अब पूजा र बलि गर्नुपर्छ' भनी। गोठबाट बोका ल्याउन पैकेलोले स्वास्नीलाई अह्रायो। गोठका बोकाहरूले पैकेलोकी स्वास्नीलाई भने:—

कति नून नुन्याइलो दीथिस् ?
कति घाँस घँस्याइलो दीथिस् ?
सिउँडी खाँदा गाला चिरिया
अक्काको खार[L] खाँदा जिब्रो चिरिया
तेरो कालाँ[M] हामी जाँदानौं[N]

बोकाहरूले भनेको कुरा उसले लोग्नेलाई सुनाई। पैकेलोले रिसाउँदै भुइंमा मुड्कीले हान्यो र भुइं प्वाल पारी तल गोठबाट काला र कैला चौसिङे (जवान) बोकाहरूलाई समातेर माथि तान्यो। अनि सबै बोकाहरू काटेर उसले भवानीहरूलाई भोग दियो। तर कोठी काम्न छुटेन। अनि फेरि उसले स्वास्नीलाई सोध्यो, 'किन कंप छुटेन त?' अब उसले "दूध चामलको भोग दिनुपऱ्यो" भनी। पैकेलोले दूध चामलको भोग पनि दियो। तैपनि कोठी काम्न नछोडेकोले रिसले मुर्मुरिंदै पैकेलोले कोठीमा तातो खरानी खन्याइदियो। झकेरुलाई पोल्ला भनेर स्वास्नी चाहिले हत्तपत्त "यसले पानी खान्छ" भनी र कोठीमा पानी खन्याइदिई। पैकेलोले रिसाउँदै कोठी खोल्यो र कोठी भित्र लुकेको झंकेरुलाई तानेर बाहिर

[L] राम्रो घाँस भएको ठाउँमा नून छरेर गाईवस्तुहरूलाई खुवाउने चलन छ। यसलाई खार भनिन्छ। [M] कालमा (बलिमा)। [N] जाँदैनौं।

CC-0. In Public Domain. Digitization by eGangotri

भुईंमा पछाऱ्यो । स्वास्नीले पैंकेलोलाई भनी, "तिमी जस्ता बहादुर पैंकेलोले जावो झंकेरुलाई मार्नु त खिसीको कुडा हुन्छ ।" झंकेरुले पनि हात जोड्दै पैंकेलोलाई भन्यो, "म तिम्मो अघि-पछि लाग्ने हुन्छु, म तिम्मो ग्वालो हुन्छु । बिराएँ, मलाई नमार ।" पैंकेलोले झंकेरुलाई छोडिदियो ।

केही दिनपछि काशीराम पैंकेलोलाई मारंगडको औलले छोयो । एक दिन राती उसले 'मेलुवा राजाको तालको माछा ल्याएर खाएमा सन्चो हुनेछ' भन्ने सपना देख्यो । भोलिपल्ट सबेरै ऊ माछा मार्न तालतिर लाग्यो। त्यहाँ उसले ताल हिल्याएर माछा मार्न लागेको देखी मेलुवा राजाका पाँच जना दाजुभाइहरू ऊसित लडाइँ गर्न आए । पैंकेलोले राजाका चार भाइहरूलाई जाल हानेर माऱ्यो । एक जना भाइ भागेर बेपत्ता भयो । यसरी काशीराम पैंकेलोले आफ्नो पुरुषार्थ देखायो ।

पुनश्चः– पछि अनेक छलकपट गरी मेलुवा राजाको भाइले पैंकेलोलाई माऱ्यो । त्यस बेला पैंकेलोकी स्वास्नीले पेट बोकेकी थिई । पछि त्यसैबाट जन्मेको, काशीराम पैंकेलोको छोरा शुभा राउत मेलुवा राजालाई मारेर आफै राजा भएको बयान पनि यसै लोककाव्यमा गाँसिन आउँछ । काशीरामे पैंकेलो जस्तै शुभा राउत पनि खूब बहादुर थियो रे आदि ।

मलंगड जाने बेलामा काशीराम पैंकेलो र उसकी आमाको बीचमा यसरी कुराकानी भएको थियो:—

पैंकेलो :– लुगा धे[o] जिज्या, टोपी धे जिज्या
लाडु[p] जतिपार, च्यूडी जति कुट, अर्सा जति हाल,
मु मारंगड जान्छु, मर्म गड निस्कन्छु,
सुन सित्ति ल्याउँछु, घ्यू ओलक ल्याउँछु ॥

आमा – लुगा धोयाँ कुकुवाका पोका भया[q]
लाडु पारेँ बा बा ! ढुंगी फोर्ने भया ॥
अर्सा हालेँ बा बा ! गुर्वेंठउँला[v] भया
च्यूडी कुटेँ बा बा ! जगधूलो[r] भया ॥
यो सकुन नजा बा बा ! तेरो साइत निको नाइँ ॥

पैंकेलो :– लाडु पाऱ्यौ गिज्या ! मह थोका[s] भया
च्यूडी कुट्यौ जिज्या ! खरा[t] पाइन[u] भया
किनी हाल्यौ जिज्या ! घ्यू थोका भया

---

[o] धोइदेऊ । [p] जौको पीठोको कसार । [q] मरेको काग जस्तै कनथाक–कुकुक हुनु । [v] गुर्बेंठा । [r] पूरा धूलो । [s] अलिकति । [t] खरो । [u] पाक ।

CC-0. In Public Domain. Digitization by eGangotri

लुगा धेयौ जिज्या ! माइने[V] पाकेन
यस्तो दोष हुँदैन जिज्या ! मु वाइजान्छु[W] ॥
दाउँदो छिपाउँदो मरंगड गयो
मरंगड पुगी लडीलडी राज्य पनि जित्यो ॥

लाटी देउतीको पडेली

सिँजादरा दियारपाटा गाउँमा प्रजापति उपाध्यायकी एउटी लाटी छोरी थिई । वाबु प्रजापति उपाध्याय मरेपछि उसकी लाटी छोरीले खान पाउने हुम्ला सत्रसय गाउँको पाली (जजमानी) हडप पारी खाने नियतले दियारपाटा गाउँका वाहुनहरूले लाटीलाई मार्ने मतो गरे । एक दिन लाटी हुम्ला सत्रसय जान लागेको वेलामा उनीहरूले लाटीलाई बाटोमा मार्ने बन्दोबस्त मिलाए । उनीहरूले बाटोभरि लखेट्तै हुम्ला पुग्ने वेलामा घाँटीमा वाबियोको डोरी कसेर उसलाई मारे । टुहुरी लाटीलाई त्यसरी अन्याय र अत्याचार गरी मारेपछि लाटीले देउतीको अवतार लिई र धामीको आँगमा चढ्न थाली । साउन चतुर्दशी र वैशाख चतुर्दशीका दिन लाटी देउतीको पूजा हुन्छ । यस भेगका मान्छेहरू लाटी देउतीलाई निकै मान्दछन् । दियारपाटाका वाहुनहरुले आजसम्म हुम्ला सत्रसयको पाली खाई आएकै छन् ।

लाटी देउती पतुर्दा घण्ट बजाएर धामीले यो पडेली गाउने गर्छ । यसमा लाटी देउतीको जीवनको करुण कथाको बयान गरिएको छ ।

चतुन्नी[X] बूढी आमै, सात कोइरा[Y] खाने लाटी
बावुज्यू मेरायौ, मु लाटी नमान्या ।
जिउँदो सास नचाउँला मेरै सास वचाउँला ॥
खिच्चने चौरय ! पटाङ्गे[Z] बाटाय !
कोप्चाका धाराय ! बावुज्यू मेराय !
लाँकुरा[A] मण्टाय ! तीखेजुरा[B] डाँडाय !
चंखेली[C] लेकय ! कालैका घाटय[D] !

[V] लुगा धुने खरानी । [W] गइजान्छु । [X] धामी वक्न लाउँदा उपस्थित कुनै वाठी बूढी आइमाई । [Y] गान्टे मूला जस्तै तरकारी खान हुने एक प्रकारको कन्दमूल । [Z] ढुंगा छापेको वाटो । [A] लाँकुरा मण्टा । [B] डाँडाको नाउँ । [C] हुम्लास्थित लेकको नाम । [D] कालको (मरणको) घाट ।

CC-0. In Public Domain. Digitization by eGangotri

कालन[E] कांडाय ! सुर्काका[F] लेकय !
हुम्लाका टाउकाय !
मु लाटी नमान्या !
ज्यूँदो सास नचाउँला, मेरै सास बचाउँला ॥
दुइगेडा चुइयाँका[G] उइ खान नपाइन्या
आमाज्यू मेरीयौ ! कवाका[H] मण्टाय !
बाबिरा[I] मण्टाय ! आमाज्यू मेरीयौ !
प्रजापति पाध्यायौ ! बूडूका[J] मण्टायौ !
हुम्लाका टाउकाय, बाबिया दाम्लाले
घाँटी-पासो नलाऊ !
यी मेरा आँसुय, रक्ताका पखला[K]
लुगान क्यै छैन आमाज्यू मेरीयौ !
लाउन्ने देश यो, बुक्यान[L] चौर यो
छिम्रीको कुना यो, गैरानखर्क[M] यो
रांसिने बन यो, मु लाटी नमार !
ज्यूँदो सास नचाउँला, मेरै सास बचाउँला ॥
चौद्ध छाक्की भोकी मु, दुईगेडा चुइयाँकी
उइ खान पाइनँ
कालैका घाटय ! बाबिया दाम्लाले
हिँड्दैनन् खुट्टाका छिड पऱ्या
आमाज्यू मेरीयौ !
लाउन्ने देश यो, तुँ लाटी ओडी[N] आ !
कुडा गरौं ओडी आ !
फकाई बसाल्या, यो लाटी मार्नु छ
हुम्लाका पालीय थुन्ने हो यैं लाटी
दुगुदैँ दुगुदैँ उइ डाँडा पुग्या मु
आमाज्यू मेरीयौ ! मु लाटी किन पायौ !

[E] ठाउँको नाउँ । [F] लेकको नाउँ । [G] कनिका । [H] कवा मण्टा । [I] बाबिरा मण्टा । [J] बूडू मण्टा [K] पोखरी । [L] प्रशस्त घाँस र बुकी हुने लेकाली चौर । [M] हुम्लाको एक ठाउँ । [N] वर ।

CC-0. In Public Domain. Digitization by eGangotri

चखेली लेक यो, हुम्लाका डाँडा यो ।।
बान्ह भाइ मष्टायौ ! नौ दुर्गा भवानी यौ । !
आमा बावु भन्दैं खुट्टामा छिट[P] पड्या
अझैं पनि मान्या नाइँ
चार जना अगारि, चार जना पछारि
पासोन लायी लिया, घिड्किदैं मान्यानी !
हुम्लाका पालीयौ ! ओ मेरी बाबुयौ !

❀

[P] छियाछिया ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोकनाच

लोकगीतका अनुपातमा यहाँ लोकनाचहरू कम पाइन्छन् । खास गरेर तीन चार किसिमका लोकनाचहरू नै यहाँका मुख्य मुख्य लोकनाच हुन् । लोकगीतहरूमा तालवाजाहरूको प्रयोग ज्यादा नगरिने यहाँको चलनअनुसार लोकनाचहरूमा पनि प्रायः तालबाजाहरू वजाउने गरिन्न । गीतमा व्यक्त भएका भावनाअनुसार हातले हाउभाउ लगाई लयको ठीकठीक तालमा खुट्टा हानेर अगाडि पछाडि, दाहिने देब्रे सरेर नाच्नु नै यतातिर नाचिने नाचका मुख्य ढाँचा हुन् । छोटकरीमा भन्ने हो भनं, यता पाइने नाचहरू प्रायः देउडा शैलीका हुन्छन् ।

देउडा नाच

रापती अञ्चलदेखि पश्चिम महाकाली अञ्चलसम्मका पहाडी जिल्लाहरूमा प्रसिद्ध भएको यो देउडा नाच कर्णाली अञ्चलको पनि मुख्य लोकनाच हो । यसलाई देउडा खेल खेल्ने पनि भनिन्छ । यो समूह नाच हो । एकातिर ठिटा र अर्कोतिर ठिटीहरूले हातेमालो गरी दोहरी गीत गाएर यो नाच नाच्ने गर्दछन् । कहिलेकाहीं ठिटै–ठिटाहरू मात्र मिलेर र कहिलेकाहीं ठिटी–ठिटीहरू मात्र मिलेर पनि यो नाच नाचिन्छ । गीतको लयको तालमा खुट्टा अगाडि पछाडि सार्दै बिस्तारै वरिपरि घुमी–घुमी देउडा नाचिन्छ । यता खुला रूपले दोहरी गाउन ठिटा-ठिटीहरूले संकोच मान्ने हुँदा देउडा नाच नाच्न पनि यिनीहरू प्रायः एकान्त ठाउँ रोज्दछन् । देउडा नाच विभिन्न चाड, पर्व, उत्सव र मेला आदिमा नाचिन्छ ।

ढालनाच

ढालनाच कर्णाली अञ्चलको प्रसिद्ध समूह नाच हो । देब्रे हातमा ढाल र दाहिने हातमा तरवार लिएर यो नाच नाचिन्छ । शत्रुसँग युद्ध गर्दाको अभिनय गर्दै नाचिने यस नाचमा वीररसको प्राधान्य हुन्छ । ऐतिहासिक वीर पुरुषहरूले लडाइँको मैदानमा

CC-0. In Public Domain. Digitization by eGangotri

धामी र धमिनी 'धामी नाच' को फन्कोमा

ढोली नाचको रमिता

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

ढाल नाचको जोशिलो दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएको बहादुरीको अभिनय गर्दै नाचिने ढालनाचले ऐतिहासिक लडाइँको झल्का दिन्छ। खास गरेर कामी जातिले यो नाच नाचेको देखिन्छ। पर्वमा र उत्सव आदिको समयमा ढालनाच नाचिन्छ। यस नाचमा सनाई, ढोल, झ्याली, दमाहाहरू बज्दछन्। बाजाको तालमा अगाडि र पछाडि सर्दै ढाल र तरवार नचाउँदै यो नाच नाच्ने गरिन्छ। यसमा कुनै गीत गाइन्न। लोग्नेमान्छेहरूले मात्र यस नाचमा भाग लिन्छन्।

हुड्का नाच

दमाई जातिमा हुने हुड्केले हुड्का बाजा बजाएर नाच्ने नाचलाई हुड्का नाच भनिन्छ। स्थानीय ऐतिहासिक अथवा पौराणिक वीर पुरुषहरूका गाथा गाएर हुड्केले हुड्का नाच नाच्ने गर्छ। गाथालाई यता 'भारत' भन्ने गरिन्छ भन्ने कुराको उल्लेख माथि भइसकेको छ। यस्ता भारतहरू (गाथाहरू) लामा-लामा हुने भएकाले यो नाच पनि लामो हुन्छ। सेतो जामा, सेतो फेटा र कालो इष्टकोट लगाएर घुमी घुमी कम्मर हल्लाउँदै हुड्काले यो नाच नाच्छ। दुई-चार जना उसका चेलाहरूले गीतमा उसलाई साथ दिन्छन्। कहिलेकाहीं भारत बाहेक अरू साना साना चुड्किला गीतहरू गाएर पनि हुड्के हुड्का नाच नाच्ने गर्छ। हुड्का नाच नाच्ने हुड्केहरू कर्णाली अञ्चलको हुम्ला जिल्लाको गल्पा दरामा धेरै छन्।

चोपाउँदाको नाच

यता नयाँ ब्याउली भित्र्याएको वर्ष रोपाइँ गर्दा ब्याउलीलाई खेतको हिलोमा लगी चोपल्ने चलन छ। यस दिन विशेष उत्सवका साथ रोपाइँ गरिन्छ। खेतका आली-आलीमा बसेर दमाईहरू बाजा बजाउँछन्। रोप्नेरीहरूले नाच्दै धान रोप्छन्। यस बेला नाचिने नाचलाई चोपाउँदाको नाच भनिन्छ। गीतको भावना-अनुसार हातले हाउभाउ लाएर, विशेषतः आइमाईहरू यो नाच नाच्छन्। चोपाउँदाको नाच निकै रमाइलो र मनोरञ्जन दिने खालको हुन्छ। यस दिन ब्याउली बाहेक, ब्याउला लगायत खेतमा काम गर्ने रोप्नेरी र जोतार (लाठे) हरू पनि हिलो छ्यापाछ्याप गरी खेल्छन्।

चाँचडी नाच

कथा, पुराण र पूजा आदि लगाउँदा यहाँ चाँचडी नाच नाचिन्छ। यस नाचमा रामायण, कृष्णचरित्र र ऐतिहासिक पुरुषहरूबारेका गीतहरू गाइन्छन्। चाँचडी सबै जातका मानिसहरूले नाच्ने नाच हो। नाच्न सिपालु सबै कलाकारहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

यस नाचमा भाग लिन्छन् । यो नाच केही चुड्किलो हुन्छ । यस नाचमा दमाई-बाजाहरूका अतिरिक्त डमरु, मजुरा र घण्ट आदि पनि बजाइन्छन् ।

धामी-नाच

आफ्नो आङ्मा देउता चढेपछि धामी पङ्ेली भन्दै कामेर नाच्न थाल्छ । यसै नाचको नक्कल गरेर गाउँघरका कलाकारहरूले धामी-नाच नाच्ने गर्छन् । यो नाच निकै जोशिलो र छरितो हुन्छ । यस नाचमा धामी र धमिनी भएर दोहरी नाच्ने पनि चलन छ । यसमा दमाहा र घण्ट बजाइन्छन् । पैठमा धामी-नाच निकै हेर्न पाइन्छ ।

ढोली नाच

दमाई जातिका विभिन्न प्रमुख नाचहरूमध्ये एउटा ढोली नाच पनि हो । विशेष अर्व-पर्व र चाडमा यो नाच नाचिन्छ । कर्नाल, दमाहा र झ्याली बजाउँदै घुमीघुमी बाजाको तालमा गीत गाउँदै खुट्टा चालेर दमाईहरूले यो नाच नाच्ने गर्छन् । सेतो फेटा, सेतो जामा र रातो कपडाको लर्कन लगाई नाचिने यो नाच निकै राम्रो देखिन्छ ।

मुगाली नाच

कर्णाली अञ्चल मुगु जिल्लाका जाडहरूले नाच्ने यो नाच मुगाली नाचको नाउँले प्रसिद्ध छ । आफ्नै वेशभूषाले सिँगारिएको यस नाचमा आफ्नै मौलिकता भरिएको पाइन्छ । दोचा, मोचा, बक्खु, मुगाको माला र कानमा ठूला ठूला मुन्द्रा लगाएर नाचिने यस नाचमा जाडहरूले आफ्नै भाषामा गीत गाउने गर्छन् । गीतको तालमा खुट्टा बजार्दै र दायाँ हात उचाल्दै यो नाच नाचिन्छ । यस नाचमा देउडा शैलीको छाप परेको देखिन्छ ।

उपर्युक्त लोक-नाचहरूका अतिरिक्त, भजन गाएर नाचिने नाच, तीजमा आइमाईहरूले नाच्ने नाच, बिहेमा दमाईहरूले नाच्ने नाच, ब्याउली लिन गएपछि आइमाईहरूले नाच्ने रत्यौली र झोडा नाच पनि यतातिर पाइन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri



आफ्नै वेषभूषामा सजिएको मुगाली नृत्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लोकवाद्य-वादन

कर्णाली अञ्चलका लोकवाद्य-वादकहरूमा दमाईहरू नै मुख्य हुन् । दमाहा, सुनाई (सनाई) नर्सिङ, ढोल, ताल (झ्याली), मादल, हुड्का, बाँसुरी, आदि बाजाहरू दमाईहरूले बजाउँछन् । चाड अर्व-पर्व, मेला, उत्सव र बिहे–व्रतबन्ध आदिमा यिनैले बाजा बजाउने काममा भाग लिन्छन् । 'बाजा बजाउने काम दमाई जातिमा कसरी भाग लाग्यो' भन्ने बारेको यता सुनिने एउटा जन–श्रुति यस प्रकारको छः—

पहिले गाउँ–घरमा उत्सवको बेलामा बाजा बजाउने मान्छे कोही थिएन । एक दिन एक जना गाउँलेको घरमा उत्सव मनाइने भएको थियो । उसले त्यस बेला बाजा बजाएर रमाइलोसँग उत्सव मनाउने इच्छा गर्‍यो र एउटा तामाको दमाहा बनाउन लगायो । त्यस दमाहामाथि उसले दुइटा गजा (दमाहा बजाउने लट्ठी) पनि राख्यो । त्यसपछि आफ्ना समाजका सबै मान्छेहरूसँग उसले भन्यो–हेर, जसले पहिलो पल्ट यस दमाहामा गजाले हान्ला, त्यसैले नै हाम्रो समाजमा सधैं बाजा बजाउने काम गर्ला ।

उत्सवको दिन उसको घरमा धेरै पाहुनाहरू जम्मा भएका थिए । उसकी छोरी पनि आफ्नो सानो छोरा लिएर त्यस घरमा आएकी थिई । त्यसै सानो केटोले पहिलो पल्ट गएर त्यो दमाहा बजाएछ । गाउँलेहरूले त्यसै केटालाई बाजा बजाउने काम सुम्पे । दमाहा बजाएकोले ऊ दमाई भयो । आमा चाहिले रुँदै गाउँलेहरूसँग भनी, "मेरो छोरालाई दमाई नबनाइदेओ, मेरो बिन्ती लागोस् ।" उसको दाजुले उसलाई सम्झाउँदै भन्यो, 'पीर नमान बहिनी, तिमीलाई खान पुग्ने धान दिउँला, नयाँ लुगाहरू सिउन लाउँला, बिहे–व्रतबन्धमा अघि लाउँला, म भान्जालाई हलो जोताउन्न, बाउसो खनाउन्न, देउताको पिंडीमा ल्याउँला, राजाको अघिअघि लाउँला ।' यति भनेर दाजुले बहिनीको चित्त बुझायो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पुर्खौदेखि दमाईहरूले आजसम्म आफ्ना लोक–संगीतलाई जिउँदो तुल्याई आएका छन् । यिनीहरूले चैते दशैंमा भगवतीको थानमा वडाबाजा, विहेमा पयानो, रोपाइँमा चोपाउने, साउन पूर्णिमामा पैठ, ठूलो दशैंमा प्रार्थना, छैटीमा जग्गेवाजा, श्रीपंचमीमा वढाइँवाजाका लोकधूनहरू बजाउने गर्छन् । सनाई बजाउन यिनीहरू निकै सिपालु हुन्छन् । सनाईको तल प्वालमा सानो एउटा नली घुसाएर बट्टुकाको पानीभित्र त्यो नली डुवाई पानी नपोखिने गरी सास फेरेर यिनीहरू सनाई बजाउने अभ्यास गर्दछन् । यो अभ्यास गर्न निकै गाह्रो पर्छ ।

सिँजाली दमाईहरूका आफ्नै रागहरू पनि छन् । ती हुन्–ढाडेकोटी राग (मुखले सास नरोकी नाकले मात्र पौन अर्थात् सास फेरेर सनाईमा बजाउने राग । यस रागमा–"नेपाली रंकनें घांट बिटोंती फुटेको, क्या गर्नु करिमै यस्तो पिरती छुटेको" –भन्ने गीत बजाइन्छ । यो राग खास गरी जन्ती जाँदा बजाइन्छ ।), जुम्ली राग र पैंठु राग । पैंठुं राग पैठमा वजाइन्छ । यस रागमा बजाइने गीतको गेडा यस प्रकारको हुन्छः—

दूध पडे सामलिय[१] तर पडे केश
हँड गोसाईं मष्टा देव पुतलीका भेष ।।

यसअतिरिक्त यहाँका दमाईहरूको अर्को विशेषता हो-खूट हान्नु । ठूला–ठूला पहाड र खोलानालाले भरिएको कर्णाली अञ्चलमा वारि गाउँवाट पारि गाउँ जान पर्‍यो भने दिनभरि पनि लाग्न सक्छ । यस्तो अप्ठ्यारो कामलाई सजिलो तुल्याउनको निम्ति दमाईहरूले दमाहा ठोकेर वारिवाट पारिको मान्छेलाई वोलाउने सांकेतिक धून वजाउने गर्दछन् । यसलाई खूट हान्ने भनिन्छ । वारिवाट पारि सुनिने गरी खूट हानेपछि पारिको दमाईले खूटको अर्थ खुट्ट्याउँछ र दमाहाद्वारा नै खूट हानेर त्यसको जवाफ दिन्छ । यस प्रकार दमाईहरूले वारिवाट पारि र पारिवाट वारि सूचनाको आदान प्रदान गरेको देखिन्छ । आपद परेको वेलामा पारि गएको कुनै मान्छेलाई तुरुन्त वोलाउन परेमा यही खूट हान्ने कलाले ठूलो सहायता पुऱ्याउँछ । उदाहरणको लागि "छोरा जन्म्यो, छिट्टै आऊ ! देउताको पूजा छ, चाँडै आओ ! तिमीलाई भेट्न मान्छे आएको छ, तुरुन्त आऊ !" आदि समाचारहरू खूट हानेर सजिलैसँग दमाईहरूले ठाउँमा पुऱ्याउँछन् । श्री ५ महाराजाधिराज सरकारको सलामी, श्री ५ वडा महारानी सरकारको सलामी, प्रधान मंत्रीको सलामी र स्थानीय

---
[१] सामल ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठकुरी तथा पञ्च भलादमीहरूको सलामी पनि दमाईहरूले दमाहा बजाएर चढाएको देखिन्छ ।

दमाई जाति बाहेक अरू जातिका कलाकारहरूले बाँसुरी, मुजुरा, बिनायो, मादल आदि बाजाहरूमा विभिन्न ताल र लोक–धूनहरू बजाउने गर्दछन् । मुजुरा र डमरु बाहुनहरूले ज्यादा बजाउँछन् । बाँसुरी र विनायो बनजंगलमा गोठाला जाँदा ठिटाहरूले बजाउने गरेको देखिन्छ । मुगुतिरका रोका थापाहरू घोडाको पुच्छर हालेर बनाइएको एक प्रकारको सारंगी बजाउँछन् । यस सारंगीको स्वर निकै सुरिलो र मीठो सुनिन्छ ।

दमाईले बजाउने सनाईको एक धूनको स्वर लिपि यहाँ प्रस्तुत छ :—



CC-0. In Public Domain. Digitization by eGangotri

	म		म	म							
पनि	प,प	निप	पनि	प,प	निप	म	ग	-म	पम	गम	पम
ऽऽ	ऽ,ऽ	ऽ,ऽ	ऽऽ	ऽ,ऽ	ऽऽ	ऽ	ऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽऽ
×				×				×			

				सा							
गसा	सा	-	साग	ग	साग	मग	गम	गम	गम	पम	ग
ऽऽ	ऽ	ऽ	ऽऽ	ऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽ
×				×				×			

ग											
म	गम	गम	पम	गग	-	ग	मग	सा	सा	-	सा
ऽ	ऽ	ऽऽ	ऽऽ	ऽऽ	ऽ	ऽ	ऽऽ	ऽ	ऽ	ऽ	ऽ
×				×				×			

उपर्युक्त धून धानी रागमा छ ।

❀

CC-0. In Public Domain. Digitization by eGangotri



खूट हान्न सिपालु दमाईहरू

धामी पतुर्न लागेको दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लोककथा

कर्णाली अञ्चलमा प्रशस्त लोककथाहरू पाइन्छन् । यी लोककथाहरूले यहाँको जन-जीवनमा ठूलो ठाउँ ओगटेका छन् । यहाँको सामाजिक र धार्मिक जीवनमा यिनले निकै प्रभाव पारेको देखिन्छ । सामाजिक चालचलन र रीतिथितिमा आस्था राख्न, ऐतिहासिक सूचनाहरूको संग्रह गर्न र समाजमा शिक्षा-दीक्षा, दिन यी लोक-कथा र किंवदन्तीहरू ज्यादै उपयोगी सिद्ध भएका छन् । हो, लोककथाहरूमा अन्ध-विश्वासका कुराहरू पनि प्रशस्त हुन्छन्, तर यिनले यहाँको प्राचीन रीतिथितिलाई परिवर्तित हुन नदिई आफ्नो पन र ढाँचालाई जोगाएर राख्न सहायता पुऱ्याएका छन् । यसैले यहाँका लोककथाहरूमा पाइने मौलिकता र नौला नेपाली शब्दहरूले नेपाली भाषा र साहित्यको भण्डार भर्ने काममा ठूलो सघाउ पुऱ्याउनेछन् भन्ने विश्वास गरिन्छ । यहाँका लोककथाहरू आफ्नै रंगले रंगिनुका साथसाथै यस थलोमा बोलिने भाषालाई नेपाली राष्ट्रभाषाको पूर्वरूप मानिएको हुँदा पनि यी कथाहरूले नेपाली साहित्य र भाषाको विकास गर्ने काममा कम सहायता पुऱ्याउने छैनन् भन्न सकिन्छ ।

दिनभरिको कडा मेहनत र परिश्रमपछि राती आगो ताप्दै सिँजाली गाउँलेहरू लोककथा र गाउँखाने कथाहरू हाल्न थाल्छन् । मनोरंजन र रमाइलो गर्ने अरू कुनै उपाय नभएको यस ठाउँका जनता यिनै कथाहरू भनेर आनन्द मनाउँछन् । यहाँ संग्रह गरिएका सृष्टिका, मष्टाका, न्यायइन्साफका, बठ्याइँका, भूत-प्रेतका र स्थानीय किंवदन्तीका कथाहरू निकै घतलाग्दा र चाखलाग्दा छन् । प्रस्तुत यी लोककथाहरू कथा भन्ने मान्छेले जसरी भनेको हो, उस्तै गरी यहाँ उतारिएका छन् । धेरैजसो यता 'स' को उच्चारण 'ह' र 'स' को साथमा 'ख' समेत आउने गरी गरिने भए तापनि सजिलो पार्नको निमित्त यहाँ शुद्ध स र श नै लेखिएका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

संसारको सृष्टि

[भर्खर भर्खर संसारको सृष्टि हुँदा मान्छेहरू थिएनन्। मान्छेको सृष्टि भएपछि पृथ्वीको आधी भार थाम्न भगवान्ले माछालाई अह्राए। माछाले आधी भार थाम्न मन्जूर गरेको कुरामा भगवान्ले ढँटेलो, गाई, धूपी पीपल, देवदारु, सल्ला र घोडालाई साछी राखे। ढँटेलो, धूपी, पीपल र देवदारुले राम्ररी साछी बके। तर गाई, घोडा, र सल्लाले भने अलि कुरा बंग्याए। भगवान्ले पीपल, ढँटेलो, धूपी र देवदारुलाई दीर्घायु र सुख–समृद्धिको आशीर्वाद दिए। गाई, घोडा र सल्लालाई आधा सराप र आधा बरदान दिए। बढ्दै गएका मान्छेहरूले माछा खान थाले। माछामाथिको भार मान्छेहरूमाथि पर्न थाल्यो। मान्छे दिन–प्रतिदिन विवेकहीन हुँदै गयो।]

पैंन्हा यो सृष्टि हुन्या वखतमा मान्ठ पैदा भयाका थिएनन्। मान्ठ भर्खरहुँदी पैदा हुँदाखेरीमा भगवान्ले भन्या कि ओहो, यो दुनियाँ त मेरो पो हो! आज यो दुनियाँ भन्याजन सात दिन सात रात यी गंगा माईले थुनिदिया भन्या पिर्थिवी कुनछ (कुहिन्छ) पिर्थिवी उव्क्यो (विलायो, डुब्यो) भन्या मु भगवान् भएर के काम छ? भगवान्ले भगवान् सम्झ्या। हामी भगवान् भन्दा छौं, भगवान्का पनि भगवान् छन् अरु। भगवान्ले भगवान् सम्झँदाखेरीमा, यो आधी भार कैले (कसले) लिन सक्ला? भन्दाखेरीमा, भगवान्ले र्अति के दिया त भन्या, आधी भार माछाले लिन सक्छन्, माछा काँ छन्? माछा पाखा छन्, होतनी, लिनी माछालाई ल्याएर आओ भनेर पाल्या (पाले) खटाया। पाल्या खटाउँदाखेरी, 'परभू!' भन्या पाल्याले, हामीलाई कमान (हातहतियार) नदिएर ती माछा उसै आउन्या

CC-0. In Public Domain. Digitization by eGangotri

हैनन्, हाम्रा पासमा कमान देऊ, कमान के दिया भन्या ठाडा तिरशूल । माछाऽ ठाडो तिरशूल हुन्छ हेर ! यो भगवान्‌ले दियाको तिरशूल हो । पाल्यालाई त्यो तिरशूल दिँदाखेरिमा, माछाऽशिरउँदो तिरशूल हान्दा माछाले चेत्या । 'जाउँला परभू !' भनेर सारा माछा जम्मा भएर आयाछन् । ऐले त हाम्रा भनेपछि (हामीले भनेर) करवाट जानन् (पानीभित्र जालान्) र आधी भार वोकौंला भनेर भन्‌राख्या छन्, दिन बुड्यो भनेपछि चिसो भो भनेर आफ्‌आफ्ना ठाउँमा बाइजान्छन् (गइ जान्छन्) नी, न्यानेर (यहाँनिर) साछी राखौं ।

साछी कति राख्या भने, उइले मान्ठ भुर्बर पैदा हुन लागेका साछीसम्मका (साछी राख्न पुग्ने) मान्ठ काँ पुग्थे ? साछी कति राख्या भनेपछि, पैला ढँटेलो (सानो फल फल्ने जंगली झार) एक, गाईआमा दुई, धूपी तीन, पीपल चार, दियार (देवदारु) पाँच, घोडा छ, सल्लो सात । यिनी सात साछी राखी, 'ल्या पैला ढँटेलो ल्या', 'कसो हो ढँटेलो लौ भन् ?' 'ठीक हो परभू ! सात रात सात दिनसम्म लाई गंगामाई थुनिन् पिर्थिवी डुब्न आँट्यो, यो आधी भार कस्ले बोक्न सकनन् (सक्लान्) भनी, माछाले बोक्न सकनान् भनी हाम्रा आँखाले देखी, हाम्रै कानले सुनी, आधी भार यिनले बोकौंलै भन्याका हुन्' भनेर ढँट्यालाले खसमखास गरी वक्ता खेरीमा, 'तौँ वाह्रै महीना नमुक्यास् ! तौँ फुल्दै रह्यास्, तौँ फल्दै रह्यास् ! तेरा जो भाइ बैना हुन् तौँ चाँडै पल्हाई जायन् ! माघमास हिंयाल (ह्विउँ पर्ने) मैनामा फुल्न पाएस् ।' भनेर ढँटेलोलाई आशिगवाद दिया । ढँटेलोले त यस्तो राम्रो गरी वक्यो, गाईआमा जै (झैं) गाईआमा भइन् भन्या असल गरी वक्लिन् भनी गाईआमालाई ल्याया । 'कसो गाईआमा, लौ भन ?' भन्दा त 'चर्दै (चर्दै) हिन्दै (हिँड्दै) गन्याइ उस्तो हेक्का छैन हामीलाई.' भनिन् गाईआमाले, भन्दात 'तह (तव) भन्या तिम्मो गुउँत, (गहुँत) गोबर, दूध तीनथर तिम्मो चोखो, मुख तिम्मो जूठो, तिमीले अखेत (गुहु) खानू' भनेर गाईआमालाई तत्तिकै ठीक गरी राख्या । 'भन्या तिमीले ताख्या छौ जिउँदा तिमीले पाल्नेछौ, गाईआमा आनिन् (आउलिन्) र असल गरी वक्निन् भन्दाखेरिमा त तिमीले त था छैन भन्यौ, था नभे पछि गुउँत, गोब्रर, दूध तीनथर तिम्मो चोखो मुख तिम्मो जूठो । गाईले हान्याऔ (हानेको) गति छैन, अगति छ ।' गाईलाई राख्या । फेरि धूपी आयो । 'कसो हो धूपी लौ भन् ?' 'ठीक हो परभू ! जस्तो वयान ढँटेलाऽ ओ (हो) त्यसै वयान मेरो', धूपीले भन्दियो । 'तोइँले पनि तह भन्या (त्यसो भने) ठूल्ठूला धूप धँवालमा (धूपको धुवाँ भएर देउतालाई चढ्ने भएर) वस्न पाउनू, तेरो पनि दीर्घ आयु होस् । तोइँले पनि सुक्न नपाए ।' धूपी हिउँद काँ सुक्दोछ ? (सुक्छ?)

4103
डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

घूपीलाई राख्या । फेरि घोडो आयो । 'कसो हो घोडा ! लौ भन् ?' 'ठीक् हो', घोडा मुख मात्तै ठीक ठीक भन्या हुँदामा, 'अरू लफन्दरी मु जान्दैन ठीक मात्तै', घोडाले भन्दियो (म अरू लामो कुरा जान्दिनँ मुखले मात्र ठीक छ भन्छु भनेर घोडाले भन्यो) 'त भन्या (त्यसो भने) तेरा मुख मात्तै ठिक्क ।' घोडा गयो । अब सल्लो आयो । 'कसो हो सल्ला ! लौ भन् ! मुण्टो हल्लाएर सुसाईकन आयाको सल्लोले, ठीक हो भन्दियो कि था छैन भन्दियो । सामुन्ने आएर था छैन भन्या तोँ एकपुर्ख्या (एक पटक काटेपछि फेरि नपल्हाउने) भयास् ।' सल्लो काट्या कैं पल्हाउँछ क्या ? (काटेको सल्लो फेरि पल्हाउँछ के ?) एकपुर्ख्या, एकुरो बनाइदिया सल्लोलाई । फेरि दियार आयो । 'कसो हो दियार लौ भन् ?' 'ठीक हो परभू ! जस्तो बयान ढँटेलोको हो तस्तै बयान मेरो' भन्दाखेरिमा 'हज्जार बर्षका जडा हुन्, हज्जार वर्षका पडा हुन्, तेरा भिँमा बस्न सबैले पाऊन् (तेरा छायाँमा बस्न सबैले पाऊन्) तोँन (तँलाई) घाउ लाउन कसैले नपाऊन्, बिरछे (वृक्ष) मध्येमा तोँइले ठूलो राजा हुन पाउनू ।' दियार जत्तिको ठूलो बिरछे केही छैन । 'दीर्घ आयु होस्' भनेर दियारलाई राख्या । फेरि पीपल आयो । 'कसो हो पीपल लौ भन् ?' 'ठीक् हो परभू जस्तो वयान ढँटेलाऽ हो, तस्तै बयान मेरो ।' 'तोँइले पनि ठूलो वृपध्वँवालमा वस्न पाउनू । तेरा पनि दीर्घ आयु हुन् । पीपलमा पानी नदिएर पिर्तादी (पितृआदी) ले पनि पाउँदैनन्, ताँसम्म तेरो ठूलो औखात (शक्ति) भयो', भन्यार पीपललाई राख्या ।

पछि सब साछीवाछी ठिक्कठाक्क गऱ्या, आधी भार गंगामाईले बोकिन्, आधी भार माछाले बोक्या, गंगामाई चलिन् (बगिन्) पिर्थिवी रह्यो, (अड्यो) फेरि मान्ठ पैदा भया, उम्ता छारप्ट (असंख्य) भया, मान्ठले जाल खेल्दाखेरिमा माछो पाड्या । माछो पाड्या भनाएर त्यै माछो मान्ठले खाँदा खेरिमा, त्यो माछो सुफल (मुक्त) भैगो । माछाहुने (माछामाथिको) भार मान्ठमाथि पड्या । पछि उहाँदेखि जम्मै भार मान्ठमाथि आउँदा खेरिमा फेरि अँदै तिँ लाग्ने हलो, जुवा, फालो जम्मै मान्ठले मान्ठै खान पड्यो । त भन्या पछि आप्नो (आफ्नो) मासु आफैं खाँदाखेरिमा आजक्याल समय यस्तै भयो । कुडा (कुरा) यत्ति हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि-विचार

[‘बालक जन्मनेबित्तिकै यो सुपारीको दाना मलाई दिनू’ भनेर कालिदास पण्डितले सुत्केरी हुने आफ्नी स्वास्नीलाई एक गेडा सुपारी दिएका थिए । सुत्केरी भएपछि उनकी स्वास्नीले बिर्सेर एक घण्टापछि मात्र त्यो सुपारीको गेडा लोग्नेकहाँ दिइपठाइन् । कालिदासले पाटी कोरी हेर्दा बालक आफ्नो ठहऱ्याएनन् । विरक्त भएर उनी घर छोडी परदेशको एउटा गाउँमा गएर बस्न थाले । बाह्र वर्षपछि एकदिन कालिदासले ‘आज यस गाउँमा वज्र पर्छ, पशुवस्तुको जतन गरी होश राखी बस्नू’ भने । त्यसै दिन बाह्र वर्ष पुगेका उनका छोरा बाबुलाई खोज्दै संजोगले त्यसै गाउँमा आइपुगे । उनले पनि, ‘आज वज्र पर्छ’, भनेर गाउँलेहरूलाई भने । ‘कुन ठाउँमा वज्र पर्छ ?’ भन्ने कुरामा बाबु र छोरा बीच हानथाप पऱ्यो । दुवैले अलग अलग ठाउँमा चिह्नो लगाए । छोराले चिह्नो कोरेको ठाउँमा वज्र पऱ्यो । बाबुको हार भयो । छोराको जीत भयो । पछि बाबु-छोराको चिनाजान पनि भयो ।]

दिन ढल्किसकेपछि (उमेर पुगिसकेपछि) कालिदासले आप्ना भ्या (बिहे) गऱ्याछन् । आपनो भ्या गद्दाखेरिमा पछि ती आइमाई भन्याजन (थेगो) पैदा हुँदाखेरिमा (सुत्केरी हुने बेलामा) कालिदासले सुपारीको दाना पास दी राख्या रयाछन् । छोरो भया पनि छोरी भया पनि भिमा (भुईंमा) पड्डासाथ त्यो सुपारीको दाना भाइर (बाहिर) मेरा पास आवोस्, भन् राख्या रयाछन् । पछि त्यो बालक भिमाँ (भुईंमा) खस्योछ । एक घण्टा बार (ढिलो) गरेर त्यो सुपारीको दाना

CC-0. In Public Domain. Digitization by eGangotri

कालिदास पण्डितको पासमा आयाछ । कालिदास पण्डितको पासमा आउँदाखेरिमा पात्तो (पात्रो) फुकाएर हेद्दा 'ओहो ! यो त आप्ना सन्तानको हँडाई, डुलाइ, ल्वाइ (लवाइ) वयै पनि आएन, यो त जारपत्ती (जारपट्टिको) ठह्र्यो' भन्दा खेरिमा कालिदास पण्डित दिक्दार भएर देश निक्लिगयाछन् । देश निक्लिगयापछि बाह्र वर्षसम्मलाई कालिदास पण्डित बीचैमा वस्याछन् । 'क्या हौ, काँका हौ ? हामी गाउँ गरामका मान्ठले तिमी जैथा (जस्ता) पण्डितलाई टाढा जान दिदौंन, (दिंदैनौं) हाम्मा छोराहरू पढाउनुपर्छ' भनेर कालिदास पण्डितलाई तहीं गाउँमा गाउँल्याहरूले राख्याछन् । बाह्र बर्षसम्म कालिदास पण्डित उसी गाउँमा वस्याछन् । पछि कालिदासका छोरा पनि बाह्र वर्ष पुग्या घरमा । तिनको नाउँ वर्ज़ पण्डित भयाछ । त्यतिको उमेर पुगिसकेपछि 'आप्ना बाबुको खोजी गरीन भन्या मु जन्मेको के सिंगार छ' भनेर ती बाबुका खोजी गर्न गयाछन् ।

खोजी गर्न जांदाखेरिमा, वड्डा (बूढा) कालिदास पण्डितले 'हेर आओ गाउँलेओ ! आजको दिनमा वर्ज़ (वज्र) पड्न्या छ, जतन गर्नू है ! सारा पशुवस्तुको जतन गर्नू ।' भन्राख्या रयाछन् । आप्ना वावुका खोजी गर्दै हँड्दा हँड्दा ती (बर्ज़ पण्डित) पनि हैं ठ्याक्क पाडीकन गयाछन् । तैं कालिदास बस्या गाउँका मान्ठको बाटापुडो (बाटोनजीक) जग्गा रयाछ । त्यो (गाउँले) बाट्न (बार बार्न) आयाछ । उइले पनि (उसले पनि) 'ओहो, क्या हौ ! काँका हौ ? काँ जान्या हौ ?' भन्दाखेरिमा, 'हाम्मा वावुका खोजी गर्न जान्या हुँ ।' 'क्या हौ तिमी ?' 'मु पण्डित हूँ' 'हो त पण्डित भयामा आजका दिनमा बर्ज़ पड्न्या कि नपड्न्या ?' भन्दाखेरिमा ऊ एकचोटि धुकचुकायाछ । 'अ''' पड्ने' भन्याछ । 'पड्डा त पड्ने को किल्ला (कुन दिशामा) पड्ने ? चार किल्लामध्ये दायाँ–वायाँ, पूर्व–पछिम, उत्तर-दछिन को किल्लामा पड्ने हो ? हाम्मा पण्डितले किल्ला भन्या नाईं । 'ती त मेरा बा जस्ता रयाछन्, लाटा रैतीलाई लाटो बाटो सिकाइदियाछन्, तिनले त वन्धनमा फाल्देछन्, चार किल्लामध्ये एकै किल्लामा पो बर्ज़ पड्नुपर्नेछ र तीन किल्ला खालीखाल्सा रहन्छन् । भारो (धेरै) चर्नुपर्ने पशुवस्तुलाई त आज गोठ ठास्या (कोच्नु) छन्, तीन किल्लामा पशुवस्तु चर्दै रहन्छन् । ती त मेरा बा जस्ता रह्याछन्, आप्नो कान नछामी कागाऽ पछि दगुर्ने ।'

भन्दाखेरिमा पछि गाउँलेले लगडचाँसी (ठूलो हँसिया) र काँडेकाप्चो (काँडा च्यापेर घचेट्ने कापे लट्ठी) ढाँड (ढाड) हालेछ र बर्ज पण्डितका नाडीमा ट्याक्क समाई ल्हैगयोछ (लगेछ) । 'अ''' हामी धामीकन खोदेलनु (दुई धामी बकाए झैं बकाउनु) खोज्दैनौं, को धामी सइ (सही) गद्दा छन्, को धामी असइ गद्दा छन् ?'

CC-0. In Public Domain. Digitization by eGangotri

भनीकन पछि उस मान्ठले हुँदेखि सुरुसुरु लियोछ (लग्यो) र दुई बावुछोरा डेराहाते (डेरामा सँगै राख्नु) गऱ्योछ । डेराहाते गद्दाखेरिमा, 'ओहो ! लाटा रैतीलाई तपाईंले बन्धन गराउनुहुन्छ ? लौ अब तपाईंले पनि कुओ कोर्नोहोस् (खाल्टो खन्नुहोस्), म पनि कुओ कोरूँ, तपाईंले कुओ कोऱ्यामा बर्ज़ पड्छ कि मेरा कुओ कोऱ्यामा बर्ज़ पड्छ,' भनिन (भनीकन) छोरोले भन्दा, दायाँपट्टि बाउले कोऱ्या, बायाँपट्टि छोरोले कुओ कोऱ्यो । कुओ कोर्दासाथ बर्ज चटयाँस्स गऱ्यो र आयो, बाउको खालीखाल्सा भयो, छोरोको कुओंदो पड्यो । जगत्ले भन्या कि 'वाहा ! बाउभन्दा त छोरो जान्या रयाछन् हँ दैव !' साराले भन्दाखेरिमा पछि बाउले भन्या कि 'लौ अब मु कामबाट थोतो भै सक्याँ पोथो (सानु छोरा) जान्ला भन्या निम्तिबाट आज पोथा मेरा भेट हुन्यारयाछ, बर्ज़ पड्न्या मुद्दा यैले छिन्यो, साराले यैलाई मान्या । छोरा जान्ला भन्या निम्तिबाटै छोरा यसै दिन आउन्या छ भन्न्या न मु ? (आज छोरो आउँछ र यसले वज्र पर्ने कुरा भन्छ भन्ने मलाई थाहा थिएन र ?) यो मुद्दा छोराउँदो फालूँ र छोरा जान्ने भो भने जगत्ले माननान् भन्ने कुडा मेरा थिया । पछि गाउँघरं छोरालाई मान्ने भया । दुबो, दै. (दर्हा) चामल गऱ्या, बाबु–छोरा भेटाघाटी गऱ्या ।

[यो कथा भाषा र शैलीको निम्ति मात्र प्रस्तुत गरिएको छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

छोरीका आस बङ्डाऽ नाश

[एक जना बूढाका चार ओटी छोरीहरू थिए । घरका जहानले दुःख दिंदा, एक दिन त्यो बूढो छोरीहरूका घरमा गयो । तीन ओटी छोरीहरूले एक एक ओटा अत्तो थापेर बूढोलाई बास दिएनन् । अन्त्यमा बल्लबल्ल एउटी छोरीले उसलाई गोठमा बस्न दिई । छोरीले खाना छिटो ल्याइन । बूढो भोकले अतालिएर डोकामा राखेको मयलका दाना खान थाल्यो । पछि छोरीले काँचो रोटी ल्याएर दिई । काँचो रोटी र मयल खाँदा बूढोलाई झाडा बान्ता लाग्न थाल्यो । भोलि पल्ट विरक्त मान्दै बूढो घर फर्क्यो ।]

एका देशमा एउटा बाबु रयाछ । त्यो बाबुकी चार छोरी रयाछिन् । दुई छोरी गुम (मुगुको एक गाउँ) दियाइ रैछिन्, दुई छोरी ढुम्ह (मुगुको अर्को गाउँ) दियाइ रैछिन् । घरजहानले त्यो बाबुलाई दुःख दियाछन् । दुःख दियाछन् र अबु छोरीका घर जाँला र क्यै खाँला (खाउँला) पेट भरीकन भन्योछ र त्यो बाबु गयोछ । एउटा छोरीका घर गयोछ, 'बाबै (बा) घर झगडिया छौं, ओखलमा बस' भुनिछ, (छोरीले भनिछ) 'अबु ओखलमा असीकन क्यारूँ छोरी ? अक्की छोरीका घर जाँला', भन्यो र बड्डो अक्की छोरीका घर गयोछ । अक्की छोरीका घर जाँदाखेरिमा, अक्की छोरीले, 'बाइ ! (बा....) छुट्टिन भाँटथाछन् न्ह्याँ (यहाँ) दुःख छ, अबु क्यारूँ ? पछि मेरा कोठा लिउँला, अँले त्याँ ती बस', भनीछ । 'त्यसो भन्या छोरी-ब, न्ह्या बसी क्यारूँ ? अक्की छोरी ति जाँला', भनेछ र फेरि अक्की छोरीका घर गयोछ ।

अक्की छोरी ति जाँदाखेरिमा ऊ छोरी भागेर बाईगै । अबु कस्तोरी बस्न्या ? फेरि अक्की छोरीका घर जाँला भनेर अक्की छोरीका घर जाँदा, घरमा भकरान्त

CC-0. In Public Domain. Digitization by eGangotri

छ्गिडो पर्दैचा रैयोछ । छगिडो पड्न्या घर अंबु क्या गरीकन वसौं ? छोरी विपत्ता। बल्लवल्ल छोरी पानीका गाग्रों लेइ आइछ । आइर, 'कां आया थियौ बावै ! आत्तु !' (छोरीले ढोग्दा भन्ने शब्द) भनिन्छ । 'आइओतु (आषिक दिनेले भन्ने शब्द) बा ! यस्तै दुःखले आयाँ, ऊ छोरीका घर बास पाइनँ । 'कट्ठ (कठैं) बाबा ! क्यारूँ ? मुअन (मकन) यस्तै दुःख छन् । पछि रोटा (रोटी) ल्याउँला र खाउला, अँले तली गोठ वस' भनिछ । क्यारूँ, भनेर गोठभित्त गएर बस्योछ । हत्तपत्त त्यो छोरीले रोटा ल्याइनछ । बिचरालाई भोक लाग्योछ । छामछुप गर्दै म्हेल (मयल फल) को डोको फेला पाऱ्योछ र म्हेल छाम्दै खाँदै गऱ्योछ, पेट टन्न ढाँडियोछ । ढाडिएपछि बल्लबल्ल छोरीले चार रोटा आँटा (चार रोटीको मुछेको पीठो) ल्याइछ र दिछ । बड्डोले खायोछ (खाएछ) । म्हेला गेडा, आँटा रोटा खाँदाखेरि चीसो भो । रातभरि उइखो पेट लाग्योछ (पेट दुख्नु) र उईं (उहीं) उँदो, उई उँभो (झाडाबान्ता हुनु) हुन गयो ।

बड्डोले गीत भन्योछः—

> दुई छोरी गुम, दुई छोरी ढुम
> चार छोरी भंकन, पडचा निदरम[A]
> कुनेजोंको[B] आँटो, कथुरीको[C] म्ह
> ओ लामा रात ! ओ पडचा भह[D]

हैरान्त गरीकन बल्लजाई (बल्लपछि) रात बिहायोछ र बिचरो बड्डो घर फिऱ्योछ ।

❀

[A] अनिदो । [B] झुसे जाँ । [C] मयल । [D] झाडाबान्ता ।

CC-0. In Public Domain. Digitization by eGangotri

कूचे बूढा

[एका देशमा गरीब जोई–पोइका सातओटी छोरीहरू थिए । तिनीहरूलाई पाल्न नसकेर, एक दिन आमा–बाबुले तिनीहरूलाई एउटा खाल्टोमा हाली माथिबाट घट्टको चक्काले छोपिदिए । एक दिन पानी परेर त्यस ठाउँमा पहिरो गयो र घट्टको चक्का बगायो । तिनीहरू खाल्टोबाट बाहिर निस्के र घुमफिर गर्दै एउटा दैत्यको घरमा पुगे । त्यस घरको दैत्य ढुटोको रोटी र सिस्नोको साग खाएर दिउँसो बनमा गोठालो जाने गर्थ्यो । ती सात ओटी केटीहरू त्यसै घरमा बस्न थाले । दैत्य वनतिर जाँदा उनीहरू पकाई–तुल्याई खाने गर्थे । एक दिन दैत्यले चुल्होमा भातको सिता देख्यो । रिसले चूर भएर उसले चुल्हो फुटाल्यो । अर्को दिन उसले ओदानमा खीर लागेको देख्यो । रिसले ओदान भाँच्यो र तिघ्रामा घाउ लायो । अन्त्यमा ज्योतिषी देखाउन उसले लामपुच्छ्रे ढेडू बाँदरलाई घरमा बोलाएर ल्यायो । कोठीभित्र लुकेकी कान्छी बहिनीले त्यस बाँदरको पुच्छर तानिदिई । बाँदर डरले भाग्यो । दैत्य पनि बाँदर सँगसँगै बेपत्ता भयो । एकदिन कूचो बेच्तै बाबु त्यसै घरमा आइपुग्यो । छोरीहरूले उसको मान गरी पालैसँग आ–आफ्ना घरमा सात दिनसम्म ख्वाई–प्याई राखे । घर फर्कने बेलामा बूढोले छोरीहरूसित कूचोको मोल माग्यो । दिक्क हुँदै उनीहरूले बाबुलाई कूचोको मोल तिरे । आमालाई भनेर उनीहरूले अनेक विषालु कीराहरूको एक पोको दिई पठाए । घर पुगेर बूढोले बूढीलाई सबै समाचार

CC-0. In Public Domain. Digitization by eGangotri

सुनायो र त्यो कोसेलीको पोको पनि दियो। कोठाभित्र पसेर खुशी हुँदै बूढीले पोको फुकाई। पोकोबाट सर्प, बिच्छी, कमिला, अरिङ्गाल आदि निस्केर बूढीलाई टोकेर मारे।]

एकाका दुई जोईपोइ थिया। उनका सात छोरी थिइन्। जोईपोइ नागा (गरीब) थिया। त्यस कारणले गद्दा तिनुका घर अन्न थिएन। अन्न नभ्या हुनाले छोरीले उत्पात गरी खान (झगडा गर्न) लागिन्। कैंत्राट वेसा गरी ल्याउने ठाउँ पनि छैन। क्या रूँ, भनी सुच्ताखेरि, अब माले पनि छोरी भोक्ती (ज्यादा) खान लागिन्, छोरीकन खाल्टा कोचौं, भनेर खाडल कोरेर सातै छोरीलाई खाल्टाउँदी कोच्या। कोच्दाखेरिमा सातै छोरी खाल्टाउँदी पसिन्। अनि माथि ठूलो पाथर (घट्टको चक्का) को ढाकन ल्याएर लगाया। लगाउँदाखेरि सात दिन सात रातसम्म बसिन्। अब क्यारूँ? तिईं भित्तउँदी रुन लागिन्। पछि ठूलो गाड पहिरो आयो र पाथर बगाईकन लग्यो। ती उत्तिन् (उत्रिन्) उत्तेर जाँदा जाँदा एक ठूलो दैंतका घरमा पुगिन्। त्यो घरमा क्या रैछ भनेपछि, गोरु उम्तै (निकै) भेडा, बाख्रा ज्यासुकै संपति असाध्य भएको, आपु सिना (सिस्नो) को साग, ढुटाको रोटो खाएर बुन (वन) तिर जाने, त्यसो गद्दो रछ त्यो दैंत। दिउँस कोठेउँदी बस्न्या, रात कोठँउँदी बस्न्या, दिउँस खर्च (खाना) बनाएर त्यो बुनमा गएका बेला खान्या गद्दा रेछिन् ती (छोरीहरू)।

पछि दैंत बुनमा गएर, 'मेरा घर आगो ध्याउन्या, पानी च्वाउन्या को हौ?' भन्दो रछ। ती खाईपिई ठिक्क भएर चुल्केनोमा (चुल्होको ढुंगामा) थोकै (अलिकति) भात राखिछिन्। बेलुकी आएर दैंतले बल्ल, बाछा सब हुल्यो, गोठपुडो सब ठीक ठाक गऱ्यो। घर आएर ढुटाको रोटो सिनाको साग खाऊँ भनेर लाग्दाखेरि आगो बाल्याको, डिल्कुनामा भात राख्याको देख्यो। 'ल मैंले दिनभरि दुःख गरेर बल्ल, भैंसी चराउन्या, यो डिल्कुनो न्या बसेर भात खान्या' भनेर बेसगरी थिची डिल्कुना फुटाल्यो। चुलक्याइनो त्यसैअरी (त्यसैगरी) फुटाल्यो र सियो (सुत्यो)। अक्का दिन दूद धोएर (दुहेर) राख्यो र खानपीन गरी बुनमा गयो। उनीले खीर पकाई खाइन्। दैंत बाहाँ (साँझ) घर फर्क्यो। (बिहान) तेइखो जाग्रामा खीर लाग्या देख्यो। 'ल मु दिनभरि गाईभैंसी चराउन जान्या यो जांगो मेरा भात खान्या' भन्यो र जांग्रालाई फुटाल्यो अनि एक खुट्टाले लौडो टेक्दै गाईभैंसी चराउन बुनमा गयो। अनि दिउँस आगो ध्वाएर पानी च्वाएर खच्चबच्च बनाई तिनीले

CC-0. In Public Domain. Digitization by eGangotri

खाईन् । खाँदाखेरि पारिबाट, 'मेरा घर आगो ध्वाउन्या पानी च्वाउन्या को व्हो ? मु ढुटारोटो सिन। (सिस्नो) साग खान्छु, किन त्यस्तो गन्ने छौ ?' भन्दाखेरिमा तिनले अन्नीपन्नी (खाजा) बनाएर कुनै चाइँ अर्सा, फिनी गाडेर (फ्किेर) खाएर अदान (ओदान) मा र तअ (तावा) मा राखिदिइन् । अनि वासा (बेलुका) आएर तअ फुटाल्यो, अदान पनि फुटाल्यो, 'मैले दु:ख गर्न्या यिनले खान्या भन्यार अदान तअ सबै फुटाल्यो । त्यस्तै किसिमले सारा आप्ना शरीर पनि टुटायो ।

एक दिन 'अबु यस्तो गरी भएन मेरा गाऔं अरू धामी पनि थिया, काँ गया, काँ गया, अब तिनीहुने खोज्न जाँदो' भनेर एउटा लौडो टेक्टै घुँडाले सर्दै गयो र एउटा बाँदरको ठाउँमा पुग्यो । एउटा गुनी बाँदर (लामपुच्छ्रे ढेडु बाँदर) भन्नेलाई पुगेर उनीलाई, 'मेरा घराँ उत्पात भयो, क्या हो, क्या हो, हुन पस्यो (अनौठा हुन लाग्यो) दिउँस आगो ध्वाउन्या पानी च्वाउन्या, जांग्रा फुटाल्याँ मैले, घरका चुल्क्याना फुटाल्याँ, अदान फुटाल्याँ, तअ फुटाल्याँ सब चीज फुटाली सकिहाल्याँ, मेरा घर को को आउन पस्या दे (कुन्नि) अब क्या गरूँ ? धामी एकचोटि जाइदेऊ धमेलो बसी देऊ प* तिमी नभै भयान, तिमी हाम्मा देउता हौ, तिमी नगै हुँदैन, अब क्यारूँ ? जोड्डासोट्टा (अक्षता केलाएर हेर्ने) गरूला देउ प !' भन्यो । 'तह भन्या (त्यसो भए) तिमी मकन पिठीवा हालिदेऊ,' भन्दा त्यो दैंतले गुनीलाई पिठी हालेर लियोछ । लियोछ र ती सात जनी छोरीहरू बस्याको कोटीमा ढाकन (कोठी छोपेको बिर्को) —मा वसाल्योछ । 'लौ तइँ लिपलाप पोत पात गर' भन्योछ गुनिले । ताइँ गुनीले पुछड उँदो कोठी भिर्त छोड्योछ । देउता हेराउन लाग्दा कान्ठी (कान्छी) बैनीको पालो 'दिदी, दिदी ! पुछ तानू है !' भनिछ । 'अँ बैनी नगर, देउता हेराउन देऊ' भनिछ । कान्ठी बैनीले पुछ तानीहाली । 'ए तेरा घर कारन छ कारन छ' भनेर गुनी दगुड्यो, उइखो पुच्छड चूड्न आँट्यो, त्यो दैंत ती दुवै जना तांबाटी भागी वाइगया । त्यो दैंतले घर छोडेर गयो । पछि सात बैनीहरूले गाईथी (गाई हेर्न) जान्या, भैंसीथी जान्या, बाख्राथी जान्या, भेडाथी जान्या, कोई घरको संपत्ति गर्न्या, भयेर सात बैनीले सात भाइ जस्तै मिलेर सात जनीले आप्ना पोइ ल्याएर, सात जनी छुट्टेर आप्नो भाग गरेर वसिछिन् ।

त्यसै गरेपछि, बाबु चाहिं कूचो बेच्ने भएर आएछ ताँ । कूचो बेच्तै डुल्दै आयोछ र 'भित्त को छौ ? कूचो किन्न्या हौ क्या ?' भन्योछ, जेठी छोरीका घरमा गछ । जेठी छोरीले बाहिर बाउको डाँको रेछ, 'आऊ कूचो किन्न्या हूँ, को हौ ?' भनी बाहिर आइछ । आउँदाखेरि बाबुकन राइछ (चिनिछ) 'वस, अब हचै वस, वाइ (बा)'

* कृपा गरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

भनी । फेरी माइली छोरीका घर गछ, 'कूचो किन्न्या हौकि ?' भन्योछ । सबैती त्यस्तै गरी सातै छोरी राएर (चिनेर) तिनीले घर बसालिन् । बाउ चाहिंले अब क्या गरूँ, भनी अगाडि अन्या थियो । त्यैखन दिउँस सदै जनीले मजा गरी खानप्याउन गरिन् । सप्पै तरकारी गरीन् एक्कै नून मात्तै हालिनन् । अक्कीले, हँ बाइ, कस्तो छ ? मीठो छ ? खायौ क्या ?' भन्दाखेरि 'खान त खायाँ छोरी औ, एकै नून मात्तै लाग्या रैनछ ।' 'कट्ट बाइ ! खाल्डाँ कोच्यै छोरी क्या नून पाउना हुँ,' भनेर छोरीले भनिन् । पछि त्यो चूप लाग्यो । भनेको बीनवचन (बिझ्ने बचन) नलाग्न्या रयाछ, त्यो धाँगड (फुस्रा, जोगी अर्थात् जसले जे भने पनि केही नमान्नै) किसिनको रयाछ । पछि हुँदै तीं सात दिनसम्म बस्योछ, छोरीका घराँ मजा गरी खान पायो । आउँदा दिन, 'छोरी ओ ! मेरा कूचा मोल देऊ भन्योछ ।' 'त्यस्तो गरी खाया विर्सिल्यौ ! मेरा कूचा मोल ल्याओ भन्यौ । बाइ ! अघि खाल्टा कोच्यौ, भल आएर पाथर बगाइ लियो, आज कूचा मोल दिनै पड्यो,' मनिन् र कूचा मोल दिइन् । 'आमान (आमालाई) कुटिरो लैजाऊ' भनिन् । सातै बैनीले कैले (कसैले) सर्प, बिछी अडिगल, (अरिङ्गाल) झिटी (चिल्ने एक प्रकारको कीरा) त्यस्तै चिल्ने किसिमका सात पोका एकै थैलामा हाली दिइन् ! 'यत्तिबाइ ! अन्नीपन्नी बनाको तिमीबाटा खाया, यत्ति घर लिया, (लग) कोठीउँदी हाल्या, ढाकन लाया, आमाकन भित्तउँदा कुटिरा खोई (फुकाई) खाऊ' भन्या छोरीले दिया ऊ लियोछ र आछ । अनि बाहिर-वाटी, 'ए बड्डी भित्त छस् क्या ?' भन्योछ । 'आऊ भित्तै छु' भनिछ, र भाहिर आइछ । 'कूची बेची ल्यायौ क्या त?' भनिछ, 'काँ काँ गाथ्यौ त?' भनिछ । 'छोरी अघि हामीले खाल्टा कोच्या थिम्, ती छोरी गैछन्, दैंताऽ घर वसिछन्, मु सात दिनसम्म ताही वस्याँ, कूचा वेच्याँ, कूचा मोल दिन्, मैले मजा गरी खाइले, तोंन कुटिरो पठाइ रैछिन् । ल, खाटाउँदी वस्, ढाकन लाइदिऊ र हुँदै (त्यहीं) खा, मुतुमाखु हाली खाँला,' भन्योछ । त्यो कुटिरो कोठीउँदी खुसाछ, ढाकन लाछ । वड्डीले पोका खुसाउँदी छ (फुकाइछ) अगाडि सर्प आउँदा चिल्ला (चिल्दा) छन्, झिटी चिल्लै, अडिगाल आउँदा चिल्लै, मउरा (मौरी) आउँदा चिल्लै जम्मै चिल्लै आउन लाग्या, किरमिला (कमिला) जम्मै आएर चिल्न लाग्या त्यैखन (त्यसलाई) । पैले सर्पको कुटिरो खुसाईछ, अनि खाऊँ भन्दाखेरि सर्प आएर टचाप्प चिलेछ, 'हुँद्दे ई बड्डो ! चिलिल्यो' भनिछ । पछि बिछ्छीको कुटिरो खुसाइछ, त्यो खाउँ भन्दाखेरि पनि आएर बिछ्छीले चोक्टा लिदेछ । 'हुँद्दे ई वड्डो ! मरिल्याँ' (मरिहालें) भनिछ । बड्डोचाहिं क्यै था नपाएर 'खा खा, बड्डीय ! खा खा !' भन्नो रछ । पछि त्यस्तै गद्दाखेरि वड्डी भित्तउँदी खराई (खरिएर) मरी । वड्डोचाहिं त्यसै रह्यो । छोरीहरूले दैंतको घरमा मोजमज्जा गरी बसिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

लाटा र बाठा

[केटाकेटीदेखि खूब मेल भएका दुई जना साथी थिए । तिनीहरूमध्ये एउटा चाहिं मुखको अलि लाटो, तर पेटको खूब बाठो थियो; अर्को चाहिं मुख र पेट दुवैको बाठो थियो । तन्नेरी भएपछि तिनीहरू दुइटा गाई किनेर गोठ राखी बसे। एक रात दुबै गाईहरू सँगै ब्याए । त्यो थाहा पाएर बाठो चाहिं छिटोछिटो तल ओर्ली हेर्न गयो । बाठोको गाईले बाछो र लाटोको गाईले बाछी पाएका रहेछन् । बाठोले हत्तपत्त बाछा–बाछी साटेछ र थाहा नपाए जस्तै गरी माथि आएर सुतेछ । केही बेरपछि उसले लाटोलाई उठायो र तल गोठमा हेर्न पठायो । लाटोले 'तेरो बाछी, मेरो बाछा भएछ' भनेर बाठोलाई भन्यो । धेरै वर्षपछि त्यो बाछी पनि ब्यायो । त्यस बाछीको दूधको स्वाद लाटोलाई आफ्नो गाईको दूधको जस्तो लाग्यो। उसले त्यो बाछी आफ्नो रहेछ भन्ने ठह्-यायो । लाटो र बाठोमा झगडा पर्‍यो । एक दिन उनी-हरू मुद्दा गर्न न्यायालय पुगे । न्यायाधीशले उनीहरूका कुरा बुझेपछि मङ्सिर महीनाको तारीख दिए । न्याया-धीशले समयमा नै दूधमा भिजाएको एक थरी, रगतमा भिजाएको एक थरी र पानीमा भिजाएको एक थरी गरी जम्मा तीन थरी धानका बीउको ब्याड राखे र तीन थरीका धान उब्जाई तीन थरीकै चामल छुट्टाछुट्टै भाँडोमा छुट्ट्याएर राखे । मङ्गसीरको महीनामा लाटो र बाठो दुबै झगडिया तारीख लिन आए । पहिलो दिन

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायाधीशले उनीहरूलाई रगतमा भिजाएर ब्याड राखेको धानको चामल पकाएर खान दिए । भात खाइसकेपछि न्यायाधीशलाई लाटोले, 'मासु र भात खूब मीठोसँग खाएँ हजूर' भन्यो । दोस्रो दिन न्यायाधीशले दूधमा भिजाएको धानको बिउको चामल खान दिए। त्यस दिन लाटोले, 'खूब मीठो गरी खीर खाएँ' भन्यो । तेस्रो दिन फेरि न्यायाधीशले पानीमा भिजाएको धानको बिउको चामल खान दिए । त्यस दिन लाटोले, 'आजको भात निस्तो भयो' भनी न्यायाधीशलाई भन्यो । बाठो चाहिंले 'सधैंको जस्तै हो हजूर' भन्यो । न्यायाधीशले कुरा बुझे । उनले 'बाछी लाटोको र बाछो बाठोको हो' भनी मुद्दा टुंग्याए ।]

दुइटा वालकले छारो खरानी खेल्दाखेरिमा पछिहुँदो केइ न केइ जान्न्या भया । जान्न्या हुँदाखेरिमा तिन्ले गाई किन्या र गोठ राखी वस्या । एक चाहिँ अलि घडको (हृदयको) सुद्धो (शुद्ध) रयाछ, पेटको बाठो रयाछ । अक्को चाहिँ घडको पनि बाठै, पेटको पनि बाठै रयाछ ।

एक रात दुवै गाई पैदा भै छिन् । पैदा हुँदाखेरिमा दुवै जनाको घुंड (एउटै ओछिन र एउटै ओड्ने गरी दुवैसँग सुत्नु) एकै रयाछ, साथै सुत्दा रयाछन् । पछि भागभुग (ढाकढुक) भयोछ कि बाठो चाहिँ स्याट्ट उठेर गोठभित्त जाँदाखेरिमा सुद्धचाहिँकी बाछी, बाठो चाहिँको बाछो भया रछ । उइखी (उसकी) गाईको सालनाल खेडेछ र आफ्नो गाईको मुख राख्यो, आफ्नी गाईकी सालनाल उइखो मुख राखी आयाछ, बाछा बदली आयाछ । दिशा खुलिसकेछ (उज्यालो भएछ) 'कि–यो कस्तो रछ, कुम्भकर्ण जस्तो, ढुल्यो (सुत्यो) भन्या ठाडो उठ्तैन । क्या भाग–भुग भयो गोठ, लौ गोठ गएर हेर,' भन्दाखेरिमा ठ्याक्क लाटोले, 'तेरी गाईले बाछी पाइछिन्, मेरी गाईले बाछो पाइछिन्,' भन्योछ। भन्दाखेरिमा, 'जे पाए पनि पाइलिन्, तोंले घाँस जानु पड्छ, तो घाँस लेर आ, मु गाईकन पिँडो (कुँढो पकाउनु) लाउँछु ।' आपु गोठ बसेर गाईलाई पिँडो लायोछ । त्यैखन (त्यसले) घाँस ल्यायोछ । घाँस-बाट आइसक्या छ र बाछासाछा प्या (दूध खुवाएछ) छ, खोट्टीसोट्टी (पहिलो दूध दुहेर थून सफा गर्नु) फाल्या छ, ठीकठाक गर्‍या छ । आठ दश वर्षसम्म तिन्ले संगत गर्‍याछन् । ती दुईको दाँत काटचो रोटी (एउटा रोटी दुई जनाले मिली टोकेर

CC-0. In Public Domain. Digitization by eGangotri

खानु, भयोछ। पछि हुँदेखि बाबुको भदुअ सराद्ध (सोह्लश्राद्ध) रयाछ। क्यैन क्यै धेरै खाने मान्ठ पनि रयाछन्। 'वेली (हिजो) का साँच्या गोरस पनि आजका छाकको दूद पनि लिएर मु जाँ, (म जान्छु) कोलडी (कोरली) आकीनाइँ तिन्को क्यै खाँ भन्नो छस् भने पनि खाएस्, आदी खाँ आदी ठेकाउँदो हालूँ भने पनि हालेस्, लौ मु जान्छु,' भनेर बाठो वाइगोछ। पछि ऊ खोडको (खोरको) डील काटयापछि माथिहुँदी कोलडी आइन्। कोलडी धोयो (दुह्यो) छ, कराईंमा हाल्योछ, तपायोछ (तताएछ), रोटा हाल्योछ र सबै खेडबाड गरेर, 'निग्ला (निस्ता) रोटी खान्न, राखी पो क्यारूँ ? सब्बै दूद लाएर खाँ,' (खान्छु) सब्बै दूद लाएर खायोछ। हाम्मा त्यै रेदाँ (ठाउँको नाम) जस्तो वुन हुँदो हो, एकपट्टि गाई, एकपट्टि बाछा लायोछ (चराएछ) स्याँग (मजासँग) ओछ्यान लाएर सियो। अनि बासपाला (वेलुकीपख) भैसकेपछि गोठ आयोछ। खर्कभित्त (गोठभित्र) सिया रह्यो। 'ग्वाला काम र छवाला (केटाकेटी भएकी आइमाई) काम, को काम क बेला गन्या हो, को काम क वेला गन्न्या हो, गाई काँ छन्, बाछा काँ छन्, यस्तरी सिनु हुँदा छन् ?' बाठो आई भन्दाखेरिमा, 'मलाई त आज भलो नभलो भो' (के के अनौठा भयो) भन्योछ, लाटोले। 'के को भलो न भलो भो ?' भन्दा 'मेरी गाईको दूद चिनिसकें मैले, कोलडी त मेरी पो रैछिन्, तेरी कोलडी काँथिन् ?' (कहाँ हुन् ?) 'कस्तो रछ, ब्याउँदा रातमा जाने तोइँ, तेरी बाछी र मेरो बाछो भुन्ने (भन्ने) तोइँ, आज तेरी कुलडी काँबाट भै ?' त्यो भन्दो रछ, 'तेरा जस्ता लफन्दरी कुडा मु जान्दिनँ बाछी मेरी हो, बाछो तेरो हो' भन्दो ऊ लाटो। 'त... तेरा चित्त वुझदैन भन्या अड्डा जाउ हँड' भनेर अड्डा आयाछन्।

लाटाको बाछो हुने र बाठाकी बाछी हुने को अड्डाले भन्दिन्छ ? पछि रिंगे छन्, रिंगे छन्, रिंगे छन् र बाउन्न अड्डा घुमी सकेर पनि, तेरो बाछो, तेरी बाछी कोई अड्डाले भन्न सकेन। ती दुईजना पुगे उँभो निराल्लय (न्यायलय) अड्डा। पाखाका पैरन पैरेका दुवैजना न्यामझ्याम गद्दा (भ्याङ भ्याङ गर्दै) गया छन्। 'ओहो ! काँका हुन् यी ? हिमालचूल जग्गाका मान्ठ हुन् यी त, यिनलाई के पीर बाधा भएर आया, यिनको काम सोध' (हाकिमले) भन्दा, 'तों लाटा छस्, तेरा कुडा लड्वडिने हुन्। तों अगाडि नकराएस्, मु कराउँला' भन्योछ बाठाऽ पालो। 'त्यसो भए तों कराएस् मु क्यै घाट (भन्ने) गन्न्या नाइँ' लाटाले भन्यो, 'परभू ! यस्तै, यस्तै काम निम्तिवाट हामी आयाका हौं एकै रातमा यइखी गाई र मेरी गाई पैदा भइन्, यइखो र मेरो घुँड सात्तै (साथै) थियो। तली गोठ गएर हेर्ने यै, बाछी तेरी, बाछो मेरो भन्ने यै, अैले त मेरी बाछी हो, मैले दूद चिनिसकें भनेर यल्ले

CC-0. In Public Domain. Digitization by eGangotri

भनिराख्या हुँदामा, यो तेरी गाई र यो यइखी गाई भन्न नसक्या हुँदामा हामी निराल्लय अड्डा आय़ा हौं परभू !' बाठाले भन्योछ। 'त्यसो भयापछि तम्मो मुद्दा अैले छिनिदैंन, तारीख रह्यो, मुंसीर पच्चीस गन्ने आउनू, लौ जाऊ, घर गएर खेतीबिउ लाउनू।' चैतका गैना काजीले (हाकिमले) क्या गऱ्या भनेपछि, खसी काटेर रक्ताहुँदो (रगतमा) धान रुझाएर एक बिउ छुट्टै राख्या। फेरि गाई-भैंसी धोया दूधहुँदो धान रुझाएर एक बिउ छुट्टै राख्या। एक खालि पानीहुँदो रुझाएर बिउको बेन्नु राख्या। तीन बेन्ना, (ब्याड) तीन खेत, तीन हाल्ने भांडा, ठ्याक्क टाँगी राख्या। मुंसिर पच्चीस गते ती गया। पैला रक्ताहुँदा रुझायाका धानको चावल कुटेर दुई जनालाई दुई माना सिदा दिया, पकाउने भाँडा बाहेक अरु उप्रान्त नून, त्यून केही दियानाइँ। 'हे नानी ! हाम्मा पासमा आइनाई छैनन्; निग्लासित खाइया' आज भन्या। काजीले पछारि (पछाडि) सोध्न गया, सोध्न जाँदाखेरिमा लाटाऽ पालो क्या भन्यो– 'शिकार र भात खूब खायाँ परभू! भात पुरा भो, बाँकी पनि भएन, आत्म भोको पनि रहेन।' वाठाओ पालो, 'घ्यू खाको कुमली साछी, (घ्यू खाएको नखाएको ताउली साछी छ, हामीले कहाँ शिकार खायौं ? भन्ने अर्थमा प्रयोग भएको उखान) यै कारणले लाटाले निराल्लय अड्डा पिऱ्याको हो। दिने तपाईं खान्या हामी, खाको भाँडो पनि देख्नुपड्छ, खालि पकाउने भाँडो र खान्या थाल बाहेक अरू उप्रान्त हाम्मा पासमा खान्या भाँडा क्या छ ? शिकार र भात खायौं भनेर लाटाले लबाड्चो, (छकायो) मुद्दा छिन्दिया परभू ! जाना हूँ,' बाठाले भन्यो। 'हो नानी, भोलि बेलुकी छिनिन्छ, आज आफ्नु डेराँ गएर सुत।' भोलिपल्टा दिन दूदहुँदो रुझायाका भन्याजन धानको चामल कुटाएर दुई जनालाई दुई माना सिदा दिया खान। खाइसकेपछि काजीको पालो सोध्न गया। 'माना छाप छ, पेट छाप छैन, कोइले दुई माना खान्छ, कोइले मानाको पिऱ्याइ (सिध्याउन) सक्तैन। कैले बढाउनु पड्छ, कैले घटाउनु पड्छ बाँकी पनि रहेन पेट भोको पनि रहेन ठीक छ परभू ! खूब खाइयो' भन्यो बाठाऽ पालो। लाटान सोधे, 'कसो हो, आत्म भरियो कि भरिएन ? यो बाठाले कुत्तीभुत्ती (सिरीखुरी पारेर) गरी हाँटो (छिटो) खायो, तोकन खान दिएन हो ?' 'हा हा ''' ठीक हो परभू ! आत्मा पूडा भयो। बाँकी पनि रहेन, आत्म भोको पनि रहेन, ठीक भो। दूद र भात देइ (भन्दा) खाने क्या हो ? खूब खाइयो, बेली शिकार भात खायम्, आज दूद र भात खायम्' लाटाऽ पालो भन्यो। 'यो लाटोले यस्तै गरी लबाड्डा (नचाहिँदो झूठो) खेरिमा निराल्लय अड्डा पिऱ्याको हो परभू ! मुद्दा छिन्याले (छिनिदिए) जाँदा हुँ,' बाठाले भन्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

'होइन नानी ! भोली वेलुकी छिनिन्छ, आज आप्ना डेरा जाओ र सियो ।' भोलि-पल्टाऽ दिन खालि पानीमा रुझायाका धानका चामलको दुई माना सिदा खान दिया । भोलिपल्टाऽ दिन 'कसो हो ? आत्म पूडा भयो कि भएन ?' काजीले सोध्या । 'भो, आत्म पूडा भो परभू ! खूब गरी खाइयो' भन्यो बाठाले । लाटाऽ पालो क्या भन्यो—'परभू ! अस्ति शिकार र भात खायम्, वेली दूद र भात खायम्, हजूर ! दुखः माने पनि सुख माने पनि पानीउँदा पकाका आजका भात भोत्ती (धेरै) स्वाद नाइँ' भन्यो लाटा पालो ।

'ठीक हो, लाटाकी वाछी, तेरो वाछो, हो भने हो भन्, हैन भन्या कुर्रा (कोर्रा) लाएर चुटेर खेद्छु, काजीले भन्दाखेरिमा वाठो टोटायो (जिल्ल पऱ्यो) । पछिहुँदो वाठालाई वाछा लाइदिया, लाटालाई वाछी लाइदिया । ताँदेखि आया, मुद्दा छिन्न्यो, कुडा यत्ति हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाटनको भूत

[एक पटक लेकपर गाउँका केही मान्छेहरू नून लिन मुगुतिर गएका थिए । तिनीहरूमध्ये एक जनालाई आन्न्या ओडार भन्ने ठाउँमा पुगेपछि खूबसंग पेट दुख्न थाल्यो । केही सातु-सामल दिएर उसलाई त्यहीँ छोडी उसका साथीहरू अगाडि हिंडे । आन्न्या ओडारमाथिको पाटन (लेक) मा एउटा भूत बस्ने गर्थ्यो । यस भूतले त्यस मान्छेलाई बोकेर माथि लग्यो । धेरै दिनपछि उसका घर–गाउँलेहरू मिलेर उसलाई खोज्न हिँडे । एक जना मुगुको जाडबाट उसको पत्ता लाग्यो । त्यस जाडलाई केही रूपैयाँ दिएर उसको खोजी गर्न सबै जना पाटनमा गए । पाटनको एउटा ओडारमा टोह्ला-एर त्यो मान्छे बसिरहेको थियो । उसलाई बोकेर तल ल्याइयो । एक छिनपछि त्यो मान्छे उज्यालो भएर टल्कन थाल्यो र केही छिन पछि मऱ्यो ।]

एक जना बाह्ले पञ्चायतको लेकपर (गाउँको नाम) घरधुरी लिएर बस्न आया रयाछ । त्यो बाह्लेका, अनि लेकपरका मान्ठ मुगु नून ल्याउन गयाका रयाछन् । गयाछन्, गयाछन्, मुगुको यौटा आन्न्या ओडार भन्न्या ठाउँमा वास वस्याछन् । त्यै मान्ठन पेट दुख्न लाग्योछ. पेट दुख्योछ. दुख्योछ, 'मकन त पेट दुख्न लाग्यो' भन्योछ । साथीहरूले भन्दाछन्, 'पेट दुख्न्या भयापछि तों घर जा, हामी नून ल्याउन जाँला, नून लिएर आँला' । उनीहरू गया छन् नून ल्याउन, त्यो तहीं बस्योछ । त्यैखन अलिकति सातु दियाछन् खान । पछि त्यो मान्ठ जाग्न (भेडा बाखाको लदान) लिएछन् र बाइगछन् । त्यो मान्ठ तहीं वस्याछ ।

ताँ यौटा दैंत आयाछ, त्यैले त्योखन जुडुक्क समाछ, माथि पाटन रयाछ, त्यो पाटनमा लै गयाछ । पछि ताँ क्यै था भैन । पछि त्यो पाटनमा त्यै करानको यौटा

CC-0. In Public Domain. Digitization by eGangotri

मान्ठ शिकार खेल्न गयोछ, त्यो पाटनमा ठूलो ओडार रयाछ, त्यो ओडारभित्त यौटा मान्ठ बसेको उइले (उसले) देख्यो। तहाँ अरु खसान मान्ठकन त दैंत लाग्दो छ, जाडले जपसप गऱ्योछ, वया ज्ञान–ध्यान गऱ्योछ र त्यलाई भूत नलाग्ने भो। पछि त्यैखन बोलाछ, 'तों न्हे (तँ यहाँ) किन बस्याछन् ? कुन कारनहुँदो बसिस् ? किन आइस् ?' भन्योछ। उइले भुन्यो, 'मु यस्तो नून ल्याउन आया थियाँ, आन्या ओडारमा मकन पेट दुख्यो, पेट दुखेर साथीहरूले घर जाऊ भन्या, पछि साथीहरू बाड्गया, तहीं मकन सातुहातु दिया थिया, मु तहीं बस्या, ताँबाट उठाएर मऽद (मकन) न्ह्या पाटनमा ल्यायो। ऐले मु घर जाऊँ भनेर भन्या पनि मकन त्यैले घर जान दिंदैन, मु त्यै सातु चुचेड्दै (चुस्दै) रस खाँदै दिन काट्याऽ छु। फेरि पाठा दिउँला भन्या ऊ मान्दैन, कुखुडो दिउँला भन्या ऊ मान्दैन, मास चामल दिउँला भन्या ऊ मान्दैन, तेरो जिउ नखाएर छोड्दैन भन्न लाग्यो म क्या गरूँ ?' भनेर जाडती (भोटेसँग) भन्योछ। पासा हाल्न गाऽको त्यो जाड पनि डराछ। पछि त्यल्लाई तैं छोडी आयाछ, त्यो आप्नो घर बस्योछ। पछि तीं जाग्ना (भारी बोक्ने खसी, भेडाहरू) ल्याएर तीं मान्ठ आप्ना आयाछन्। 'त्यो आयो कि आयानाइँ फलानो ?' भनेर गाउँमा सोध्याछन्। 'काँ आयो ? क्यै त आयानाइँ तिमीसित गयागयै होला' भनेर भन्याछन्। पछि मान्ठ पत्ता गर्द्दै घरबाट सामलतुमल लिएर त्यैं आन्या ओडार गयाछन्। पछि त्यहाँबाट करान गयाछन् र सोध्याछन्, जाडले भन्योछ–ओ.... एक मान्ठ त म पासा (पासो) हाल्न गयाँ र माथि पाटनमा थियो, पाटनमा कुडाकानी हामीले सब्बै गरिम्, मकन जान् दिंदैन, मु उइलेदेखि न्यैं छु मेरा साथी घर बाइगे हुन्, सबै कुडा गऱ्यो मुसित।' त्योसोभने तै होला, लौ त तिमी जाइदेऊ।' जाडले भन्यो छ, 'अँ ···खसान मान्ठ त्यो पाटनमा जानै सक्तैन, त्यो भूतले खसान मान्ठ गयापछि त्यसै निलिदिन्छ, हामी ज्ञान (मन्त्र) गर्द्छौं, ज्ञान गर्न्ने मान्ठले गयापछि मात त्याँ काम हुन्छ। त्यो भन्या पछि 'हाम्मो निम्ति जाइदेऊ त' भन्याछन्। 'मु त्यसै जाँदैन'। पछि साठी रुप्याँ दियाछन् जाडन (भोटेलाई)। जाडर दुईजना तेइखो मान्ठ पाटनमा गयाछन्। त्यो मान्ठ आजसम्म पनि नमरेको जो आप्नो पासमा लिएको सातुको थैलो रयाछ त्यो चुचेड्दा चुचेड्दा त्यो कचिलो भएर (भिजेर) कीडा पनि पडिसक्या रयाछ। पछि जाडले ओडारभित्त मन्टो हाली कुडा गर्द्दो रयाछ, उइखन डाकेर ल्यायाछ। दाइसित उइखो भेट गराइदियाछ। भेट गऱ्याछन् र 'निको छस् क्या ? न्ह्या (यहाँ) किन आइस् ?' भनेर सोध्याछन्। 'न्ह्या मकन दैंतले ल्यायो, जान दिंदैन। पाठो दिउँला भने, जान दिंदैन, कुखुडो दिउँला भन्यो, जान दिंदैन, मास, चामल दिउँला भन्यो,

CC-0. In Public Domain. Digitization by eGangotri

जान दिँदैन', सब्बै कुडा गऱ्योछ । 'उइले भोक लाग्यो कित ? क्यै खाँदो कि ?' भऱ्योछ र ढेस्सु (अलिकति मह हाली बनाइएको बाक्लो ठूलो रोटी) लिया रछ, (लिई आएको रहेछ) सातु लिया रछ, उखन दियोछ, उइले खायोछ । 'तुमाखु खाँदो कि त ?' भऱ्योछ तुमाखु (सुल्फा) खायोछ । पछि उइले भऱ्योछ 'दे, (लौ) अबु जाऊँ त ।' जान लाग्यो छ र हँड्न नसक्ने भयो, फेरि बोक्याछन्, बोकेर भुनूम् (भनौं) दश आठ हात परसम्म गैसक्योछ, पछि त्यो मान्ठ त्यसै मिलमिल मिलमिल भयोछ र मिल्नक (टल्कन) लाग्योछ, भींति (भूईंमा) राख्याछन्, झिलझिल झिलझिल भयोछ, आर्हा (ऐना) जस्तो भयो र झिल्कन लाग्योछ, पछि हेद्दाहेद्दै मऱ्योछ । मरेहँदै सप्पै डरायाछन् र घर फर्की आइगया ।

CC-0. In Public Domain. Digitization by eGangotri

छिछिम लामा

[उहिले जालन्धरी राजाका पालामा सिँजा लामा थाडामा एक जना छिछिम लामा नाउँका मान्छे थिए । उनी अन्तर्यामी थिए । उनी अनेक पुरुषार्थको काम गरेर देखाउँथे । एक पटक उनले गडकुमाउँका राजाको दरबारमा पातर्नी नाच्न लाग्दा पातर्नीको लहँगा फुस्केको कुरा जालन्धरी राजाको सभामा सुनाए । हो, होइन सिपाहीहरूलाई बुझ्न पठाउँदा कुरा साँचो निस्क्यो । ती सिपाहीहरू कर्णालीमा डुब्दा लामाले आफ्ना बख्खुका बाहुला निचरेर पानी तर्काई पनि देखाए । लामाका यस्ता पुरुषार्थ देखेर राजा उनी-सँग ज्यादै प्रसन्न थिए । एक दिन राजाले लामालाई, "सधैं रमाइलो मात्र गरेर भएन, एक पटक नरमाइलो पनि गरेर देखाऊ" भने । यस कुरामा लामाले राजालाई धेरै सम्झाए, तर राजाले ज्यादै जिद्दी गरे । अन्त्यमा लामाथाडामा भूईंचालो गयो, आकाशबाट सिउ बाघ झरे । जताततै हा हा मच्चियो । जालन्धरी राजाको राज्य भताभुङ्ग भयो ।]

पैंले जालन्धरी राजाऽ पालामा भोटवाट यौटा लामा आयो । आउँदाखेरिमा त्यो लामा सिँजा खोलाको वारिपारि लामाथाडामा एकसरो सूतका धागाबाट वारी तऱ्यो पारि तऱ्यो, वारि तऱ्यो पारि तऱ्यो गद्दो रयाछ । जालन्धरी राजाले उइखन सभामा राख्या ।

एक दिन सभामा लामा हाँस्या, हाँस्यार राजाले, 'क्यान हाँस्छौ, लामा ?' भनी सोध्याछन् । 'गडकुमाउ राजाकोमा पातरका (नाच्ने एक जातकी आइमाईको)

CC-0. In Public Domain. Digitization by eGangotri

ल्हंङ्गा खुल्या, तँ कारनबाट हाँस्या हुँ ।' 'ओह ! यस्तो भनेपछि तिमीले क्या गरी जान्यौ त ?' भनेपछि, 'मैले जान्या, मेरा ज्ञानले जान्या' भन्दिया लामाले । जालन्धरी राजाले 'कुडा क्या रयाछ बुझी आया' भनी दुइजना सिपाइ खटायाछन् । गड कुमाउन जान । फर्केर आउँदा जोली ती कर्नालीमा पऱ्याछन् (खसेछन्) । पऱ्या भन्दाखेरिमा उइ लामाऽ पालो गएर जोली उताडऱ्या । राजाऽ सभामा लामाले बोखु हात (बख्खुको बाहुला) निचोडऱ्या भन्यार पानीधार पाडऱ्या। 'किन पानी धारो पाड्यो ?' भनी राजाले सोध्या । 'हजूरका लाग्या (सिपाही) जोली कर्नालीमा बग्या, मैले उताडऱ्याँ' लामाले भन्दा, 'न्ह्या बसी कर्नालीउँदो बग्न्या उताड्न्या भन्यापछि, यो मान्ठ कस्तो हो ? तिमी त न्ह्यै बस्याका छौ, कस्तो कुडा हो ? के गरी उताडऱ्यौं त ?' 'लौ मैले उताडऱ्याँ, मान्ठ आनन्, आयापछि थाऽ लागि जान्याछ ।'

पछि लाग्या (सिपाही) आइपुग्या हुनार, (थेगो) 'तिमीहरू कर्नालीमा खसेका ब्ह्वौंकि नाइँ ?' 'हो परभू ! हामी जोली कर्नालीमा खस्याहम्, यिनै लामाले उताऽऱ्या र बाँची आयाहम् ।' लामाले यस्ता रंग देखायाबाट राजा खुसी भया ।

एक दिन राजाले लामालाई, 'कुरंग (नरमाइलो) गर, सधैं रंग मात्त भयो', भन्या । लामाले मान्या नाइँ । पछि राजाले ज्यादै बल गऱ्या । बल गद्दाखेरिमा एक दिन लामाले कुरंग (नराम्रो, नरमाइलो) गरी देखाया । लामा–थाडा (सिंजापति राजाका प्राचीन राजधानी भएको ठाउँ) हल्लाया (भूइँचालो आयो) सिउबाघ (जोडा अथवा जुंल्याहा बाघ) जुजाया (जुधाए) आकाशबाट सेता र काला सिउबाघ झऱ्या । वाँ पछि नास ह्रास भया ।

❀

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँखाने कथा

लोककथाहरूका साथसाथै गाउँखाने कथाहरू पनि कर्णाली अञ्चलमा छ्यासछ्या-सती पाइन्छन् । यता खाउँखाने कथालाई साइतर अथवा सातर भनिन्छ । छोटकरी र साधारण तरीकाको सोधाइमा गहिरो अर्थ लाग्ने यी साइतरहरू निकै रमाइला र घतलाग्दा हुन्छन् । नेपाली भाषा र साहित्यलाई फस्टाउन दिने काममा यी ज्यादै सहायक सिद्ध हुन्छन् ।

साइतरमा गाउँ खाइसकेपछि सोध्नेले, "त्यतातिर हेर्लास् त तेरा आँखा फुटून, ह्मेल (मयलफल) का भुटन, मेरा मुख मासु, तेरा आँखा आँसु" आदि भनेर, कथाको अर्थ लगाइदिन्छ । अन्त जस्तो यता, गाउँ दिइसकेपछि 'क्या हो ?' भनेर सोद्धा सोधिएको मान्छेले ठीक उत्तर दिएमा, कथा भन्नेलाई थोत्रो डोका बोकाउने चलन छैन । नमूनाका निम्ति केही साइतरहरू (गाउँखाने कथाहरू) प्रस्तुत गरिएका छन् ।

१) आपू राजा, खाँदो खाजा, हग्दो लींड, छेद्दो पीठो = आगो ।
   छेद्दो = छेर्दो

२) आमा, छोरीलाई ढोग गर्दी = गाग्रोबाट लोहटामा पानी सार्नु ।

३) आपू मडो, डाँको वडो = बन्दूक ।
   मडो = दुब्लो

४) अगि हिंड्डो पछि व्यू छड्डो = वाख्राले बड्कौंल्याएको ।

५) आपू काली, नाउँ भने राती = रात ।

६) एकै निगालीका बत्तीस सुपा = एउटै निगालोको कलमले बत्तीस ताउ कागज लेखेको ।
   सुपा = नाङ्लो

७) एक मूलका दश धारा = आइमाईको दूध ।

CC-0. In Public Domain. Digitization by eGangotri

८) एक कोसी राइतो, सबै पिराइतो = खेतमा हाल्ने मल ।
कोसी = काठको ठूलो भाँडो
राइतो = अचार
९) एक भन्छ म ल्हामो, (लामो) एक भन्छ म ल्हामो = बाटो र खोला ।
१०) आलङ्गे दिदी, मालङ्गे टिप्ती, घामको बेला छपछप लुक्ती = तुसारो ।
आलङ्गे = सेतो रूप
मालङ्गे = हरियो परियो
११) एक डल्ली धन, पोली खाऊँ कि पकाइ खाऊँ भन् = आलु ।
१२) अगि मु ह्र्यौडी थियाँ, पछि भयाँ राती, यै वैरीका फेला पडयाँ काग थैली-काली = चूक ।
ह्र्यौडी = हरियो
जैंथी = जस्ती
१३) एक गेडा सुपारी दुई जना बेपारी = गोबर डल्लो बनाएर गुडाई हिंड्ने एक प्रकारको कीरा ।
१४) अँगालीको रुख, कुन्कुने मुख = मार्स्या (भुटेर र रोटी पकाएर खाने एक प्रकारको अन्न) ।
कुन्कुने = सानोसानो
१५) कल न कारखाना, चलेको चल्यै = नाडीको नसा ।
१६) काठ काठ सर्छ, कैले हड पर्छ = कपडा बुनेर जीउमा लाउनु ।
हड = शरीर
१७) काला काला चौखीमाथि इरु बस्याका, भोलिपल्ट गयाँ त उठी गयाका = तारा।
चौखी = पिर्का
इरु = आरू
१८) कट कट कट पाऊ, तीन जीउ, दश पाऊ भूमि कीडो माटो खाऊ, माटो छोडी पर जाऊ = गोरु जोतेर बिउ छर्नु ।
कीडो = कीरो
१९) काली गाई, सागर तड्दी = सेतो धागोमा कालो पोते उनेको ।
२०) खर्र वर खर्र पर, खर्र हाल्यो चारो = घरेलु तानमा कपडा बुनेको ।
२१) गाडको गडिमाले ध्वाइँच्वाइँ गद्दो, पानी नपाएर च्वाट्टै मद्दो = घट्ट ।
गडिमाले = एक प्रकारको चरा
२२) गहतकोसे गाई चार्रै मेला चरीकन घर भोकै आई = आँसी (हँसिया) ।

CC-0. In Public Domain. Digitization by eGangotri

२३) गाग्राका जसा आनुमानु, कुकुर्का जसा कान, यो साइतर नराइन्या, कुकुर पोली खान=दाडिम (दारिम) ।
आनुमानु=तामाको मानो
नराइन्या=नजान्ने

२४) चट्के मेरो बानी, पट्क्या मेरो साथ, सात दिनपछि नआया किरिया गरिराख=डाँस (गाईगोरुलाई टोक्ने कीरा) ।
चट्के=चट्ट उड्ने
पट्क्या=गाईगोरुले पुच्छर हल्लाइरहनु
'सात दिनसम्म घर फर्कन नसके म मरें' भन्ने सम्झेर डाँसले आफ्नो घरमा भनेको अर्थमा प्रयोग भएको वाक्य ।

२५) चाँदीका ढेलो, चाँदीकै सँगाड, भित्तका छोट्टी चटक्क उघार=दाँत र जिभ्रो ।
ढेलो=दैलो
सँगाड=सँगार
छोट्टी=तरुनी ठिटी

२६) चोयीका चाना, मोतीका माना यै घर नभए अक्काका जाना=रुपैयाँ ।
चोयी=मूला ।

२७) चाहे पाइने नाइँ, पाए चाहिने नाइँ=भूईंचालो ।

२८) छोडेर जिउलो, सँगेडेर पिउलो=पहाडी पात्रो ।
जिउलो=फराकिलो खेत
सँगेडेर=बटारेर
पिउलो=प्यूरी

२९) छक्का कानको दुई पुछ्छड, दश खुट्टा, मुख चार, यति भनी खाऊ, पण्डित गर विचार=गाई दुहेको (गोठालो, गाई, बाख्छो र गबुवा) ।

३०) छुप्पक छाइँय, हात खुट्टा छँदै थियो, पुछ्छड मेरो नाइँय=भ्यागुतो ।

३१) जडी-ज्रंजडी, मडी-मंजडी, माथ्या कुलुकुलु पल्याइँती पीठ्याइलो=रिँगा (एक प्रकारको ओखर जस्तो सानो ज्रंगली फल)
जडी-ज्रंजडी=जेलिएको
मडी-मंजडी= " "
माथ्या=बाहिरको हाड
कुलुकुलु=कुपुक्क खानु
पीठ्याइलो=अलिअलि गुलियो पीठोको जस्तो स्वाद

CC-0. In Public Domain. Digitization by eGangotri

३२) जति हाल्यो, एकैचोटि खाक=आगो बाल्नु ।
३३) ज्यामिरे चूक, जानालाई दुःख=औंसीको रात ।
३४) जल छ, तल छ, पानी छ, पिनु नाइँ=हिउँ ।
तल=तलाउ
३५) जन्मन्छ बुनमा, त्यो मिल्छ धनमा, त्यो रुन्छ बाहिरै पडी, त्यसको तसबीर छैन, खालि पगडी, खुट्टा छन् वरिपरि, बस्ने बेला पनि थुचुक्क बस्न्या, हँड्डो छ घोडा चढी=डोका ।
३६) जीवाते रूखमा सिउँता झुणिएका=आइमाईको दूध ।
जीवाते=ज्यान भएको, जिउँदो
सिउँता=सल्लाको रूखमा फल्ने फल
३७) जिगलो पोलिगो, सुर्को रैगो=वन डढ्यो, बाटो रह्यो (वनमा डढेलो लाग्दा दायाँ–बायाँका रुख, झार–पात र घाँस डढ्छन्, तर बीचको गोरेटो भने जस्ताको तस्तै रहन्छ भन्ने अर्थमा ।)
जिगलो=सुरुवाल
सुर्को=इँजार
३८) जाँद त जाऊँ, धत्तीमनि जाऊँ, खान्छ कि राख्छ, हामी के राऊँ=आलु ।
जाँद त=जान त
धत्ती=धरती
राऊँ=जानूँ
३९) टच्याप्प टुपुक्क, क्वाप्प कुपुक्क=ऐंसेलु टिपेर खानु ।
४०) ठूलो पाखामा ओडार=मुख ।
४१) डेउडे बाउका घन्टाउके छोरा=फर्सी ।
४२) तामाकी गाग्री, माटाको ढाकन, यो सातर नजान्न्या, उसका आँखा पाकन =खुर्सानी ।
४३) तल्लो सोलो, हपल्लो पोलो, माथिबाट झ्यापझ्याप=चोतो (मूला) ।
सोलो=मसिनो
हपल्लो=यहाँ 'बीचमा' भन्ने अर्थमा । अन्त भने 'सबभन्दा माथि' भन्ने अर्थ हुन्छ ।
पोलो=मोटो
४४) थाडामा नाच्दो खेल्दो, पीठारा घाम ताप्दो=रोटी पकाएको ।
पीठारो=पछाडि

CC-0. In Public Domain. Digitization by eGangotri

४५) दाइ बाइगो, भाइ छोडिगो=पैतालाको छाप छोडी हिंड्नु ।
४६) दशले मारी, पाँचले फाली अरु भभड्कँदै=हातले कतुवामा धागो कात्नु ।
४७) दउड्डो दउड्डो, ढेलो काटी सक्तैन=घट्ट घुमेको ।
४८) दिनभरि सिंदो, रातभरि उमिंदो=सुरो (चुकुल) ।
सिंदो=सुत्दो
उमिंदो=उभिंदो
४९) दुई जनी सुरीफुरी, दुई जनी लूल, लूलका हातमा पदमका फूल=ओखलमा धान कुटेको ।
सुरीफुरी=तँछाड् मछाड् गर्नु
लूल=लुला
पदमका फूल=कूचोले ओखलमा चामल लगाएको अर्थमा
५०) धत्तीमनि जाउँला, छाता ओडौंला=पिंडालु ।
५१) धान छन्, धान छन्, कोठीभरि धान छन्, नै आपू खान्छन्, नै आवका दिन्छन्=गाँड ।
५२) धत्तीमनिको ठोसे वल्ल=मटचौंडा (एक प्रकारको खाने टुसा) ।
५३) नाक मेरा नथनियाँ, पिड्ना मेरा घाउ, यो सातर नजान्न्या कुकुर पोली खाऊ=पुरानो ढाँचाको तराजु ।
५४) नानु नानु दह, सिन्को पडे नसह=आँखा ।
नानुनानु=सानुसानु
५५) नानी नानी छोट्टी, उल्ली उल्ली धान कुट्टी=उपियाँ ।
५६) नानु नानु ढरी, कुनिकाले भरी=तिलको कोसा ।
ढरी=अन्न हाल्ने माटोको भाँडो
५७) न्हटो मेरो कुर्मुन्याइलो, छाती मेरो कैलो, भोलि मु निन्ताल जान्छु रुपियाँको थैलो=बाज ।
न्हटो=पिठ्यूँ
कुर्मुन्याइलो=छिर्बिरे
निन्ताल=नैनताल
५८) पात एकै नाइँ, हाँगाको लेखै नाइँ=सिउँडी ।
५९) पाइलो पड्डैन, दुगुर्न छोड्डैन=नाउ ।
६०) पाँचै भाइको एउटै बाटो=पैताला ।
६१) पिंडी त पिंडी, मनका पिंडी, लिनु न खानु, मुटुका छिडी=छोहरा र

CC-0. In Public Domain. Digitization by eGangotri

भित्रको बियाँ ।
पिंडी त पिंडी=मुठीभित्र अटाउने
छिंडी=दुःख (छोहराको बियाँ खान नहुने, व्यर्थको दुःख मात्र हुने भन्ने अर्थमा) ।

६२) पानी त खेल्दो छु, जले हैन, चारो त टिप्तो छु, परे हैन, वास्ता त वास्ता छु, कोकले हैन=रोपारले धान रोपेको र मागल गाएको ।
जले=जलेवा
परे=परेवा

६३) पानी परे पखलिजा, माटो परे कुइजा, झै परे झगडा परे कचडीमा उइजा =कागज ।
कचडी=कचहरी

६४) पेट मेरा खात्खुतीय, रोगी नभन्या, चाँदा मेरा भिगुतीय, जोगी नभन्या =हुक्कामा तमाखु खाएको ।
खात्खुतीय=गडबड (टवार्‌टवार्)
चाँदा=निधार

६५) पाहाडमा पहिरो हुर्हुन्याउँदो, बुरबुराउँदो=घट्टमा अन्न पिनेको ।

६६) फुटालेर धूलो, चिनीचानी ठूलो=वान्नो (परखाल) ।

६७) वडा भींड, जोले ओडार=नाक र नाकको प्वाल ।
भींड=भीर
जोले=जोडा

६८) वाटुल्ला चौर, घोडाको पाइला=आकाश र चन्द्रमा ।

६९) वडा भींड भेडा गुर्किएका=निधारमा सेतो दहीचामलको टीका लगाएको ।
गुर्किएका=टाँस्सिएका

७०) वडा भींड, रातो काम्लो डासेको=भूईं काफल पाकेको ।
डासेको=ओछ्याएको

७१) वडा भींडमा सवेट्टा झुँडयाएको=ढोकामा ताल्चा (खास किसिमको) झुण्डयाएको ।
सवेट्टा=सपेटा

७२) विहानै उठेर खोपामा हात हाल्नु=भोटो लाउनु ।

७३) बनै काटी, बनै कुटी, बनै साजावाजा, विना पाख ओडाइ आय, चंखिली राजा=ठूलो झ्याल ।

CC-0. In Public Domain. Digitization by eGangotri

छाजाबाजा=टुक्राटाक्री
ओडाइ आय=उडेर आयो
चंखिली=हुम्लाको एक ठाउँ
यता ठूला ठूला झ्यालहरू बनमा नै बनाएर घर ल्याइन्छन् । यसलाई यता तारु पनि भनिन्छ ।

७४) बोयो मसुरो, उम्रयो धतुरो, फुल्यो कला, पाक्यो केरा=त्यहाँ पाइने एक किसिमको भन्टा ।
बोयो=छर्नु
कला=केराउ

७५) वडा भींड, पानीका नाउला=आँखा ।
नाउला=कुवा (पानी जमेको खाल्टो)

७६) वल्ल बिये गोठ लायाँ, पुछ्छड वाहिरै=मयल (फल) खानु ।
बिये=निम्ति

७७) भयाले बाइ जाँदा औ, नइँ र खाइजाऊ=पुच्छर नभएको गाइगोरुले डाँस-लाई भनेको भाकामा ।

७८) माथिवाट आए सोभन साई, तलीवाट आए पाँच भाइ, पाँचै भाइले सोभन साईलाई लतराइ पाइ=सिँगान पुछ्नु ।
लतराइ पाइ=लत्याएर फाले

७९) मुखले टिप्नु, हातले छर्नु=अक्षर ।

८०) मै राम्रो, मै रुप्स्या, मै आउँदा ठस्सँदा, विच्चिँदा=हिउँ ।
रुप्स्या=सुन्दर
विच्चिँदा=दिक्क मान्नु

८१) योटी बुइनी सात पछयौडा ओड्डी=मकै ।

८२) रातो नल, कालो फल, परपुडो आयो परिमल=भालुले फापर खान आएको ।
परपुडो=परतिर

८३) रन भैंसी, ठन्न घाँडो, पाताल छोडी चन्न जाँदो=माउरी उडेको ।
ठन्न=भुनभुनाउनु

८४) रातीगेडी खोपाभरि=मकलमा आगोका फिलुङ्गा ।

८५) लाखुं छोरा वरमाजीका, काज न कामका, एकु छोराले सय काम गरिगो =तारा र जून ।
लाखुं=लाखौं

CC-0. In Public Domain. Digitization by eGangotri

८६) लिकीलिकी निगालीका तिखेतिखे पात, मेरा हड लागौला त देखौला बात =*वज्रभाँगो ।

८७) लामा लहरको मीठो फल=खोलाको माछा ।

८८) लामो बाटो छोटो गाउँ, उसैको थाप्लाँ आगो लाऊँ=हुक्कामाथिको चिलिम ।

८९) सबैकन तातै, गएपछि रातै=सूर्य ।
रातै=रात नै

९०) सरक्क सुक्र्या, होइँमाथि आयो भीमल्या टुक्र्या=कोदो पसाउनु ।
भीमल्या=नाउँविशेष
टुक्र्या=टाउको

९१) स्वर्गकी ह्लिस्नु, धर्त्तीको वाड, आगाको कलेजो, पानीको हाड=इन्द्रेनी ।
ह्लिस्नु=लिस्नु
वाड=बहार

९२) सल्ला जो सल्लै छौं, बाह्र हाँगा फल्दै छौं, पात कवासो जो, फूल गुरौंसा जो=सिमल ।
कबासो जो=कपास जस्तो

९३) सरक्क सिँदो, चाँदमा विंदो, पुछ्छडबाट पानी पिँदो=दियोमा बत्ती बालेको ।
विंदो=टीका, यहाँ भने उज्यालोको अर्थमा
चाँद=निधार

९४) नानु नानु नानी, सात पगडी बाँधेकी=कूचो ।

९५) सेतो सँडामा कालो बिउ बोएको=कागतका अक्षर ।
सँडा=लेकको खेत-वारी

९६) सुनको छत्तर, फलामे पथ्थर=डाँडा र सूर्य ।

९७) स्वर्ग पुग्यो कि धर्त्ती छिर्‍यो=रूख ।

९८) सेतो बल्ल पानी खान गयो, रातो भै आयो=रोटी, सेल पकाएको ।

९९) हरियो खाल, पिँयाली-लाल, ओ मेरी आमै, ओ मेरी बाबै, खाइको जन्जाल =खुर्सानी ।

---

* एक प्रकारको खान हुने भाङ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१००) हरियो परियो, सिँदूर भरियो, जादो जैमल, पुछौंदो छरियो=गलगाउडी
(एक प्रकारको जंगली फल)।
जादो जैमल=लहराले जेलिएको

१०१) हाँगा एकै नाइँ, पातको लेखै नाइँ=केरा।

१०२) हो टचाँ थीं, हो टचाँ थीं=लट्ठी टेकेको।

१०३) हाली पोली आफैं रित्तो=तावा।

*

CC-0. In Public Domain. Digitization by eGangotri

उखान–टुक्काहरू

उपमा, उदाहरण, व्यंग्य र दृष्टान्तका रूपमा प्रयोग हुन आउने लोकोक्तिलाई उखानटुक्का भनिन्छ। नेपाली भाषा र साहित्यलाई खँदिलो तुल्याउने र सिंगार्ने काममा उखान–टुक्काहरू निकै प्रभावशाली हुन्छन्। कर्रा नेपाली भाषाको विकास गर्ने क्षेत्रमा पनि यी उखान–टुक्काले महत्वपूर्ण सघाउ पुऱ्याउँछन्, किनभने उखान–टुक्काहरूको इतिहास पनि नेपाली भाषाकै इतिहास सरह पुरानो छ। यी उखान–टुक्काहरूलाई शिक्षितदेखि लिएर अशिक्षित र अक्ष निरक्षर व्यक्तिहरू-सम्मको साझा सम्पत्ति मान्न करै लाग्छ। खास गरेर उखान–टुक्काहरू मौका र कुरै–कुराको प्रसंगमा एकाएक प्रयोग हुन आउँछन्। यी जतिसुकै पुराना भए तापनि सधैं नयाँ र ताजा नै लाग्ने हुन्छन्। यिनमा पाइने सरलता, लालित्य, मौलिकता र अनुप्रासहरूले श्रोताहरूका हृदयलाई सजिलैसँग समाइदिन्छन्। सानो टुक्रो उखानको पङ्क्तिले नै पनि गहकिलो कुराको बोध गराउँछ। यस प्रकार साधारण वाक्यांशले परिपक्व अनुभवको निचोड दिन सक्नु नै उखान टुक्काको विशेषता हो।

कर्णाली अञ्चलतिर यस्ता उखान-टुक्काहरू अनगिन्ती पाइन्छन्। उखान–टुक्का-हरूलाई यता आहान भन्ने गरिन्छ। यताका जनताका मुख-मुखमा आहान झुण्डिएको पाइन्छ। कुरै–कुराको प्रसंगमा यिनीहरू कैयौं आहानहरू फटाफट प्रयोग गर्दै जान्छन्। उदाहरणका निम्ति केही आहानहरू प्रस्तुत गरिन्छन्:—

१) अगिपछि अन्त, चैतां जन्त।
जुन बखतमा जे गर्न सुहाउँछ, त्यो नगरी उल्टो गर्नु, भन्ने अर्थमा प्रयोग हुने आहान।

२) अन्नका वासले चौलानी पिने।
पिने=पिउने.

CC-0. In Public Domain. Digitization by eGangotri

३) अल्छीको खेल्ने वल्छी, जुवानको खेल्ने जाल ।

४) अरूका गाई रोग मऱ्या, मेरा गाई हुराप मऱ्या ।
हुराप=लहै–लहैमा अर्थात् रोगले हैन, रोगको हाहाले

५) अगाएका भालुन डिबर तीता ।
डिबर=एक प्रकारको जंगली गुलियो फल

६) अल्छीको एकै हगाइ ।

७) अड्डा कुर्ने हामी, मुद्दा छिन्ने धामी ।
पहिले पहिले यता गाउँघरका धेरैजसो मुद्दामामिलाहरू धामीहरूले नै छिन्ने गर्थे। त्यसैको प्रसङ्गमा पुराना कर्मचारीहरूले रचेका आहान ।

८) आइकले पाइक अडायो, पाइकले साइप अडायो, साइपले कुकुर अडायो, कुकुरले पुछ्छड लडवडायो ।
आइक=आगन्तुक
पाइक=नजीकको
साइप=पाइकको (दोस्रोको) नजीकको
अडायो=अह्रायो
एकले अर्कोलाई अह्रायो, अर्कोले अर्कोलाई अह्रायो, त्यसले फेरि कुकुरलाई अह्रायो, कुकुरले पुच्छर हल्लायो, कामकुरो केही भएन भन्ने अर्थमा प्रयोग हुन आउने आहान ।

९) आका गाउँ कुकुर भुक्यो, मु राँडको हिय दुख्यो ।
हिय=मन
तरुनी छँदै राँडी भएकी आइमाईलाई यौन पीडाले सताउनु स्वाभाविक हो । पल्लो गाउँमा कुकूर भुक्ता पनि लुकीचोरी राती हिँड्ने प्रेमी–प्रेमिकाहरूको डाडोले उसको हृदय जल्न थाल्छ भन्ने अर्थमा बनेको आहान ।

१०) आप्ना सरी आक्को हुँदैन, काम्ला सरी बर्को हुँदैन ।
बर्को=पातलो ओढ्ने अथवा खास्टो

११) आपू रह्यो, आक्का राख्यो साट्का लामाले ।
साट्=ठाउँको नाम
लामा=यहाँ भेडा–अगुवाको नाममा प्रयोग भएको जाड
एक पटक एउटा साँघुरो साँघुमा दुवैतिरबाट भेडाका बथानहरू आएछन् । तिनीहरू पारि तर्न पनि नसक्ने र वारि फर्कन पनि नसक्ने भएछन् । त्यस वेला साट्को लामा हत्तपत्त साँघुमा घोप्टो परी बसिदिएछ । ऊतिरका भेडा-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूले पनि उसको अनुकरण गरेछन् । अर्कातिरका भेडाहरू ती वसेका भेडाहरूका पिठ्यूँ–पिठ्यूँमा चढेर पारि पुगेछन् । यसरी लामा समेत दुवैतिरका भेडाहरू बाँचेछन् ।

१२) आपू गाँस्या, पाल्लो डाँगो ।
गाँस्या=भतुवा
डाँगो=कुकुर
असमर्थ व्यक्तिले नचाहिँदो कुरामा ठूलो इच्छा गर्नु हुन्न भन्ने अर्थ लाउने आहान ।

१३) आन्ना नपाउँदो, भित्ताँस धाउँदो ।
आन्ना=आन्द्रा
भित्ताँस=भित्राँस

१४) आनमान छोडी, खानाको बात ।
आनमान=कामधन्दा

१५) आधाकन बिरालो, आधाकन वाघ ।
यो खास गरेर चुनाउ लड्नेहरूलाई प्रयोग गरिने आहान हो । चुनाउको बेलामा यिनीहरू बिराला जस्ता हुन्छन्, चुनाउ जितिसकेपछि बाघ जस्ता हुन्छन् भन्ने अर्थ लाग्ने आहान ।

१६) आपू बड्डी घर छोड्डिन, बात मार्दी यारीका ।
यारी=भोटको सिमानामा जोडिएको नेपाली क्षेत्र ।
बड्डी=लोग्नेले स्वास्नीलाई 'बूढी' भनी बोलाउने शब्द ।

१७) आपू बड्डी रड्डीपड्डी, आक्का भने आँखा तड्डी ।
रड्डीपड्डी=भ्याल्ली
आफ्नो अवस्थालाई नचिनेर आर्कालाई खिसीटच्यूरी गर्ने बानी भएको मान्छेलाई भनिने आहान ।

१८) आपू खाडल, खबरदार ।
'आफ्नो गए–बितेको अवस्था थाहा नपाई अर्कालाई औंला ठड्याउने' भन्ने कुरा जनाउने आहान ।

१९) आँखा ठूला तिम्मा, ओखड पाउँदा हामी ।
नामले मात्र ठूलो भएर हुँदैन कामले पनि देखाउनुपर्छ .भन्ने अर्थमा वनेको आहान ।

२०) आँखा बाजाऽ, कुडा लाजाऽ ।
बाजा=बाजको जस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

लाजा=लाजलाग्दो

२१) आङ लाई फाट्टो, फेर हल्ली फाट्टो ।

फाट्टो=फाट्दो

दौराको आङ जिउमा घसिएर फाट्छ, तर फेर भन्ने हल्लीहल्ली फाट्छ भन्ने कुरा यस आहानले अर्थ्याउँछ ।

२२) आँखाको आँसु, स्वर्गको मेघ ।

दु:खी मान्छेले 'मेरो आँखाको आँसु आकाशबाट झर्ने पानी जस्तै उपयोगी हुन्छ, मेरो दुःख टारिदेऊ, तिम्रो जय हुनेछ' भन्ने अर्थमा प्रयोग गरिने आहान ।

२३) आँखाको अन्धो लडामा जाने ।

लडामा=डोरीमा (यहाँ डोरीको पिङमा भन्ने अर्थ लाग्छ)

२४) आपैं त साउज्यू ! राउला भेडा हेद्दा, क्या देउला मलाई चोलो ?

राउला=राउल (थर)

हुतीहारा मान्छेले केही गर्न सक्तैन भन्ने कुरा अर्थ्याउने आहान ।

२५) आपैं त मद्दो जोईलाई क्या हेद्दो ?

मद्दो=मरेको

२६) आप्ना नाडी, आका हात पाडी ।

पाडी=पारी

आफू तल परेको अर्थ बुझाउने आहान ।

२७) आपू बूढी बाइगैं, कुडिया आगो लाइगैं ।

कुडिया=कुरिया (धुरी)

२८) आज भोलिका नौला, भोलि हामी जस्तै होला ।

बूढाबूढीले तरुनी-तन्नेरीहरूलाई भनिने आहान ।

२९) आठ खसिया, नौ रसिया ।

रसिया=चुल्हा

परदेश हिँडेका आठ जना खसहरूले एक-अर्काका जातमा विश्वास नगरेर नौ भान्छा बनाए भन्ने अर्थमा भनिने आहान ।

३०) आप्ना पाल्या मूसा, आप्नै थैला काट्टा ।

३१) उखेल्ना बाली, सुसेल्ना छोरा ।

'उखेल्नुपर्ने बाली अर्थात् बिग्रेको बाली र सुसेलेर बोलाउनुपर्ने लाटो छोरा के काम लाग्छन् ?' भन्ने कुरा बुझाउने आहान ।

CC-0. In Public Domain. Digitization by eGangotri

३२) उसै मान्ठका राजा रजौटा, उसै मान्ठका दास, उसै कपडाको पाट पटंबर उसैको खासा ।
पुराना राजाहरू र शोषकहरूप्रति रचिएको आहान ।
३३) उत्तुने चडीका बाटा बाटा खोल्याँस ।
उत्तुने=नाश हुने
खोल्याँस=गुँड
बिग्रने मान्छेको अडवाङ्गे बुद्धि हुन्छ भन्ने कुराको संकेत यस आहानले गर्छ ।
३४) उम्किछ त बौवा, कुकुर हगाइ ल्याइ आ ।
बौवा=बुहारी
घरकी बुहारीले सबै काम सकेर फुर्सद पाई भने उसलाई सासूले कुकुर हगाएर ल्याउने काम पनि अह्राउँछे भन्ने अर्थमा घरका बुहारीहरूले प्रयोग गर्ने आहान ।
३५) उई रत्यौडी, उई देउली रानी ।
३६) एउटा छेवा, एउटा पेवा ।
छेवा=साझा
कुनै कुरा आफ्नो पेवा हुन्छ भने, कुनै कुरा साझा पनि हुन्छ भन्ने अर्थमा ।
३७) एक माना भात खाइँदा, मुलुकै धाक लाइँदा ।
छोटोपन देखाएको कुरामा आउने आहान ।
३८) एक रुपियाँ धन छ घोडा किन्छु भन्छ ।
३९) एक मेरा भैंसी, सारा गाउँका पित ।
पित=आँखा लाग्नु
४०) एक कुडो गद्दा, पार्नाउँदा मद्दा ।
जति कुरा गरे पनि एटटै दाउ गर्न खोज्नु भन्ने अर्थ लगाउने आहान ।
४१) एक पैसा छैन, सुपारी कुटकुट ।
४२) एक कुडो पायो, लललरी गायो ।
४३) एक डिंगो, उही बिंगो ।
४४) एकीको दूद, एकीको पूत ।
पूत=छोरा
४५) एक घण्टा रामको, चार घण्टा कामको ।
४६) ऐले खाउँ त पछि छैन, तँ खोज्दी फरिया ।
४७) ओटीका डिलाँ, डोटीका बात ।

CC-0. In Public Domain. Digitization by eGangotri

४८) ओग्लो लोडो नहुन्या, फाँडो खाइ मान्दो ।
ओग्लो=सिलौटो
सिलौटो र लोहरो नहुनेले फाँडो खान खोज्छ भन्ने अर्थमा ।

४९) ओखलमनि बसी मुल्सको गाँस ।
मुल्सको=मुसलको

५०) कति होला रारा दह, उन्जेलीको पानी ।
उन्जेली=अँजुली
ठूलो कुरामा सानो कुरा दाँजेर व्यंग्य गर्ने अर्थमा प्रयोग गरिने आहान । 'के रारादह अँजुलीको पानी हो र ?' भन्ने अर्थ यसले लाउँछ ।

५१) कमारा हुँदा, फुलौडा खांदा ।

५२) कपाल भद्दनेले जुडी राख्न जान्दैन क्या ?
भद्दने=खौरने
जुडी=टुपी

५३) करालो गडो पाँजलो हुँदैन, दुखारी कर्म सुखारी हुँदैन ।
करालो=भिरालो
गडो=गरा
पाँजलो=समथर

५४) कान काटया पनि था नाइँ ।
वेइज्जती कमाइसकेको पनि थाहा नपाउने व्यक्तिप्रति बनेको उखान ।

५५) काटीकुटी सम्मै ।

५६) काउ न भाउ, जोर गरूँ आऊ ।
काउ=काका
भाउ=केटाकेटी
'काका पनि भन्दिनँ, केटाकेटी पनि भन्दिनँ, पिटपाट पाछुं,' भन्ने अर्थ लगाउने आहान ।

५७) कागा सत्र, फुल खाजा ।

५८) (दिदीः–) कामु गर मुनिकण्ठ ।
(भाइः–) सक्तिन दिदी नानु मण्ठ ।
(दिदीः–) खानु खा मुनिकण्ठ ।
(भाइः–) खानेवेला ठूलो मण्ठ ।।
मुनिकण्ठ=नाउँ

CC-0. In Public Domain. Digitization by eGangotri

खानु=खाना

५९) कुरो चुही उँभो, पानी चुही उँदो ।

६०) कागकन त कपूर, खुस्याकन त बाज ।

खुस्या=एक प्रकारको तुच्छ चरो

कागलाई कपूर खान कसैले नदिए झैं खुस्यालाई बाज खान कसैले दिंदैन भन्ने अर्थमा रचिएको उखान ।

६१) काली डुमिनीकन मालिका ।

काली दमिनी जस्तीलाई मालिका (देवी) सँग दाँज्दा गरिने व्यंग्यात्मक आहान ।

६२) काँको फेड्डो, काँ आई पिड्डो ।

फेड्डो=फ्याउरो

पिड्डो=पिर्दो

६३) काँस्ता न कुँस्ता, सद्दी मात्त लाग्यो ।

काँस्ता न कुँस्ता=खोक्नु न सोक्नु

६४) कागले भन्यो रे मु हाँसको हँडाइ सिक्छु ।

यता न उता हुनु भन्ने अर्थ बुझाउने आहान

६५) कि गोठको राजा कि कोटको राजा ।

६६) कुकुडन (कन) त कपूर भालुन (कन) त दोचा ।

६७) कुडारी पुडा त नारायण, भिग्म पुडा त दैवो ।

कुडारी=गाउँको नाउँ

भिग्म=गाउँको नाउँ

कुडारीका मान्छे नारायण जस्तो असल हुन र भिग्मका मान्छे दैव जस्तो ज्ञानी हुन सक्तैनन् भन्ने अर्थमा आएको आहान ।

६८) कौवाकन घाँडो लाएर देश फिर्छ, मूसाकन घाँडो लाएर दूलो पस्छ ।

६९) कोसी फुटेर कट्टो, बाउ मरेर वड्डो ।

कट्टो=फुटेर टुक्रिएको भाँडो

समयले गर्दा मान्छेको जिन्दगीमा ठूलो हेरफेर आउन सक्छ भन्ने अर्थ बुझाउने आहान ।

७०) कोई सौतनी आमा, कोई सानी आमा ।

७१) कुडा गद्दा यारीका, पोइ हुँदा बुआरीका ।

७२) कोलको तेल जेठाऽ पानी ।

CC-0. In Public Domain. Digitization by eGangotri

जेठको महीनामा सबै खेतीपातीमा व्यस्त रहने हुँदा घर-घरमा पानीको अभाव हुने कुरा यस आहानले जनाउँछ ।

७३) कैले स्याँलाँ घाम, कैले पाडाँ घाम ।
स्याँलाँ=सिँयालमा
पाडाँ=पारिलो ठाउँमा
समय परिवर्तनशील भएको कुरा यस उखानले बुझाउँछ ।

७४) कुलो भागी समुद्र, छोरी भागी माइत ।

७५) कुनमा काल्याखोडो, होइँमाइँको अद्द ।
कुनमा=कुन त
काल्याखोडो=खोलाको छेउ-छेउमा वस्ने एक थरीको कालो चरा
होइँमाइँ=त्यसमा पनि
अद्द=आधी
'काल्याखोडो सानु हुन्छ, त्यसलाई पनि आधा के पार्नु ?' भन्ने अर्थमा ।

७६) कैले मरिन् सासु, कैले आया आँसु ।

७७) काठ कुटेको टाढा बस्नू, घरिनाकन नेर बस्नू ।
काठकुटेको=काठ काट्ता
घरिना=भान्छे

७८) कात्तिक ती कात्तिक भन्नू, जेठ ती जेठ भन्नू, पासमा रेल मोटर छैन, क्या दैती (के भनेर) सेठ भन्नु ?

७९) क्यै मैया (माया) पुरानो थियो, क्यै नयाँ थपुँला ।

८०) के सियालचडी ब्यायो ?
'के विघ्न यस्तो ढीलो भयो ?' भन्ने अर्थमा ।

८१) खसी न मासु, आँखाउँदा आँसु ।

८२) खानेबेला पाथीका डल्ला, कामु गर्नु पद्दा हातखुट्टा गल्ला ।

८३) खाने न पिने नाउँमात्तैको फिने ।
फिने=फिनी (रोटीविशेष)

८४) खोरो लिख्याको जैँथो, भाड डिठ्ठाको जैँथो ।
खोरो=टाउको
भाड=ठाँट, फुर्ती

८५) खोलेपानीउँदा माछा नाच्दा ।
खोलामा थोरै पानी हुँदा माछाको अवस्थालाई संकेत गर्दै 'थोरै हुनेले के

CC-0. In Public Domain. Digitization by eGangotri

धाक लाउनु ?' भन्ने अर्थ बुझाउने आहान ।

८६) खेत न पात मीठो देऊ भात ।

८७) खाडल नभरियै भूस किल्नु ।
किल्नु=खाँद्नु, कोच्नु ।

८८) गयौ बसेरा वसी, आयौ ढोलिनी जसी ।
वसेरा=बास
ढोलिनी=दमिनी

८९) गाई भनी दुनु न बल्ल भनी जोत्नु ।

९०) गाई सुआउँदो घाँडो, वल्ल सुआउँदो जु ।

९१) गाउँको ठालु जे भन्या लौ ।

९२) गाँडको पत्तो नाइँ, टल्कने प्वाँलो ।

९३) गुनी आएर गाई अत्याउँदो।
गुनी=लंगूर (कालो मुख र लामो पुच्छर हुने एक जातको बाँदर)

९४) घरभरि धामी भोका मद्दा हामी ।

९५) घर फान्डो बाउसो, बन फान्डो वनचरो ।

९६) घर साँगुडी, हाल पागडी ।
पागडी=जोडिएका घरहरू

९७) घाउ अंसार वान्हन, चडी अंसार खोल्याँस ।
वान्हन=बाँध्ने टालो

९८) घाँस काटेपछि पुला बान्नुपड्छ ।
पुला=मूठा

९९) घिनलाग्दा मा·ठका बिनलाग्दा कुडा ।
बिनलाग्दा=वचनलाग्दो

१००) घुंडीगाँठो खाइँदो, अबुका तरुना देखी बूढाबूढी चाइँदो ।
घुंडीगाँठो=घुँडा (धुँडामा बाथ हुन्छ भन्ने अर्थमा)

१०१) घ्यू न स्यू मुखिया बाज्या ज्यू !
त्रिउ कोसेली नल्याई 'मुखिया वाजे ! ज्यू' भन्दै ढोग्न आएको अर्थमा ।

१०२) घरा जोगी जोगी, बुना जो ी सिद्ध ।

१०३) चडाको चल्लाले दूदे खान्छ र ?

१०४) चडाको दूद नाइँ, मडाको सास नाइँ ।
मडा=मरेको

CC-0. In Public Domain. Digitization by eGangotri

१०५) चामल न सामल, माग्नेको छाँवल ।
छाँवल=दौंतरी, साथीहरू
१०६) चाँदा लाग्ने आगो, मुख लाग्ने जोई ।
१०७) चाल्नाको पानी, ढाँडाऽ चिन्नो ।
ढाँडा=सानासाना ढुंगाहरू भएको वलौटे जग्गा
चिन्नो=चिनो (एक प्रकारको अन्न)
१०८) चुक्काको चल्ल, भद्दाको नाती, जे कुडा गर्नु पैसामाथि ।
चुक्का=एक प्रकारको चरा
भद्दा=भद्राई चरा
१०९) चुलास् कट्टो, आपैं रित्तो ।
चुलास्=चुहिएलास्
११०) चुल्हाऽ आगो न गाग्राऽ पानी ।
१११) चिण्डा पानी, घट तों, घट मु ।
पेटका कुरा तँलाई पनि मलाई पनि थाहा छ भन्ने अर्थमा आउने आहान ।
११२) चैतका पिना, नै आपू खाना, नै आक्का दिना ।
चैतको महीनामा आफूले पनि पिना खान हुन्न अर्कालाई पनि दिन हुन्न भन्ने चलनअनुसार बनेको आहान ।
११३) चैत वाह्र गते लोग्ने घर पुगेन भने क्रिया (किरिया) उठाउनू ।
यो पुरानो आहान हो । अघि अघि मदेशतिर ज्यादा औलो लाग्ने हुँदा मदेश झरेको व्यक्ति चैतको वाह्र गते सम्ममा घर फर्केन भने ऊ मरेको मानिन्थ्यो । कर्णाली अञ्चलमा रोपाइँ गर्न चैतको वाह्र गते धानको विउ भिजाइने भएकोले परदेश गएको मान्छे त्यस दिन घर आइपुग्नु आवश्यक पनि छ ।
११४) चूलाको मूढो, कुनाको वूढो ।
चुल्हामा मूढो वलिरहँदा जसरी घर तात्तिइरहन्छ, त्यस्तै घरमा बूढो मान्छे छ भने उसवाट अर्ती उपदेश पाइने हुन्छ ।
११५) छकाल दियौ सातु, मेरा उठे धातु, वासा दियौ मही, बेला चुकी गै ।
छकाल=विहान
धातु=रिस
बासा=साँझ

CC-0. In Public Domain. Digitization by eGangotri

जुन बेला जे चाहिन्थ्यो त्यो नभएर उल्टो भयो, भन्ने कुरा बुझाउने आहान ।

११६) छोरी पाएर घर रित्तो, भित्तो बालेर चुल्हो रित्तो ।
भित्तो = सल्ला

११७) छोरो पाउन्या को छ, को छ, दुवो लाउन्या देउल्या ।

११८) छकाल डढेका बादल बासामेघ, बासा डढेका बादल वर्षदिन मेघ ।
बासामेघ = बेलुका पानी पर्ने ।
वर्षदिन मेघ = अनिश्चित वेलासम्म पानी नपर्ने

११९) छेपाडीको कूटो–बाउसो, जोरासि साइकन ।
छेपाडी = छेपारो
जोरासि साइ = कुनै बलियो मान्छेको उपमा स्वरूप

१२०) जाँ बैरलो उइँ कुडिल्लो ।
वैरलो = वैरी (यहाँ भालुलाई संकेत गरिएको छ ।)
कुडिल्लो = भर्खर आवाद गरिएको पाखाजग्गा, जहाँ फापर मात्र लगाइन्छ । फार भालुले खूब खान्छ ।

१२१) जाँ गाईको पानीखाने नाउली, व्हेँ बाँघाऽ दऽ ।
नाउली = कुवा, पानी जमेको खाल्टो
व्हेँ = वहीँ
दऽ = लुक्नेठाउँ

१२२) जाच जाइ न हलो भ्वाई ।
जाच = सिँजादराको एक गाउँ
जाचमा निकै ठिटीहरू हुन्छन् । ठिटाहरू दोहरी ग्रीत भन्न त्यहाँ जान्छन् । यस आहान अनुसार–ठिटीसँग गीत गाएर रमाइलो गर्न जाच पनि जान पाइ-एन, खेतमा गोरु जोत्ने काम पनि भएन, दुवैतिर काम विग्रो भन्ने अर्थमा ।

१२३) जाउँ भने सातराँगे लट्पट्, वसुँ भने ऐले खाए नछि नाइँ ।
सातराँगे = सात किसिमका किटीफ्याम्टाहरू

१२४) जैखो पुछ नाइँ, उइखो नाउँ चौंन्या ।

१२५) जो जान, उही वखान ।

१२६) जोखो लाइँदो, सुत्ती खाइँदो ।
जोखो = ऋण
सुत्ती = सुर्ती

CC-0. In Public Domain. Digitization by eGangotri

१२७) जेठ असारका फक्किर, कात्तिकको धोको ।
'जेठ असारमा कामकाज नगरी मजासँग हिँड्ने मान्छेले बाली भित्र्याउने कात्तिक महीनामा अन्नको आस गरेर के गर्नु ?' भन्ने अर्थमा ।
१२८) जैले मेरा दिन थिए त खीर खाइनँ, अैले मेरा दिन वाइगे त मइ पाइनँ ।
१२९) ज्यू भन्या बोली, पाकेको भात, कैले खेर जाँदैन ।
ज्यू=हजूर
१३०) ज्वाइँ न स्वाइँ, कोदोरोटी ख्वाइँ ।
१३१) जैँरे कोदाको क्यै नाइँ, भुक्का गुवालाका ।
भुक्का=रिस
'गाईगोरुले जैँरे कोदो खाएकोमा मलाई केही रिस छैन, रित त मेरो गोठालोसँग छ' भन्ने कुरा बुझाउने उखान ।
१३२) जुम्ला आयौ ऐले, घरतिर कैले ?
जुम्ला (खलंगा) आएको सिँजाल आफ्नो घरमा पाहुना लाग्ला भनेर, जुम्ली (वजार वरिपरि गाउँका) हरूले–घर कैले फर्कने त ? भनेर सोध्दछन् भन्ने अर्थमा आउने सिँजाली आहान ।
१३३) ज्यौँडाकी साँप, बिराला बाघ ।
ज्यौडा=डोरी
आपतको वेलामा डोरी पनि सर्प हुन्छ, विरालो पनि बाघ बन्छ भन्ने अर्थमा ।
१३४) जैति धन नाइँ, उइखो नाम धनपति ।
जैति=जोसँग
१३५) जस्का आँच लाड् न च्यूरा, उइखो बडावडा फाँका ।
आँच=पोल्टा
१३६) जिउ भए जिउला ।
जिउला=खेत
१३७) जेठ लाग्यो वावै ! वल्ल वेच ।
१३८) जौ पाकेका जचौरी, आरु पाकेका सिपाटी ।
जचौरी=ठाउँको नाम
सिपाटी=गाउँको नाउँ
जौ पाकेका वेलामा जचौरीहरू र आरु पाकेका वेलामा सिपटीका मान्छेहरू घमण्डी हुन्छन् भन्ने अर्थमा रचिएको सिँजाको स्थानीय आहान ।

CC-0. In Public Domain. Digitization by eGangotri

१३९) जसकी मा घरिना, उसकी टवाट्की पोक्चे ।
घरिना = मान्छे
ट्वाट्की = सानी छोरी
पोक्चे = गाला लागेकी, मोटी
१४०) जाँ वाली, उइँ खाली ।
१४१) झगडाको बिउ बुनु पर्दैन ।
बुनु = छर्नु
१४२) झुरा दुब्ला जहाँ हाने तहीं दुख्छ ।
झुरा = पातलो, दुब्लो
१४३) झोलै त घाँटी लाग्यो, हाड कहाँ ?
१४४) डल्ला लाउने चोखा नाइँ, पुवा भुटी खाउँला ।
डल्ला = रोटीको निम्ति मुछिएको पीठो
१४५) डूमको छोरो सत्र ठाउँ ताड्नु ।
यता दमाई जाति निकै शोषित हुन्छ । उसका छोराछोरीहरूले माथिल्लो जातिबाट निकै पिटाइ खान्छन् भन्ने अर्थमा आउने आहान ।
१४६) डूमाऽ देउता, कुमाऱ्या धामी,
त्यै देउता देखाउन्या आँखा फुटचा हामी ।
१४७) ढल्या रुखाऽ टुप्पा पुग्दो ।
१४८) तातो गर्ने ऊनै हो, राम्रो पार्ने सुनै हो ।
१४९) तुलकाटो गोरुको मुख मुगालो ।
तुलकाटो = वाली खाने
मुगालो = गाईगोरुको मुखमा लाइदिने पेरुङ्गो
१५०) तों र मु व्हीं कि स्वर्गका जन–वेल ?
जन–वेल = जून र सूर्य
तँ र मबाट हुनै नसक्ने कुरा भन्ने अर्थ्याउने आहान ।
१५१) तिमी हामी मिली घट्टहुँदी किली ।
किली = किला
घट्ट र घट्टको बीचको प्वालको किला जस्तै तिम्रो र हाम्रो संबन्ध छ, भन्ने कुरा बुझाउने आहान ।
१५२) तेरै त होला साउनको खोलो पनि ।
गाउँको कुनै शोषक ठालुलाई व्यंग्य गरिने आहान । 'घर, खेत, बारी र

CC-0. In Public Domain. Digitization by eGangotri

सबै संपत्ति त ठालु शोषकको भयो, के साउनको खोलो पनि तेरै हो कि ?'
भन्ने अर्थ यस आह्वानले लाउँछ ।

१५३) थारीले भहको बात क्या जान्ली ?
भह=बह
१५४) थून तान्ने उँभो हुन्न, छिउँ तान्ने उँधो हुन्न ।
१५५) देख्ना जैथा बर नाइँ, खान्या जैथा घर नाइँ ।
१५६) दूद नदिने गाई अति टटराई ।
टटराई=चुरीफुरी
१५७) दूद खाने मुखमा तीताको भाट्टो ।
भाट्टो=भाटो, घोचो
१५८) दाल बिग्रेको फाँडो सन्नेको ।
१५९) दुवै खुट्टा डुँडा, खेल्दो कवाज ।
१६०) दालभात आपू खाँदा, खोप्या कट्टो मेरो चाँदा ।
खोप्या कट्टो=दाल पकाउने ताप्के जस्तो फलामे थोत्रो भाँडो ।
१६१) दूद उम्लेर कौला, छोरी उम्लेर खौला ।
कौला=अँगेनोमा
खौला=खाल्टामा
१६२) दुई जोईका पोइ, भाँडा माझ्दै रोइ ।
१६३) दुई जना चूलाकोटी दुई जना बूढा, को गरोस् चूला भाँडा, को गरोस् कुडा
चूलाकोटी=गाउँको नाउँ
१६४) देउता आयो भनेर धामीले जान्नू, धामी आयो भनेर गाउँलेले जान्नू ।
१६५) धन थोका, चड्डो घोडा ।
थोका=थोरै
१६६) धान काट्टी मूसो, थिचाइ पाउँदो भ्यागुतो ।
१६७) धमचमे सिँजा, धान टिपी बोताँ ।
धमचमे=धूमधाम
बोताँ=गाउँको नाउँ

बाहिरको मान्छे झ्वाट्ट हाटसिँजा जाँदा धूमधामसँग धानको खेती भएको देख्छ र उसले हाटसिँजा खूब धनी रहेछ भन्ने पनि सम्झन्छ, तर पहाडको पछिल्तिरको नदेखिने बोताँ गाउँका गाउँलेहरूको त्यहाँ धेरै खेत भएकोले धेरै जस्तो धान बोताँलीहरूले नै भित्र्याउँछन् भन्ने अर्थमा बनेको हाट-

CC-0. In Public Domain. Digitization by eGangotri

सिँजाको स्थानीय आहान ।

१६८) धन्य साहु, नाउँ मात्तको पैंसा !

१६९) नवर्सने मेघका टवर्का ठूला ।
टवर्का=थोप्ला

१७०) नपड्न्या ठाउँ पाइलो पड्यो, जुम्ला हात्ती आयो ।

१७१) नहुने वेलाका लाटागाँडा, उत्तुने वेलाका चउने भाँडा ।
उत्तुने=नाश हुने
चउने=चुहुने

१७२) नहिन्ने गोरुका नाक छेड्नु ।

१७३) नाना चाँदोलाई ठूलो बिदो ।
बिदो=टीका

१७४) नदिन्या वौराँजु आइतबार वर्जो ।
वौराँजु=तल्लो जातको मान्छेले माथिल्लो जातकी वुहारीलाई संबोधन गर्ने शव्द
बर्जो = वर्जित

१७५) नानाका चड्डिकला, ठूलाका पड्डिकला ।
चड्डिकला=प्रगति
पड्डीकला=अवनति
'साना मान्छे ठूला हुँदै गए, ठूला मान्छे साना (महत्वहीन) हुँदै गए' भन्ने अर्थमा ।

१७६) परानी राख्न धौ भयो, मोटिन खोज्दिछ ।
परानी=प्राण

१७७) पशुकन तिउन चाइँदैन ।

१७८) पछि भैंसी किन्याको गलेउँ मोटो, पछि भया साहुको बाउँलो छोटो ।
गलेउँ=गाई भैंसीको घाँटीमा बाँध्ने डोरी
पछि धनी भएर भैंसी किन्ने मान्छेले, भैंसी भाग्ला भनेर भैंसीको घाँटीमा मोटो दाम्लो लाइदिन्छ । त्यस्तै पछि धनी हुने मान्छेले हातको सुनको बाला र घडी देखाउन आफ्नो भोटोको बाउला छोटो तुल्याउँछ भन्ने अर्थ बुझाउने आहान ।

१७९) पानीको तुर्को नाइँ, रोप्दो धान ।

१८०) पासमा सामल छैन, भात खानेकि रोटा ?

CC-0. In Public Domain. Digitization by eGangotri

१८१) पाल्तो तुल, रुडो लाग्दो ।
पाल्तो=पातलो
तुल=बाली
रूडो=अनावृष्टि
१८२) पानीमै फुलौडा ।
फुलौडा=फुरौला
१८३) परेवाको थाहै छैन, आग्री मात्तै गरौं भाइ ।
आग्री=खोर (गंजक)
१८४) पानी भित्त पस्नु माछासँग जोरी खेल्नु ।
१८५) पानी मीठो करुल्लीको, वानी फुच्चो फुरुल्लीको ।
करुल्ली=करुवा
फुच्चो=छुच्चो
१८६) पाप्डाकन रुडो लाग्दैन, पाहुनोकन अनिकाल लाग्दैन ।
पाप्डा=कर्कलो
१८७) पैंसा न सैंसा, किन्न खोज्दो भैंसा ।
१८८) पीपलका रूखाँ सल्लाका हाँका ।
१८९) पिलो हुन जान्दैन, डूम माग्न जान्दैन ।
जसरी पिलो कुठाउँमा आउँछ, त्यसरी नै डूमले पनि कुठाउँमा माग्छ ।
१९०) पुराना बूढाका सक्कली कुडा, ह्राछेस मान्ठका नक्कली कुडा ।
१९१) पागले पंछी उडाउँछ, पक्षले मान्ठ उठाउँछ ।
पक्ष=परिचय
१९२) पंडिताऽ घराऽ, मूसा पंडित ।
१९३) फापर पिन्याजन नगर, तेरो खिस्सी, मेरा खिस्सी ।
पिन्याजन=पिने जस्तो
१९४) फाल्नु पंचउदो, गर्नु मनका जसो ।
फाल्नु=सल्लाह गर्नु, जनाउ दिनु
१९५) फाँडो राडेको निको, टवाट्की ताडेको निको ।
राडेको=घोटेको
टवाट्की=केटाकेटी
१९६) फुटेको चाँदोलाई कान्याको बन्चरो ।
कान्याको=धारिलो

CC-0. In Public Domain. Digitization by eGangotri

१९७) बर्गत नहुन्याको भोट हुँदैन, पैंसा नहुन्याको मदेश हुँदैन ।

१९८) बडो भयो माइज्यू, हिङ हालेको पैंतो ।
पैंतो=तिउन
मीठो ख्वाउन नसकेर पनि धक्कू लगाई हिंड्ने माइजूलाई भान्जाले छेड हान्दै रचेको आहान ।

१९९) बालैन जुकेना, जौं देश कोदे खाँदा छन्, उइ देश भुकेना ।
बालैन, जुकेना=दुवै गाउँहरूका नाउँहरू
भुकेना=पाखाबाली मात्र लाग्ने पाखोजग्गा
बालैनमा र जुकेनामा कोदो धेरै हुन्छ किनभने यी गाउँहरूमा पाखावाली ज्यादा लाग्छ ।

२००) बाबु मरी, सुपा तोडी ।
सुपा=निफन्ने काममा प्रयोग गरिने नाङ्लो जस्तै वस्तु
तोडी=छोप्नु
खेतीको कामले व्यस्त रहनु पर्ने जेठको महीनामा बाबु मरेपनि नाङ्लोले छोरी खेत जानु पर्ने, भन्ने संकेत बुझाउने आहान ।

२०१) बाटाथी वस्नु, मुलुकको थूक खानु ।

२०२) बाघकन रूखको के आस ?

२०३) बाघ भान्र्या मेरा पोइ, जुंगा ठेस्न्या तेरा पोइ ।
ठेस्न्या=ताउलाउने

२०४) बस्न्याकोलागि त घर बनाउनु ।

२०५) बाख्राको बगराल, भेडाको ऊन नाश पार्ने तेरो मन ।
बगराल=बथान

२०६) बाँस लाग्या ठाउँमा बाँस, निगाला लाग्या ठाउँमा निगाला ।

२०७) बनको मिर्ग के नूनै खान्छ ?

२०८) बाबुको रूपिआ हाल्ने थैलो छोराको घोड्मच्चो हाल्ने भो ।
घोड्मच्चो=मसलाको रूपमा प्रयोग गरिने एक प्रकारको जंगली झार

२०९) बाघका भेइले (भयले) रूख चढ्याँ, रूखै सात बाघ ।

२१०) बाज बूडिएर चील, हाँस बूडिएर काग ।
बूढो भएपछि महत्व घट्छ भन्ने संकेतमा प्रयोग हुने आहान ।

२११) बगिजाँदो पानी, कुइजाँदो खड ।
खड=खर

CC-0. In Public Domain. Digitization by eGangotri

२१२) बलिराज राजा भए, अभयराज बाज ।
२१३) बूढो मरी कुडो सरी, भाले बास्दो पोथे सुन्दो ।
पोथे=बच्चा
२१४) ब्याइसके क्या सिनु, मरिसके क्या रुनु ।
ब्याइसके=उज्यालो भैसकेपछि
२१५) बिउ गुनाको बालो, थडी गुनाको ह्वालो ।
थडी गुनाको ह्वालो=देउता अनुसारको घण्ट र रालो
२१६) बडीगले गाई धुइरे झैं ।
बडीगले=गाउँको नाउँ
बडीगले गाउँका गाईहरू मिलेर अरू गाउँका गाईहरूलाई लखेट्छन्, भन्ने अर्थमा ।
२१७) बिना गोर्स भातै नखोर्स, बिना दाल भातै नहाल ।
गोर्स=गोरस
सरकारी कर्मचारीहरू र अरु काठमाडौंका मान्छेहरू (जुम्लीहरूको भनाइमा गोर्खाली) पनि कर्णाली अञ्चल जाँदा दही, दूध र दाल नभई भात खाँदैनन् भन्ने अर्थ लगाइएको आहान ।
२१८) बुओको दिनमा मही, बाबुको दिनमा दही, आफ्ना दिनमा दूदैदूद ।
बुओ=बाजे
२१९) बोक्या सामल, लाएको अत्ती, कति दिन ?
अत्ती=अर्ती
२२०) बाँझ नसकौं गुराँस सकौं ।
निर्दोलाई पिटौं, बलियोलाई छोडौं, भन्ने अर्थमा ।
२२१) बन्जारीलाई पल्काउनु, चोरलाई झल्याउनु ।
२२२) बाह्र भाइ मष्टा, नौ दुर्गा भुवानी ।
२२३) बान्नी फुटे, ढँडार छुटे ।
बान्नी=गाउँको नाउँ
आपसमा छूट फूट भयो भन्ने अर्थमा ।
२२४) बाह्र भाइ दाडे, बाह्र भाइ कुदाडे ।
दाडे=दाडेमष्टो
२२५) बोकाले आफ्नो ज्यान मात्त दिन्छ, फौंज अगाइ सक्तैन ।
२२६) बूडूको मष्टो लागे चाहिँ त पाँचेको ढोल लागेको निको ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचेको=खत्याड दराको ढुंगै-ढुंगा भएको ठूलो भीर
ढोल=यहाँ 'ढुंगा' भन्ने अर्थमा

२२७) भात न दाल चुउन्छ राल ।

२२८) भाउजु न दाजु एक चोटका राजु ।
राजु=कायल

२२९) भन्न नजानेर कुन्नु, भान नजानेर खन्नु ।
कुन्नु=कन्नु
भान=जोल्न

२३०) भनेको मान्नु न आफैं जान्नु ।

२३१) भागी जाऊँ कि निस्कि जाऊँ, ताता रोटा ऐले खाऊँ ।

२३२) भात खानु पडेपछि पाँचै औंला साथै ।

२३३) भाग्य छ भन्दा चालना पाती बोक्नु क्या ?

२३४) भेडागोठ भया म्या, बाख्रीगोठ भया म्या ।

२३५) भैलोको स्वर, मागलको राग ।

२३६) भोट मऱ्यो सोभन साइ, भँगाल्टाका टेका ।
भँगाल्टा=भाङ्को बूटो
टेका=यहाँ यो शब्द मूर्दा लैंजाँदा सेतो कपडा बेर्ने लट्ठीको अर्थमा प्रयोग हुन आएको छ
यो ऐतिहासिक आहानले भोटमा भागेर गएका सोभन साइ मर्दा भएको उनको हीन अवस्थालाई जाहेर गर्छ ।

२३७) भैंसी घर त बल्ल मर, छोरी घर त बुहारी पर ।

२३८) भैंसी न सैंसी बिन्डा मात्त किन्नु ।
बिन्डा=दही-दूध हाल्ने ठूला ठूला ठेकी

२३९) भैंसो दिंदैन, थोरो पिँदैन, ठेकी रुझ्दैन, चित्त बुझ्दैन ।
थोरो=पाडो

२४०) भैंसाको गोठ चीसो, आचार्यको पेट चीसो ।
भैंसीको गोठ चीसो भए जस्तै आचार्यहरूको पेटमा धर्म हुँदैन भन्ने अर्थ लाग्ने स्थानीय आहान ।

२४१) भान्छया वामन तेरै भर छ, दुई चोइला अर्घेली ।
दुई चोइला=दुई पन्यौ (भात)
अर्घेली=बढ्ता

CC-0. In Public Domain. Digitization by eGangotri

२४२) भात्तीको पलाँता ।
भात्ती=जोगी
पलाँता दरामा गएर जोगीहरू खूब खान्छन् भन्ने अर्थमा प्रयोग हुने आहान ।
२४३) म लोट्टो, त्यो चोट लाग्योन भन्दो ।
२४४) मह नभयाको मौरो चिल्डो ।
२४५) मडा उचेडो नाङ्गो रन्न, गाउँ डोडो भोको हुन्न ।
मडा उचेडो=मरेको मान्छेको लुगा लगाउने
डोडो=डुलुवा
२४६) म मितज्यूका भर, मितज्यू लौडाको भर ।
२४७) मरी जानु न गरी खानु ।
२४८) मरेको देखिँदै के लात्तले हान्नु ।
२४९) मच्या पोल्दैन ठेक पोल्दो, आँसे वोल्दैन गाँसे वोल्दो ।
मच्या=खुर्सानी
ठेक=खुर्सानीको बींड
आँसे=घर धनी, सरोकारवाला
गाँसे=नोकर
२५०) माई न साइ आपत्ती आइ ।
माई=देवी
२५१) माछाऽ वल पानीसम्म ।
२५२) माछी मार, चाँदी छाड् ।
चाँदी=रुपैयाँ
२५३) मानाकन मूठी, भालुकन औंठी ।
मानाकन=माना खानेलाई
२५४) माइती न साइती थिचाइ पाउन आइथी ।
२५५) मात्या खेत, ढाँटे स्वास्नी ।
मात्या=भोग वन्धकी
२५६) मान्ठाऽ अनिकालाँ देउमले काजी, अन्नाऽ अनिकालाँ भँज्जो ।
देउमले=तुच्छ रूपमा संवोधन गरिने नाम
२५७) माटाऽ धन गाँठ, हाडाऽ धन गाड ।
माटोको धन, भन्नाले यहाँ खेत वारीलाई जनाउँछ । यो धन सधैं गाँठो पारेर राखे जस्तै सुरक्षित हुन्छ । हाडा धन, भन्नाले गाइवस्तु घोडा आदी-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई जनाउँछ। यो धन सुरक्षित नभई खोलामा बगाए जस्तै हुन्छ।

२५८) मेलापानी दियारका जडा, ओखरपाटा भरुने बूढाऽ गोठ।
मेलापानी, ओखरपाटा=गाउँका नाउँहरू।
यहाँ दियार (देवदारु) को जडा, भन्नाले बदनाम गर्ने कुरा मेलापानी गाउँमा भए तापनि शुरु चाहीं ओखरपाटाको भरुने बूढाको गोठबाट भएको हो। अर्थात मेलापानी गाउँमा नचाहिंदो कुराको चेवाचर्चा र होहल्ला भएको सुनिए तापनि त्यसको शुरु चाहिं ओखरपाटा गाउँबाट भएको हो।

२५९) मेरै डोकी, मेरै थाप्ला ठोकी।

२६०) म्वाइँ खाको हैन, सिंगान लाको।

२६१) मेघ पड्यो भने बाखा खोज्छ डार, लुतो पड्यो भने मान्ठ खोज्छ आगो।
मेघ=पानी
डार=ओडार

२६२) माछो भया वडो हात, भ्यागुती भया पुडो हात।

२६३) मेरा पोइ भया तेरा पोइतो आउँदी हुँ क्या ?

२६४) यै गतिले, यै मतिले जाउला ताउलाखार।

२६५) रारादह बटुकिय, सरोवर (मानसरोवर) थाल।

२६६) राजा सबैका साझा, देउता सबैका निउता ।
निउता=निमन्त्रित

२६७) राज बुडिनु र बाज बुडिनु बार लाग्दैन।
बार=बेर

२६८) राजा टाढा रैती छाडा।

२६९) रोलको वनियाँ मड्डो, ओखरपाटा जूठो छाड्डो।
रोल=सिंजादेखि परको गाउँ

२७०) रामदेखिको जारी, कृष्णदेखिको चोरी।

२७१) राडीको कुम्लो, हिउँदा जुम्लो।

२७२) रोटो दिन्या दिदीले भोटो पोल्दी।

२७३) राग्मा आलो लाग्यो, भट्ट्याचौरको झोंगलो पोलियो।
झोंगलो=झोलुंगो
राग्मा=गाउँको नाउ

२७४) रारादह टल्लपल्ल खाउँपानी निझार, हीरो होकि तूथो होकि तँ आफै विचार।

CC-0. In Public Domain. Digitization by eGangotri

निक्सार=रारादहको पानी निस्कने ठाउँ
रारादहको सुन्दरताबारे बयान गरिएको आहान ।

२७५) लुड्खु गाको मान्ठ नचुड्कु नफुड्कु ।
नचुड्कु=चुक्तैन
लुड्खुगाउँ गएपछि न्याय निसाफ हुन्छ भन्ने अर्थमा ।

२७६) लङ्का हान्ने हनुमान्, मथेडो पाउने गुनी ।
मथेडो=फेट्टा

२७७) लोतीघिउँरी, चरीप्वाँकी, हाँसुली–काँसुली ।
लोतीघिउँरी=घरमा पालेको शिकारी कुकुर
चरीप्वाँकी=मलसाँप्रो
हाँसुली–काँसुली=ब्वासो
कुकुर गुनिलो हुन्छ । यसले आफ्नो मालिकको नूनको सोफो गर्छ । तर मलसाँप्रो र ब्वाँसोले आफ्नै स्वार्थ मात्र पूरा गर्छन् । यिनलाई आफैं खान पाए पुग्छ भन्ने अर्थमा ।

२७८) सद्यें सुद्यें मितज्यू, खाँ मितज्यू तैंकन ।
सद्यें सुद्यें=जान्नेबुझ्ने भएँ
बिरालोले बाघलाई रूख चढ्ने काम बाहेक हिंसा र बठ्याइँ गर्ने सबै कला सिकाइसकेपछि बाघले बिरालोलाई नै सर्वप्रथम खान आयो रे । त्यसबेला रूख चढेर हत्तपत बिरालोले आफ्नो ज्यान बचाएको थियो रे, भन्ने अभिप्रायमा बनेको व्यंग्यात्मक आहान ।

२७९) साउ बुझाउनु, भाउ बुझाउनु ।
साउ=साहु
भाउ=केटाकेटी

२८०) साउनाऽ गाड नतर्नू, माघाऽ लेक नचढ्नू ।

२८१) सात शय भोटान एक लगर खाने, तों काँको आइस् दुई लगर खाने ।
भोटान=भोटे
लगर=एक प्रकारको बाक्लो ठूलो फापरको रोटी

२८२) साथका संगिनी ढँटेलो गया, म रण मही गुत्याऊँ ।
रण=राँडो

२८३) सुम्जो पाउना ओखल–बसेरा ।
सुम्जो=साँझ

CC-0. In Public Domain. Digitization by eGangotri

पाउना=पाहुना
ओखल-बसेरा=ओखलमा बास (यहाँ ओखल घर बाहिर गाडेर राख्ने चलन छ) ।

२८४) स्यालको सिङ्, बिरालाको साल, देखिन बाल ।
बाल=बा ! (संबोधन शब्द)

२८५) सिंजा हाट, दुल्लु विराट ।
यो प्रसिध्द ऐतिहासिक आहानले मल्लकालमा सिंजा हाटबजार थियो र दुल्लु चाहिं ठूलो नगर थियो भन्ने कुरा बुझाउँछ ।

२८६) स्रिस्ता सिँजालका जस्तो, वोली रकालका जस्तो ।
स्रिस्ता=स्रेस्ता, लेखपढ

२८७) सिमडो मान त गाग्री मान ।
सिमडो=गाग्रोको आसनी, बिडा

२८८) सुदिना दिदीभिना, कुदिना मित ।

२८९) सिंगासनका पाऊ भिँमा राख्नु ।
भिँमा=भुईंमा

२९०) सिँजासीको भली भलाइ चौखीढुंगामाथि ।
चौखीढुंगा=जुम्ला बजारबाट सिँजा जाँदा बाटोमा रहेको एउटा ढुंगा सिँजालीहरूले यसै ठाउँसम्म मात्र भलोकुसारी गर्छन् भन्ने व्यंग्यात्मक एक आहान ।

२९१) सेतो चोतो खान्या, समाज जान्या ।

२९२) सात रकाल एक सिँजाल, सात सिँजाल एक मुगाल ।
बाठोमा सात रकाल (रकाल गाउँका) बराबर एक सिँजाल हुन्छ भने सात सिँजाल बराबर एक मुगाल (मुगुका) हुन्छ भनी अर्थ्याउने आहान ।

२९३) स्वास्नी लाउने घट्ट, इल्छा हाल्ने भट्ट ।
लाउने=पठाउने अर्थमा
स्वास्नीलाई घट्ट पठाएमा नराम्रो सम्झिने चलनअनुसार खेतको आलीमा भटमास रोपेमा पनि बाली नराम्रो हुन्छ भन्ने अर्थ लाग्ने आहान ।

२९४) सिता नछोड्ने रारा गोसाइँ, पतरी फोड्डा कागा ।
रारा गोसाइँ=राराका मान्यजनहरू (तल्लो जातको मान्छेले ठकुरी आदि माथिल्लो जातको मान्छेलाई गोसाइँ शब्दले सँबोधन गरेको सुनिन्छ) ।
रारातिर धान चामलको कमी हुने हुँदा कुनै तल्लो जातिको मान्छेले राराका

CC-0. In Public Domain. Digitization by eGangotri

भलाद्मीहरूलाई व्यंग्य गरी रचेको आहान ।

२९५) सुनको औंठी खुट्टाको औंलामा ।

२९६) सत टुटेको नर, भीत टुटेको द्यौता ।
भीत=शक्ति

२९७) सफ्यारो बाँधुको बिफ्यारो कूलो, वाइका जांगीका घरघर तुलो ।
सफ्यारो=सुल्टो
विफ्यारो=उल्टो

२९८) सबुभन्दा अलगो रारा, रारादेखि अलगो तारा ।

२९९) स्याल तान बुन, कुकुर तान घर ।
स्यालले जे पनि वनतिर लैजान्छ, कुकुरले जे पनि घरतिर ल्याउँछ ।

३००) सिन्कोमाथि दुई भएको छैन ।
(केही काम भएको छैन भन्ने अर्थमा)

३०१) सिल्ली बाबु उल्लु, छोरो फर्फराको ।
फर्फराको=मगज बिग्रेको

३०२) हाँस आएर फुली नार, काग आएर बिट पार ।
फुली=फुल
बिट=विष्टा

३०३) हाँस्या दाँत धेरै भया, खान्या दाँत नाइँ ।
हाँसेर दाँत देखाउने साथीहरू त धेरै भए, तर खान दिने अर्थात चाहिएको बेलामा काम दिने साथी चाहिँ कोही भएन, भन्ने अर्थमा आउने आहान ।

३०४) हात्तीको पाथी, पाथीको हात्ती ।
(सुल्टोउल्टो बुझाउने अर्थमा)

३०५) हुने मइको एकै घड्को, नहुने बिरलो ।
बिरलो=ढीलो

३०६) हुक्का हेरी ढड्डा, मान्ठ हेरी ठट्टा ।
ढड्डा=सुमेरू

३०७) हिरीलैलै गरी केही चाटिएन ।
हिरीलैलै=एकप्रकारको विलौना

३०८) हाम्मा बाका दिया राडी त तिम्मा वा ओड्डा ।

❀

CC-0. In Public Domain. Digitization by eGangotri

शिल्पकला, वास्तुकला र चित्रकला

अघि मल्ल कालमा सिँजा उपत्यकामा जति वास्तुकला, मूर्तिकला र चित्रकलाको विकास हुन सकेको थियो, पछि त्यसै अनुरूप अविरल रूपमा यिनका विकास हुँदै गएको प्रायः देखिँदैन। कर्णाली अञ्चलका स्थानीय राजाहरूका समय पछि. झन् यी कलाहरू यथावत् रूपमा नै रहेका देखिन्छन्। यिनमा आधुनिक तथा परिमार्जित रूप आएको पाइँदैन। यहाँका कलाहरू हेर्दा प्राचिन ढाँचाका नै देखिन्छन्। कतै कतै मण्डाको स्थानमा र कुनै कुनै घरका झ्याल-ढोकाका काठहरूमा कुँदिएका कलात्मक बुट्टाहरू तथा सिँजा दरा दापज्युला स्थित ढुंगेधारा र देवलमा कुँदिएका बुट्टाहरू बाहेक अरू धेरै जसो बुट्टा र मूर्तिहरू पुरा नै ढाँचाका देखिन्छन्। खासगरेर प्रायः जसो यता 'शुकनास' शैलीका देवल र धाराहरू पाइन्छन्। यहाँ कपडा बुन्ने, कपडा छिप्ने र कपडा रंगाउने कलामा पनि पुरानै ढाँचा अपनाइएको देखिन्छ। बाटाका ठाउँ ठाउँमा ठड्याइएका शिलास्तम्भका माथिल्ला भागका दायाँ-बायाँ खोपिएका घोडा, सूर्य र चक्रका चिन्हहरू र मण्टालाई चढाइएका विभिन्न मूर्तिहरू ज्यादै पुराना ढाँचाका देखिन्छन्। झ्वाट्ट हेर्दा यी काठका मूर्तिहरूले पोलिनेसियन र म्यालिनेसियन कलाशैलीलाई सम्झाउँछन्। अरू ढुंगा र काठका मूर्ति तथा बुट्टाहरू प्रायः निरायु (*Ageless*) किसिमका छन्।

ढराहरू (अन्न हाल्ने माटाका भाँडाहरू) मा अङ्कित मान्छेले घोडा-डोऱ्याउन लागेको, गोठालाले गाईभैंसी दुहेको, गोरूभैंसी हिंडेका आदि चित्रहरू हेर्दा पनि यी प्रारम्भिक कालका नै जस्ता देखिन्छन्। आजकाल पुगीसरी आउने सिँजालीहरूका कोठाका भित्ताहरूमा लेखिएका गणेश, भगवती, चरा, हात्ती, घोडा आदिका चित्रहरूमा भने केही आधुनिक छाप परेको देखिन्छ। यी चित्रहरू हेर्दा प्रष्ट र स्वाभाविक देखिन्छन्। अरू सबै भित्ति-चित्रहरू पुरानै ढाँचाका छन्। यता पाइने भित्ति-चित्रहरू खासगरेर घोडा, गाई, भैंसी, चरा, सूर्य, त्रिकोण

CC-0. In Public Domain. Digitization by eGangotri

बुट्टा, चोकोण बुट्टा, चक्र आदि हुन्। पूजाकोठाको भित्तामा त्रिशूल, डमरु र पहाडका चित्रहरू पनि लेखिएका हुन्छन्। चित्रहरू लेखी कोठा र भित्ताहरू सिंगारेमा घरमा लक्ष्मीको स्थिर बास हुन्छ भन्ने लोकश्रुति सुनिन्छ।

यहाँका जनतालाई घरेलु कपडाले पनि निकै भर दिएको देखिन्छ। आफ्ना गाउँघरमा तयार भएका ठेटुवा (कोरा जस्तै खस्रो कपडा) मा आफैंले बुट्टा छिपेर आइमाईहरूले फरिया लगाउने गर्दछन्। ठेटुवाको फरिया सीममाटो, राज्यला र मुजेट्टो भन्ने स्थानीय माटो र क्षारको रंगले छिपिन्छ। यो बाहेक राडी, पार्खा, काम्लो, ल्यू, (च्यांग्राको ऊनबाट बनेको), फेरुवा, (खसी-बाखाको मोटो रौंबाट बनेको) चौंरीपट, (चौंरीको रौंबाट बनेको) कपडा आदि पनि पुरानै ढंगबाट आफ्नै गाउँघरमा तयार गरिन्छन्। धेरै मान्छेहरू कतुवामा ऊन कात्तै हिंडका देखिन्छन्। यसबाट ऊनी-बख्खु, गलेबन्द र स्वीटर आदि बन्दछन्।

यता प्राय बाँस नपाइने भएकोले निगालाबाट डोका, सूपा, मान्द्रो, पेवा (लुगा हाल्ने एक प्रकारको बाकस), प्याँक (बिर्को पनि भएको लुगा हाल्ने बाकस), खान्या (ठूलाठूला गेडा नछिर्ने मसिनो बुनोट गरी बुनेको अन्न हाल्ने भाँडो), स्याखु, छान्नु (फापर, कोदो आदि टिपेर हाल्ने भाँडो), ढुकिलो (केटाकेटी बोक्ने भाँडो), भाड (पानी अथवा हिउँ पर्दा जौ, गहुँ. कोदो फापर आदि अन्न हालेर आगोमाथि सुकाउन हुने भाँडो). डोरी, हल्लुंडो (हलोमा बाँध्ने मोटो डोरी). न्या (माछामार्न खोलामा थापिने एक प्रकारको जाल) आदि बन्दछन्।

यतातिरका घरका झ्याल र ढोकाहरूमा मसिना राम्रा राम्रा बुट्टाहरू काटिएका पाइन्छन्। धेरैजसो घरका झ्यालहरूका दायाँबायाँ एक बित्ता जति काठ बाहिर निकालेर त्यसमा कुँदी भेडाको टाउको बनाउने कला यहाँ निकै प्रसिद्ध छ। यता सुत्ने खाटमनि लुगा र अन्न दुवै चीज हाल्न हुने गराइएको हुन्छ। यसलाई कोठी भनिन्छ। सुत्नकोलागि मात्र बनाइएको खाटलाई खुट्टे खाट भनिन्छ। यसका अतिरिक्त यहाँ काठका मदुस (लुगा हाल्ने ठूलो बाकस), भकारी, कोसी (दही र पकाएको तरकारी हाल्ने भाँडो), फुरु (जनै कात्ने कतुवा), बिछौटो (पंचपाला), ठेको (ठेकी), बिन्डा, चौंटो (घिउ-तेल हाल्ने भाँडो), संपाटी (काठको पत्र भएको लेख्ने पाटी, चौखी (पिर्का) तराइनो र ठेलुओ (चक्ला र बेल्ना) दुम्या (हिउँ परेको बेलामा घर भित्र धान कुट्ने काठको ओखल) र मष्टाका स्थानमा चढाइने विभिन्न काठका मूर्तिहरू बन्दछन्।

ढुंगाबाट ओग्लो (सिलौटो), सीलो (लोहरो), ओखल (धानकुट्न यता ढिकी

CC-0. In Public Domain. Digitization by eGangotri



मष्टाको देवथलीको प्रवेशद्वार

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मष्टा देवलाई चढाइने
ढुङ्गाको मूर्ति

लामाथाडाको सिउबाघ

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



बुट्टेदार चिलिम र सुल्फाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



शुकनासिका शैलीको ढुंगे देवल

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

र जाँतोको चलन नभएकोले ओखलमा धान र सिलौटोमा दाल दल्ने चलन छ), पाथर (घट्ट), जाँतो (चनौटो) र मूर्तिहरू बन्दछन्। ढुंगाका मूर्तिहरू भने प्रायः कम पाइन्छन्। वादी जातिले माटोका भाँडाहरू बनाउने गर्छ। यिनले बनाएका सुल्फा, चिलिम आदि माटाका भाँडाहरू निकै राम्रा र बुट्टेदार हुन्छन्।

कर्णाली अञ्चलका घरहरू आफ्नै छाँटका छन्। यता दुईपाखे छाना भएको घरको शैली पाइँदैन। घरको तल्लो छिडीतला गोठको रूपमा प्रयोग गरिन्छ। यसमा गाई, गोरु, भैंसी, घोडा र भेडाबाख्राहरू बाँधिन्छन्। गोठभन्दा माथिल्लो तलाको आँगनलाई ओटालो भनिन्छ। यो तलाको प्रयोग आँगन र चोकको काममा हुन्छ। ओटालोबाट कोठा, बैठक र भान्छाभित्र जाने ढोका हुन्छ। तेस्रो तलालाई पाँण भनिन्छ। यहाँ कृषि औजार र दैनिक काममा आइनपर्ने साधारण मालतालहरू राखिन्छन्। घरको सबभन्दा माथिल्लो छानाको भागलाई थाडा भनिन्छ। यसमा अन्न चुट्ने र गहुँ–जौका कुन्यौंहरू लगाउने गरिन्छ। यता दुईपाखे छाना भएको घरको शैली नपाइने हुँदा यहाँको वास्तुकलालाई थाडाशैली अर्थात् थेप्चोशैली भन्न सुहाउला। पाँण अगाडिको आँगनमा तल भान्छाबाट निस्केको धुवाँ जाने प्वाल बनाइएको हुन्छ। चार पाँच परिवार बस्ने लामो गरी गाँसेर बनाइएको घरको ताँतीलाई पाग्री भनिन्छ। यता पाग्री किसिमका घरको निकै चलन चलेको देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

लुगा, गहना र सिंगारपटार

सिंगारपटार पार्ने र लुगा-गहना लगाउने ढाँचा पनि अन्तहेरी कर्णाली अञ्चलमा वेग्लै छ। यहाँ जाडो बढ्ता हुने भएकोले यतातिरका जनताहरू यसै अनुकूल खस्रो र बाक्लो कपडाको ज्यादा प्रयोग गर्ने गर्दछन्। यहाँ ऊन पाइने भएकोले ऊनी कपडाको पनि निकै प्रयोग भएको देखिन्छ। धेरै जसो यस्ता कपडाहरू गाउँघरमा नै तयार पारिन्छन्। यिनै कपडाहरूबाट बन्ने विभिन्न लुगाका नामहरू यस प्रकार छन् :-

लहऱ्या डौटो (पछाडि टाउकोदेखि घुँडासम्म आउने आइमाईहरूले ओढ्ने ओढ्नी, यो ऊनी काम्लोबाट बन्छ), आरुफुल्या डौटो (आकारमा केही फरक हुने माथिको जस्तै ओढ्नी), फर्कपांतेडौडो (पल्टाएर ओढ्ने ओढ्नी), पछ्यौरा, चौभानेचोलो, गोजेचोलो (बगली भएको), पाउरो (पटुका), पद्दुनी (पटुका), गुन्यौ (विदेशी छीटबाट बनेको), फरिया (आफ्नै गाउँघरमा बुनेको र छिपेको), घाघ्रो (लामो घाँघर), ल्हाम (दोचा जस्तो खुट्टामा लाउने), दोचा, मोचा (आइमाई लोग्नेमान्छे दुवैले खुट्टामा लाउने), सुर्को (गुन्यौ लाउँदा कम्मरमा बाँध्ने डोरो), टोपी, फेट्टा, गलेबन्द, कोट, वेस्टकोट, बख्खु, बारकल्ले बख्खु (वाह्रफेर भएको दौरा), जिङ्लो (सुरुवाल); पाउलो (जुत्ता), काम्लोको गादो, दौरा, काँठा (घाँटीमा बाँध्ने रुमाल) आदि।

विभिन्न गहनाहरू:-

वाला, नथुनी, दोलड़ी (मुगाको माला), चरियो (पोते र मुगाको मालामा चाँदीले बाँधेको), मुन्ना (मुन्द्रा), कर्णफुली, छाप (छापे औंठी), बुलाकी, फूली, उपरपातो (पछाडि ठाउकोमा लाउने चाँदीको ठूलो फूल), कल्ली, पैरा (पाउजेब) ठिंगुराको माला, जाले (फराकिरो पारेर बुनेको जालीदार पोते), कंपनीको माला, चूरा, कांचको टीका, हीरालाल (एक प्रकारको ढुंगाको माला), मुगौतो (मुगा र पत्थरको मालामा एउटा सानो कौडा छेउमा झुण्ड्याएर श्रीबिन्दी जस्तै लाउने),

CC-0. In Public Domain. Digitization by eGangotri

एकगेडे (एक प्रकारको माला), गौरीशंकर (लोग्नेमान्छेले घाँटीमा लाउने सुनले बाँधेको रुद्राक्ष) आदि । यिनका अतिरिक्त सिँदूर, केशरी र दहीचामलको टीका निधारमा लगाइन्छ। कुनै कुनै सिँजाली आइमाईहरूले चिउँडो र निधारको वीचमा सिँगारको रूपमा कालो रङले खोपेको पनि देखिन्छ। कुनैकुनै लोग्ने मान्छेहरू दाँतमा मसिना मसिना प्वाल पारेर सुनका कीला ठोक्ने गर्छन् । यसलाई दन्त्यफूली भनिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

खानपिन र परिकार

कर्णाली अञ्चलको सिंजा उपत्यकामा धानको खेती राम्रो हुन्छ । तैपनि यहाँका जनतालाई वर्षभरी भातै–भात मात्र खान पुग्दैन । त्यसकारण यहाँका पाखाजग्गामा फापर, कोदो, जौ, मकै, कागुन चिनो र जिउलाखेतमा गहुँ र जौको पनि खेती हुन्छ । यिनै अन्नहरूबाट थरि थरीका परिकारहरू बन्दछन् । अन्न बाहेक माछा –मासुका परिकारहरू पनि बन्दछन् ।

साधारणतया दाल, भात, तरकारी, अचार, दही–दूध, मही, माछा–मासु बाहेक असुरा (मूलाको भुजुरी), चुक्र्या (गुँद्रुक), पाप्रोको कर्कलो (यहाँ कर्कलोलाई पाप्रो र सुकेको कर्कलोलाई कर्कलोमात्र भनिन्छ), अर्सा, फिनी, लाडु, टाटचा (घ्यूमा पकाएको रोटी), पूवा, सत्तु, ढींडो (चाँवल भिजाएर पिंधी त्यसमा मह हालेर डल्लो पारी बनाइएको खानेकुरो) आदि परिकार मुख्य छन् । तागाधारी (जनै लाउने) बाहेक मतवालीहरूले जाँड-रक्सी खान हुन्छ तापनि समाजमा हेयको दृष्टिले हेरिने हुँदा प्रायः यहाँ जाँड रक्सी खाने चलन कम छ । मुगु, चौधबीस दरा र बजार तिर अलि अलि मद्यपान गर्ने चलन चलेको देखिन्छ ।

★

CC-0. In Public Domain. Digitization by eGangotri

आमोद–प्रमोद

विभिन्न अर्वपर्व, चाड, मेला आदिमा रमाइलो मनाउन र अरू फुर्सतको समय बिताउन सिंजालीहरू किसिम किसिमका मनोरंजनपूर्ण आमोद–प्रमोदहरू गर्ने गर्छन् । यी आमोद–प्रमोदहरूमा कुनै किसिमको आधुनिक छाप परेको पाइँदैन । पुरानै ढंगका आमोद–प्रमोदमा रमाइलो मनाउँदै यिनीहरू आफ्नो फुर्सतको वेला बिताउँने गर्छन् ।

खास गरेर छैंटी, विहे, कृष्णाष्टमी र दशैं आदि उत्सवको वेलामा यिनीहरू नाटक जस्तै खेलहरू प्रदर्शन गर्ने गर्छन् । यिनमा गाई, पाठा, भेडा, बाघ, भालु, स्याल, भूत, घोडा, धामी आदिका भेषमा कलाकारहरू दर्शकहरूका अगाडि निस्कने गर्दछन् । यस्ता खेलहरू देखाउन दश–पन्ध्र दिन अघिदेखिनै कलाकारहरूले अभ्यास गर्न थाल्दछन् । आफ्ना गाउँघरमा प्रचलित चालचलन अनुसार र प्रचलित लोक कथाहरूका आधारमा यिनीहरू खेल तयार पार्दछन् । दर्शकहरूलाई मनोरंजन गर्नको निमित्त यस्ता खेलहरूमा गोठाले जीवन, खेतीपातीको काम, कर्मचारीहरूको चालचलन, घोडा–वेपार आदि स्थानीय कुराहरूका चित्रणगर्नुको साथ साथै प्रहसन आदि पनि देखाइन्छन् । खेल प्रदर्शन गरिसकेपछि कलाकारहरूलाई घर–धनीले र दर्शकहरूले खान–पिनको वन्दोवस्त गर्ने र रूपैयाँ पैसा पुरस्कार दिर्ने गर्छन् । फुर्सतको समय बिताउनको लागि यहाँका गाउँलेहरू घोडा दौडाउने, च्याखुरा लडाउने, छाले भकुण्डो खेल्ने, धनुवाण खेल्ने, फिङ्गो (पिङ्) खेल्ने, हल्ली (डंडी बियो) खेल्ने, नाडी (काठको भकुण्डो) खेल्ने, भूईनाडी खेल्ने पनि गर्दछन् । घरभित्र खेलिने खेलहरूमा चौंपिडा, (गोटी गुडाएर पासा खेले जस्तै खेल्ने खेल), तास आदि हुन् । केटाकेटीहरूले खेल्ने खेलमा फिकी (निगालाको ब·दूक वनाएर ढँटेलाको वियाँ हाली हान्ने खेल), ददे (काठको पुतली) आदि छन् । मनोरंजनको निमित्त आइमाईहरूले मात्र खेल्ने खास खेल कुनै पाइँदैन ।

★

CC-0. In Public Domain. Digitization by eGangotri

चाड र मेला

चैते दशैं:– यस दिन कनकासुन्दरीको स्थानमा मेला लाग्छ । सरकारिया पूजा र वली हुन्छ । अरू जनताले पनि पूजा गर्ने र वलि चढाउने गर्छन् । घरमा इष्टमित्र र चेलीवेटीहरूलाई निम्त्याएर ख्वाउने प्याउने गरिन्छ। यो एक दिन मात्र मनाइने चाड हो ।

बैशाख सक्रान्ति:– यस दिन आइमाईहरूले तागा (डोरो) लगाउने गर्छन् । घरमा पूवा, लाडु, र ट्राट्चा पकाइन्छन् । लोग्नेमान्छेहरूले माछा मार्छन् । गाई, भैंसी, घोडा इत्यादि चोपाया वस्तुहरूलाई नुहाइदिने गरिन्छ । केटाकेटीहरूले वन–पाटनमा वनभांत पकाएर खान्छन् । यस दिन पशुवस्तुहरूलाई नुहाइदिएमा तिनका रोगव्याध र विप जान्छ भन्ने विश्वास गरिन्छ ।

बैशाख पूर्णिमा:– यस दिन मष्टाको पूजा गर्ने र धामी पतुर्ने गरिन्छ । नाचगान गरेर रमाइलो मनाईन्छ । यस चाडमा इष्टमित्र र चेली–बेटीहरूलाई बोलाउने चलन प्राय: छैन । घरका मुख्य मुख्य मान्छिहरू मष्टाको स्थानमा गयी पूजा–आजा गरी घर फर्कन्छन् । घरमा कोही विरामी भएर थलिएको छ भने धामी देखाइन्छ ।

साउने सक्रान्ति:– यताको जनश्रुति अनुसार, यस दिन रामले रावणलाई मारेका हुन्, भन्ने छ । यसैले साउने सक्रान्तिका दिन यहाँ राँको बालिन्छ । यसलाई "राँका हाल्ने" भनिन्छ । यस दिन सबभन्दा पहिले कनका सुन्दरीको स्थानमा पुजारीले साठी–सत्तरी मुठा फरो (दियालो) बाल्दछ, त्यसपछि सबै घरका गाउँलेहरूले आ–आफ्ना घरका थाडा र ओटालाहरूमा राँका वाल्न थाल्दछन् । अनि गाउँलेहरूले तिनै वलेका राँकाहरूमा फेरि अरू दियालाका मुठ्ठाहरू थपेर गाउँका दोबाटाहरूमा लगी फाल्दछन् । यसलाई "राछ्या राँको" भनिन्छ । दोबाटा-हरूमा राछ्याराँको फालिसकेपछि राक्षस कराएको आवाज सुनिएला भनेर शंख

CC-0. In Public Domain. Digitization by eGangotri

बजाउने र बन्दूक पड्काउने गरिन्छ । यहाँ केही गरी गाउघरमा राक्षस कराएको कसैले सुन्यो भने त्यसलाई नराम्रो हुन्छ भन्ने मानिन्छ । राती राम्रोसँग क्याल ढोकाहरू थुनेर बाहिरको आवाज नसुनिने गरी गाउँलेहरू सुत्छन् । यो दिन राँको बाल्नाले वर्ष भरि राक्षस र भूतप्रेतले दिएका दु:ख र आपदहरू टर्दछन् भन्ने यहाँका जनताले विश्वास राख्छन् । यस चाडमा छोरी, जुवाइँ र इष्टमित्रहरूलाई बोलाउने गरिन्छ र खीर र दही खाने चलन छ। यसबारे उल्लिखित एउटा आहान यस प्रकार छः–

साउन लाग्या दही भात, दशैंमा मासु
माया हुने माईत जान्छन्, टोक्या–मुल्याऽ* आँसु ॥

साउन पूर्णिमाः– यो चाड सिंजादराको प्रसिध्द चाड हो । यसमा विभिन्न देउता र पितृहरूको पूजा गरिन्छ । यो चाड साउन चतुर्दशीदेखि पंचमीसम्म सात दिन लगातार मनाइन्छ । खासगरी यस चाडलाई पैठ भनिन्छ । यसबेला सिंजादरामा मेलाहरू पनि लाग्दछन् ।

सबभन्दा पहिले चतुर्दशीको दिन ह्याँकर (प्रेतात्मा) र मालिका देवीको पूजा हुन्छ । सिंजादरा लुड्खु पञ्चायत अन्तर्गत दफ्फे बडुवाल गाउँमा ह्याँकरको मेला लाग्दछ । पूर्णिमाको दिनमा बुड्डू मष्टा, ढँडार मष्टा र लाँकुरा मष्टाको पूजा हुन्छ । यस दिन सिंजादराको खिच्चिने चौरमा ठूलो मेला लाग्छ । परेवाको दिनमा जाच गाउँको क्यादेउको पूजा हुन्छ । यस दिन जाचमा मेला लाग्छ । द्वितीयाको दिनमा दियारपाटा गाउँमा थार्प मष्टाको पूजा हुन्छ र मेला लाग्छ । तृतीयाको दिनमा दियारपाटास्थित लाटीदेउती (प्रेतात्मा) को पूजा हुन्छ र मेला लाग्छ । चौथीको दिन सुमाल गाउँमा कामीहरूले मात्र बाँअ मष्टाको पूजा गर्छन् । यसै दिन सुमाल गाउँमा मेला लाग्छ । पंचमीको दिनमा धापा गाउँमा लाँकुरा मष्टाको पूजा हुन्छ र मेला पनि लाग्छ ।

सिंजादराका ठाउँ–ठाउँमा लाग्ने यो सात दिने मेलामा धामी पतुर्ने र विभिन्न थरीका नाचगानहरू हुने, हाटबजारहरू लाग्ने र धामी पतुर्ने काम हुन्छन् । यस मेलामा अन्दाजी पन्ध्र–बीस हज्जार जनता भेला हुन्छन् । यो बेला ठिटा र ठिटी-हरूका बीच निकै दोहरी गीत चल्दछ । यस मेलाको प्रसँगलाई लिएर रचिएको एक दोहरी लोक गीतको नमूना यस प्रकारको छ :–

*कोही नहुने, टुहुरा टुहुरी ।

CC-0. In Public Domain. Digitization by eGangotri.

केटा:– पैठ राम्रा धामी डांग्री, जन्तका झपन[A]
काइँ मेरी राइस्रुओ[B] भया कोल्याउँदी आपन ।।
केटी:– सातै न सागर पारी गाइले बाछो तारी
ढुक, ढुक[C]हंसबाज[D] आउँछु छपक मारी ।।

यसको अर्थ यसरी लाग्छः–

केटा:– धामी र डांग्री (मष्टाका भँडारे) ले पैठ राम्रो हुन्छ, झपनले विहे राम्रो देखिन्छ, मेरी चिनाजन भएकी हे प्रेमी ! तिमी म कहाँ आए झन कति राम्रो हुन्छ ।

केटी:– गाईले आफ्नो बाछोलाई जसरी सात समुद्र तार्छ, त्यस्तै गरी हे मेरा प्यारा ! म यतिका मान्छेहरूको हूलमा पनि बाज आए झैं स्वाट्ट तिमीकहाँ आउँछु, पख ।

यसै दिन पुरिएर मरेका, भीरबाट लडेर मरेका, खोलाले बगाएर मरेका आदि प्रेतात्माहरूको पनि पूजा हुन्छ ।

अनन्त पूर्निमाः– भाद्र शुक्ल पूर्णिमाको दिनमा जनैमा अनन्त (धागोको डोरो अथवा सुनको सूत) बाँध्ने चलन छ । यो दिन पनि मष्टाको पूजा गरिन्छ ।

ठूलो दशैं:– नेपाल अधिराज्यभरि मनाइने यो दशैं कर्णाली अञ्चलमा पनि विशेष उत्साह र उमङ्गका साथ मनाइन्छ । द्वितीयाको दिनमा नयाँ चामलको न्वागी खाइन्छ । विशेषगरेर सिँजालीहरूले दशैंका दिन कनका सुन्दरीको स्थानमा पूजा र वलि चढाउँछन् । कनका सुन्दरीको स्थानबाट नजीक पर्ने, जस्तो हाटसिँजाका, लुड-खुका, सिपाटीका गाउँलेहरूले विजया दशमीको दिनमा सबभन्दा पहिले कनका सुन्दरीको स्थानमा गई सरकारीया टीका नथापी आफ्नो घरको टीका लगाउँदैनन् ।

कात्तिक पूर्णिमाः– यस चाडमा मष्टाको र भवानीको पूजा हुन्छ । कसैले कसैको नयाँ खेत किनेर लिएको छ भने प्रत्येक एक मुरी माटोमा एक पाथी धान बूडू मष्टाको निम्ति छुट्ट्याइन्छ । यसलाई 'सीक' भनिन्छ ।

जमदूतीः– कात्तिक शुक्लपक्षको द्वितीयाको दिनमा यो चाड मनाइन्छ । यस चाडमा छोरी जुवाईंहरू बोलाइन्छन् । छोरीहरूले माइतीका दाजुभाइहरूलाई विभिन्न सौगात र मीठा मीठा खानेकुराहरू लगी ख्वाउने गर्छन् । माइतीले छोरीलाई

[A] झपन । [B] प्रेमिकालाई संबोधन गर्ने शब्द । [C] पर्ख पर्ख ।
[D] मनको प्यारो ।

CC-0. In Public Domain. Digitization by eGangotri

लुगा र दक्षिणा दिन्छन् । सम्पन्न भएका माइतीहरूले गोरु, राडी, पाखी र भाँडा-कुँडा आदि पनि दिने गर्छन् ।

चेल्या तिहारः– यो चाड पौषकृष्ण औंसीको दिनदेखि मनाइन्छ । यो कर्णाली अञ्चलको प्रसिद्ध चाड हो । औंसीको दिनमा भटमासको दाल खाने चलन भएकोले यस दिनलाई सिँजादरातिर भट्टया औंसी पनि भनिन्छ । यसै दिन गोरु र कागलाई खुवाउने गरिन्छ । खास गरेर द्वितीया र तृतीयाको दिनमा चेल्या तिहार मनाइन्छ । माइतमा आमा बाबुले छोरीहरूलाई निम्ता गर्दछन् र छोराछोरी दुवैलाई टीका लगाइदिन्छन् । आमा, बाबु, दाजुभाइ र काकाहरूले छोरीहरूका गोडा धुन्छन् र मीठा मीठा खानेकुराहरू ख्याउँछन् । यो औंसीलाई जुम्ला खलंगातिर ठूली भैली र खत्याड दरातिर भूवो औंसी पनि भन्ने चलन छ ।

माघे सक्रान्तिः– यस चाडमा छोरी, जुवाइँ र इष्टमित्रहरू निम्त्याइन्छन् । घरमा मीठा मीठा खानेकुराहरू पकाएर खाने गरिन्छ ।

श्रीपञ्चमीः– यस चाडमा इष्टमित्र र पाहुनाहरू निम्त्याउने चलन छैन । यस दिन केटाकेटाहरूका नाक–कान छेड्ने र गोरुका काँधमा तेल लगाइदिने गरिन्छ । हलीको टाउकामा पनि तेल हालिदिने चलन छ । दमाईहरूले घरघरमा ऋतु जनाउँदै बाजा बजाउँछन् । अर्को साल नयाँ बाली लगाउनको निम्ति हलचक्र अर्थात हलीको नाम र राशिसँग खेत जुराउने गरिन्छ । यसलाई 'हलसारो' भनिन्छ । श्रीपञ्चमीको दिनमा यता खिचडी खाने चलन छ ।

उपर्युक्त मेलाहरूका अतिरिक्त कृष्णाष्टमी, रामनवमी र शिवरात्रीका दिन जुम्ला खलंगा बजारमा लाग्ने चन्दननाथको मेला, साउन शुक्ल एकादशीदेखि पूर्णिमासम्म लाग्ने तिब्रीकोटस्थित ऋणिमोक्षको मेला, साउन पूर्णिमाको दिनमा लाग्ने मुगुस्थित छायानाथ ठाकुरजीको मेला र तीजका दिन लाग्ने दानसाङ र सिँजा बाणगंगाको मेला, कर्णाली अञ्चलका प्रसिद्ध मेलाहरूमा गनिन्छन् ।

❋

CC-0. In Public Domain. Digitization by eGangotri

केही स्थानीय भूतप्रेतहरू

हाटसिँजाका मान्छेहरू स्थानीय भूतप्रेतहरूमाथि निकै विश्वास राख्तछन् । आफ्ना गाउँघर वरिपरिका भूतप्रेतहरू लागेमा विभिन्न किसिमले पूजाआजा र वलि गरी यिनीहरू तिनलाई पन्छाउने गर्दछन् । यता नाम चलेका केही भूतप्रेतका नाउँहरू र तिनका स्वभावबारे छोटकरीमा वयान गरिन्छन् ।

१) मसाने भूत:– यो राती मसानै उज्यालो पारेर वस्छ । यो ज्यादै डर लाग्दो हुन्छ ।

२) खोले:– यो भूत खोलाखोलाको छेउमा वस्छ । साँझमा खोलातिर हिंड्ने मान्छेलाई यसले समाउँछ र विरामी पार्छ ।

३) हाँखाब्रे:– यता मुख शब्दलाई खाब्रो भनिन्छ, यस अनुसार हाँखाब्रेको अर्थ हुन्छ – ठूलो गरी मुख बाउने । यो भूत ज्यादै रिसालु र चंडाल स्वभावको हुन्छ । मान्छेलाई लागेपछि यसले हतपती छोड्दैन ।

४) तीखाजुरे:– यो भूत पनि निकै डरलाग्दो हुन्छ । यो पहरा र भीरमा वस्ने गर्छ ।

५) कागचारे:– कागले मात्र खाने एक प्रकारको कागचारे भन्ने फल हुन्छ, त्यसैको नाउँवाट यो भूतको नाउँ पनि कागचारे हुन गएको हो। 'करीव १५० वर्ष अघि (चार पुस्ता अघि) लुड्खु निवासी रामशरण उपाध्यायले ढँडार मंप्टो पतुरेर कागचारे भूत वस्ने गरेको ढुंगामा अक्षता छरिदिदा त्यो ढुंगा चार टुक्रा भएर फुट्यो र कागचारे भूईंमा दव्यो रे'। त्यसरी ढँडार मप्टोले यस भूतलाई भूईंमा दवाइदिएकोले यसको शक्ति घट्न गई आजकाल यसले उमेर पुगेका मान्छेहरूलाई पिर्न नसक्ने भएको छ । यसले साना साना केटा–केटी, बाछा–बाछी, घोडाका बछेडा–वछेडी र पाठा–पाठीहरूलाई मात्र मार्ने गर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

६) दाडिमकोः– यो प्रेत ठूलो टोपी र लामो वख्खु लगाई माग्ने जोगी जस्तै हिड्ने गर्छ । यसको स्वभाव मान्छेको हातखुट्टा दुखाउने र पेटमा बिगार पार्ने हुन्छ । यसले देवदारु रूखको रूप पनि लिन सक्छ ।

७) कनौटोः– यसले पनि देवदारु रूखको र कुकुरको रूप लिन सक्छ । यसको बाटो छेक्ने स्वभाव हुन्छ । गुड्डुडु लोट्दै बाटो छेक्न आउँछ । यसले घर पनि हल्लाउँछ ।

८) जिवर्खीः– यो चुच्चे टोपी र वख्खु लगाएको, हातमा छडी लिएको, पुड्को, हेर्दाखेरि जाड जस्तो देखिने हुन्छ । यो सिँजादरा धापा पञ्चायतमा छ भन्ने सुनिन्छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

सपनामा विश्वास

यहाँका जनता सपनाप्रति निकै विश्वास राख्तछन् । आफूले देखेका विभिन्न सपनाहरूका विभिन्न अर्थहरू अर्थ्याएर यिनीहरू वर्तमान र भविष्यको लख काट्ने गर्दछन् । यता फाप र अफाप मानिने केही सपनाहरू यस प्रकारका छन्:—

फाप मानिने केही सपनाहरू

१) सपनामा शरीरमा कतै दिसा लागेको देखियो भने कतैबाट पैसा आउने विश्वास गरिन्छ ।

२) कुनै मान्छेले सपनामा कुनै कुरा खाएर मरेको देखियो भने त्यो मर्ने मान्छेको आयु लम्बिन्छ ।

३) सानो पहेंलो सर्पले डसेको देखिएमा पुत्रलाभ, धनलाभ अथवा राजाबाट मान पदवी आदि पाइने अड्कल लगाइन्छ । तर ठूलो अजिङ्गरले टोकेको देखियो भने मुद्दा र झैं–झगडा आदि पर्न सक्छ ।

४) सपनामा आफूलाई कसैले ओखर, आलु, अथवा फलफूल दिएको देखियो भने पशुवस्तुको लाभ हुन्छ ।

५) कसैले दूध–दही दिएको देखिएमा सबै कुराको लाभ हुन्छ । तर मही दिएको देखियो भने चाहिं ज्यादै थोरै मात्र लाभ हुन्छ ।

६) पहेंलो, सेतो र हरियो फूल देखिएमा र सेतो लुगा लगाएकी कन्याकेटी देखिएमा दिनदशा सुध्रन्छ । तर रातो फूल देखिएमा चाहिं खराब हुन्छ ।

७) पानी परेको र खोलानाला तरेको देखियो भने पानी पर्छ । खेतीपातीको निम्ति यो असलनै ठहरिन्छ ।

८) सेतो घोडा चढेको देखिएमा मान, गौरव आदि बढ्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अफाप मानिने केही सपनाहरू

१) कालो घोडा चढी पश्चिम दिशातिर गएको सपना ज्यादै नराम्रो मानिन्छ । यसबाट सपना देख्नेको मरण पनि हुनसक्छ भन्ने विश्वास गरिन्छ ।

२) ब्याउला–ब्याउली देखिएमा ब्याउला–ब्याउली दुवैको मरण हुन सक्छ ।

३) आफू ठाँटिर हिंडेको देखियो भने बिरामी हुने संभावना हुन्छ ।

४) नाङ्गै भएर नुहाएको सपना देखिएमा जूठो पर्ने अड्कल लगाइन्छ ।

५) रातो फूलको माला लाएमा र देखिएमा पनि अफाप हुने हुन्छ ।

६) माथिल्लो जातको मान्छेले गधा चढेको सपना देख्यो भने त्यो मान्छेको धनजन नास हुन्छ ।

७) रातो अथवा कालो कुकुरले टोकेको देखिएमा बिरामी परिन्छ ।

मष्टाबारेका केही सपनाहरू

१) सपनामा सेतो लुगा लगाएको अपरिचित मान्छे देखिएमा ढँडार मष्टाको रूप मानिन्छ । यो सपना असलमा गनिन्छ । यस्तो सपनाले आइपरेको समस्या पन्छाउँछ ।

२) वाघ र जोगी देखिएमा पनि ढँडार मष्टाकै रूप मानिन्छ ।

३) रातो पटुका, पुरुत (मसिनो खालको बख्खु) र चुच्चेटोपी लाएको मान्छे देखिएमा थार्प मष्टाको रूप मानिन्छ । यो फल पनि असल हुन्छ ।

४) राल–सिँगान चुहाउने कुरूप, लाटो, महारोगी मान्छे देखिएमा बूडु मष्टाको रूप मानिन्छ । यसको लक्षण पनि राम्रो हुन्छ ।

५) चुफेजाड (चुल्ठो वाटेको भोटे) देखिएमा महावै देउता मानिन्छ, यो सपना पनि असलमा नै गनिन्छ ।

उपर्युक्त मष्टाहरूका सपना प्रति वास्ता नराखेमा हानी नोक्सानी हुन्छ भन्ने जन विश्वास छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सगुन र अपसगुन

घर छोडेर परदेश हिँड्न लाग्दा र कुनै काम विशेषले बाहिर निस्कन लाग्दा घर नजीक वरिपरि बाटोमा देखिने विभिन्न कुराहरूलाई सगुन र अपसगुन अर्थात साइत र कुसाइतको रूपमा मान्ने गरिन्छ। यस अनुसार– धानको विउ बोकेको मान्छे, पानीको भरिगाग्रो, भरिदहीको ठेकी, घट्टबाट पिनेर ल्याएको अन्नको धूलो (पीठो) को भारी, मूर्दा, ढोली (दमाइँ), आलो माछा आदि देखिएमा साइत परेको मानिन्छ। कुकुर र वाहुन साथ लागेर हिँडेमा पनि असल संम्झिइन्छ। बिरालोले बाटो काटेमा, ठेस लागेमा, राँडी आइमाई अघि लागेमा, चढेको घोडाले पछाडि पाइलो सारेमा, बाटोमा कसैसंग झैझगडा परेमा, कामी अघि लागेमा, रित्तो डोको अथवा रित्तो गाग्रो देखिएमा कुसाइत परेको मानिन्छ।

घरबाट निस्कने वेलामा साइत गर्दा परदेश जान लागेको मान्छेलाई जहानहरूले र गाउँलेइष्टमित्रहरूले दहीचामलको टीका लगाइदिन्छन्। परदेश जान लागेको मान्छेले आफू भन्दा कान्छा मानिसहरूलाई त्यही दहीचामलको टीका लगाइदिन्छ र ढोकामा गोबर, दहीचामल, दूवो र फूल टाँस्छ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

बाल लोक साहित्य

बाल लोक साहित्यले पनि नेपाली भाषा, साहित्य र संस्कृतिको फेरोमा केही सघाउ पुऱ्याउन सक्ला भन्ने अभिप्रायले सिँजामा प्रचलित केही बाल लोककथा, बाल लोकगीत र बाल लोककविता आदि यहाँ संलग्न गर्ने उद्देश्य राखिएको छ। यस्ता साहित्यिक वस्तुहरूले लोक संस्कृतिको अनुसन्धान र अन्वेषण गर्ने काममा मद्दत गर्न र बाल मनोविज्ञानको अध्ययन गर्ने कार्यमा सहयोग दिन पनि निकै महत्व राख्तछन्।

बाल लोकगीत र कविता

आकाशबाट पृथ्वीसम्म छुने गरी लर्केको इन्द्रेनी देख्ता साना साना सिँजाली केटीहरू आ–आफ्ना चुल्ठो फुकाउँदै यसरी इन्द्रेनीको गीत भन्छन् :–

अङ्गीनी गाड[A] मेरो चुल्ठो बाटिदेऊ
चुल्लेली गाड[B] मेरो चुल्ठो बाटिदेऊ

हिउँ परेको वेलामा घरका बूढा बूढीहरूलाई जिस्काएर व्यंग्य गर्दै केटाकेटी-हरूले यसरी यो गीत गाउने गरेको सुनिन्छ :–

हिउँ आयो पूस बूढाबूढी रुस[C]
हिउँ आयो पूसै जे थियो उसै ॥
हिउँ आयो माघ बूढाबूढी भाग
हिउँ आयो चैत बूढाबूढी कैत ॥
हिउँ आयो लिस्ना बूढाबूढी थिच्ना
हिउँ आयो छान्ना[D] बूढाबूढी तान्न ॥

[A] इन्द्रेनी। [B] इन्द्रेनी (यहाँ इन्द्रेनी खोलादेखि चुलिएर आकाशसम्म पुगेको भन्ने अर्थ लाग्छ।) [C] लुक्नु। [D] बाहिर त्यसै लडाएर राखिएको डोको आकारको सानो भाँडो।

CC-0. In Public Domain. Digitization by eGangotri

विहान घाम ताप्न वसेका केटाकेटीहरूले यस प्रकार घामको गीत गाउँछन्:–

घाम दिदी आउनिन् दीयो बालौंला
बादल टोके[E] आउला लात्तले लोटाउँला ॥

कानो मान्छेलाई जिस्काउँदा केटाकेटीहरू यसरी गीत भन्छन्:–

साउन आयो साउनपूनी[F] आयो राँका[G] हाल्दैनौ क्या ?
काना आँखा किन गऱ्यौ, हिल्पी[H] हाल्दैनौ क्या ?

साना साना दूधे भाइबहिनीहरूलाई काखमा राखेर थुम्थुम्याउँदै केटाकेटीहरूले यो गीत गाउँछन्:–

हैंयत[I] हैंय लाम्छ्रे पैय[J] !
कागन दाजु, चील जेठाजु
सुन टाल्ने सानीसैं
भिँगडी[L] बज्यू, काग जेठाज्यू
एक गेडा ल्है जा[M] डाँडापारि बाइजा
दुई गेडा ल्हैजा खोलापारि बाइजा
फेरि नुआए ॥

यस्तै अर्को बाल लोकगीत छ:–

होइयरे, भाउन ! होइय ॥
भाउ मेरो ढुलेपछि[Q] चडी मारी दिउँला
भाउ मेरो ढुल्दो फापरे[R] फुल्दो ॥
भाउ मेरो नढुलेपछि मुसी मारी दिउँला
भाउ मेरो ढुल्दैन फापरे फुल्दैन ॥

गट्टा खेल्ने खेललाई यता 'छुप्पा खेल्ने' भनिन्छ । यो खेल खेल्दा यसरी गीत गाइन्छ:–

एक कन्याउँ, एकै टिपूँ,
दुई दुन्याउँ, दुबै टिपूँ,
तीन तीन्याउँ, तीनै टिपूँ,
चार चन्याउँ, चारै टिपूँ,

[E] सराप्ने संज्ञा, जस्तै मोरा, काट्टे आदि । [F] पूर्णिमा । [G] साउन पूर्णिमाको दिन राँको वालेर फाल्ने चलन अनुसार । [H] सिल्पी अथवा चाँदीको टुक्रा । [I] थेगो । [J] खुट्टा । [L] भँगेरा । [M] लैजा । [N] गैजा । [O] नआए । [P] सानासाना केटाकेटीहरूकन । [Q] निदायो भने । [R] फापर ।

CC-0. In Public Domain. Digitization by eGangotri

अक्का गाईका पानी धारा
मेरी गाईका दुद्या धारा ।।

वनमा गोठाला जाँदा साना केटाकेटीहरूले यस प्रकार गीत गाएको सुनिन्छ :-

रातो घोडा पानी पिँदो,
दियारपाटा थानीको
जडो काँ हो, टुप्पो काँ हो,
मूल फुट्याइ पानीको ।।

उपर्युक्त कवितामा, 'धाराको पानी कहाँदेखि बग्न शुरु भयो होला ? र यो कहाँ पुगेर टुंगिएला ?' भन्ने रहस्यात्मक कुराको उल्लेख गरिएको छ ।

लडाइँ बारेको ऐतिहासिक कुरालाई संकेत गर्ने एउटा बाल लोक कविता यस प्रकारको छ :-

तल्लीबाटो तल्छौडेको माझ बाटो हुम्लीको
ताउलाखार लडाइँ भैगो नास पड्यो जुम्लीको ।।

उक्त कविता वरिपरि घुमेर खेल्ने खेल खेल्दा केटाकेटीहरूले भन्ने गर्दछन् ।

लुकामारी खेल्दा डूम बनाउने बेलामा बाल-बालिकाहरूले यो गीत भन्दछन् :-

यिन्-मिन् छेपाडीय छिन्
छेपाडीका झोल खान्या आया तेरा दिन ।

बाघ पाइला थूः थूः

सबै केटाकेटीहरू जम्मा भएर लहर लाग्दछन् र तिनमध्ये एउटालाई बाघ बनाई भूईंमा बसाल्छन् । त्यसपछि सबैले त्यसलाई वरिपरिबाट घुम्दै, "बाघ पाइला थूः थूः" भन्दछन् र एकछिन पछि सबै केटाकेटीहरूले त्यसलाई सोध्न थाल्छन्:-

सबै – के गद्दो छस् बाघ ?
बाघ– जडीमडी (जडीबूटी)
सबै – के जडीमडी ?
बाघ– बन पुडाव (वनमा हुने)
सबै – ल्याँदै (हामीलाई पनि ले न, भन्ने अर्थमा)
बाघ– ला, (उसले सबैलाई भूईंको माटो दिन्छ)
सबै – तीतो छ, म्हलो (गुलियो) ल्या ।
बाघले अर्को दिन्छ, सबैले, "म्हलो छ", भन्छन् ।
त्यसपछि बाघ हुने मान्छे उठ्छ र सबैलाई लखेट्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

औंलाले घाँटी कोटचाउँदै केटाकेटीहरूले गाउने एउटा गीत यस प्रकारको छ:-

हिरी लै लै, ताउली लै लै ।
दिदी मेरी नजाउ भन्दै,
दाजु मेरा नजाऊ भन्दै,
भाउजु मेरी नजाऊ भन्दै ॥

उपर्युक्त गीत गण्डकी अञ्चलतिर पनि चलेको देखिन्छ ।

डूम बनाउन भनिने "ओगडो पोगडो" भन्ने अर्को गीत यस प्रकारको छ:-

ओगडो पोगडो, चाहाडिया चोगडो
अम्फै डम्फै नागर कागर उछिट्टचो ढोल
आम चाम वलपति राम,
हाडचा खोडचा लिस्या चुर्या कुन्र्या डूम ॥

वरिपरि वसेर केटाकेटीहरूले गाउने अर्को गीत प्रस्तुत छ:-

कटकट कैला, दूद दिने थैला,
राती घोडीका सेता चौंर,
परपुडा आया जग्त्या कौंर,
जग्त्या कौंरका वडा चित्त
राइका डाँडा बस्यो सिद्ध
सिद्धले पँडेलु[S] लायो, बनुवाले[T] कोरी खायो.
जग जग हेर मेरा भाइ,
टोपी लाउन्या सिद्धन साइ,
सिद्धन साइका जन्त जाई,
खलागड वाटो लाई
रातो वाद्या[U] काटी खाई,
छोट्टीछोट्टी[V] देउपाणा,
छोट्टयाछोट्टचा[W] कालडाँडा
आऊ छोट्टी मिली जाऊँ
छोट्टीका टाउकाँ टिल्ली[X] जाउँ ॥

उर्कुची-वुर्कुची (उड्कुसी मुड्कुसी) खेल्दा यसरी गीत गाइन्छ:-

उर्कुची वुर्कुची दानकी बुर्कुची

[S] पिँडालु । [T] भालु । [U] खसी । [V] ठिटी । [W] ठिटा । [X] पिट्पाट् पार्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

तेरो दाइ मेरो दाइ हाट गयो, कला[Y] ल्यायो
बाँडि खाउँला लुक्का चोर ।।

"वाघ छेतडो" भन्ने खेलमा एक जना केटाले कथा सुनाए जस्तै गरी सबै केटा-केटीहरूलाई यो गीत यसरी गाएर सुनाउँछ:–

बाघखेत बाघ मऱ्यो, वघिनीको सिङ् पायाँ
सिङ् मैले कुली फाल्याँ, कुलीले पानी दिई
पानी मैले खेत हाँल्या, खेतले धान दियो
धान मैले ओखली हाँल्या, ओखलीले चामल दिई
चामल मैले ताउली हाल्याँ, ताउलीले भातु दिइ
भातु मैले लुहार [A] दियाँ, लुहारले आँसी दियो
आँसी मैले मेला[C] फाल्याँ, मेलाले घाँस दियो
घाँस मैले कैलु[D] दियाँ, कैलुले दूद दिई
दूद मैले लिङ्ग[E] ढोल्याँ, लिङ्गले आलन[F] दियो
आलन मैले राजान दियाँ, राजाले घोडा दियो
घोडा मैले चढी आयाँ, दुल्लु डाँडा लोटाइ आयाँ
काँचा ढेस्सु[G] लोटाइ आयाँ, पाका ढेस्सु खाई आयाँ
दुल्लुका टवाट्कीकन टाल्लटिल्ल[H] लगाइ आयाँ ।।

[Y] केराउ । [Z] कुलो । [A] लोहार, कामी । [B] हँसिया । [C] घाँसकाट्ने कामधन्धा ।
[D] कैलो, गाईको अर्थमा । [E] देउता । [F] ध्वजा । [G] ठूलाठूला रोटी ।
[H] पाट्पिद् पार्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

कालीखोले र डाँफे

एक दिन कालीखोले (खोलाको छेउछेउमा वस्ने एक प्रकारको चरा, यो खूव मीठो स्वरमा कराउँछ) र डाँफे चराका बीच बाजी परेछ। उनीहरूले "भोलि विहान सवेरै हामी दुईमा जो चाँडो उठ्न सक्ला, उसैले रंगीचंगी गहना जस्तै – हीरा, तुथो, मुगा, मोती आदि आफ्नो जिउभरि लाउन पाउला" भनेछन्।

भोलिपल्ट विहान सवेरै डाँफे उठेर कालीखोलेकहाँ पुग्दा कालीखोले त सुतिनै रहेको रहेछ। अघिल्लो दिन थापेको बाजी अनुसार कालीखोलेले त्यो बाजी हारेछ, डाँफेले जिते छ। यस प्रकार डाँफे नौ रंगी वन्यो। कालीखोलेले बाजी हारेको हुँदा ऊ सधैं यसरी कराएर गीत गाउने गर्छः–

हीरा, तुथो, मुगा, मोत्यु
चुँडी ली द्यो, चुँडी ली द्यो !

CC-0. In Public Domain. Digitization by eGangotri

खुस्या र काग

एकदिन खुख्या (खुस् खुस् गरी कराउने एक प्रकारको चरा) ले कागलाई, "मान्छेको मासु खूब मीठो हुन्छ", भनेछ । कालले, "हैन, तेरै मासु सबभन्दा मीठो हुन्छ, मान्छेको हैन", भनेर जवाफ दिएछ । दुवैमा खूब हानथाप परेछ । अन्त्यमा 'रातभरि जसले आ–आपनो चुच्चो पानी भित्र गाडेर बस्न सक्ला, उसैले भनेको कुरा ठीक ठहर्ने छ,' भन्ने टुंगो लागेछ ।

काग खूब बाठो थियो । उसले आफ्नो चुच्चोले भाटो (काठको टुक्रा) च्यापेछ र सांच्चिकै चुच्चो पानीमा डुबाए झैं गरी रातभरि खोलाको छेउमा बसेछ । खुस्या चाहिँ लाटो थियो । उसले साँच्चै आपनो सकली चुच्चो नै पानीमा गाडेर रात बिताएछ । भोलिपल्ट विहान जाडोले पानीमा ठाँटो जमेछ । कागले हत्तपत्त आफ्नो चुच्चोको भाटो ठाँटोमा छोडेर साँच्चिकै पानीबाट चुच्चो झिके झैं गरेछ । जाडोले कठ्याङ्ग्रीएर खुस्याको भने चुच्चो र जिब्रो समेत चुँडिएछ । कागले हत्तपत्त 'काग' भनी कराइ हालेछ, खुस्याले भने कराउन नसकी 'खुस्खुस्' मात्र गरेछ, क्यां कूँ केही गर्न सकेनछ । कागले बाजी जितेछ, खुस्याले हारेछ ।

त्यस बेलादेखि कागले खुस्याको मासु खान थालेछ । खुख्याले मान्छेको मासु खान नपाउने भएछ । यस प्रकार मान्छेको निम्ति कागले असल काम गरेको हुँदा माघे सक्रान्ति, श्री पन्चमी र तिहारका दिन कागलाई भात दिने चलन चलेको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सियालचडी

कुनै मान्छेले धान काटेर दाईं गर्न लाग्दा खलाको मुनुमा एउटा सियाल चडी आएर बसेछ । त्यो मान्छेले जति धान धोक्रोमा हालेर घर लगेपनि खलामा धानको रास उत्तिका–उत्तिनै बाँकी रहँदो रहेछ । उसले आधारात सम्म खलावाट धान ओसारेर घरमा लगी सारा आफ्ना कोठी र भकारीहरू भरेछ तैपनि खलामा धानको रास जस्ताको तस्तैनै बाँकी भएछ । यसरी जति धान ओसारे पनि नसकिदा अन्त्यमा ऊ दिक्क भए छ र त्यो धानको रासमा आगो लाइदिएछ । बाँकी रहेको धान र बास बसेको सियालचडी डढेर खरानी भएछन् । उसलाई त्यो खलामा सियालचडी आएर बसेको पत्तै थिएन ।

केही दिन पछि त्यो मान्छेले आफूले खलाको धानमा आगो लगाएको कुरा सबै गाउँलेलाई सुनाएछ । गाउँलेहरूले उसलाई गाली गर्दै भनेछन्–किन यस्तो गरिस् ? हामीलाई भन्दोथिस्त हामी आएर तेरा काम गरिदिने थियौं, त्यो धानको रासमा त सियालचडी ब्याएको थियो बुझिस् ? गाउँलेहरूका कुरा सुनी उसले पछुतो गरेछ । गाउँलेहरूले उसलाई यो आहान सुनाएछन्:—

सिल्ली बाबु उल्लु छोरो, दुइटै फर्फराको[1]
अँले खोजी कहाँ पाइँदो, अघि हराएको ॥

[1] छँटाएको ।

[library stamp]

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

A851

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान